नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

बिहीबार, माघ २५, २०७४ | Thursday, February 8, 2018 | www.newsofnepal.com | नेसं ११३८ शिल्लागा ८ | वर्ष २४, अंक २९ | पृष्ठ १२ | मूल्य रू १०/–



AMBE STEELS
दीर्घायु भवः
अम्बे स्टील्स् जे बन्छ, दिगो बन्छ


# ३ र ६ मा शतप्रतिशत मतदान

सुनील महर्जन, काठमाडौं

राष्ट्रिय सभाको बुधबार भएको निर्वाचनमा दुई वटा प्रदेशमा शतप्रतिशत मतदान भएको छ। ६ वटा प्रदेशमा भएको निर्वाचनमध्ये प्रदेश नं ३ र ६ मा मात्र शतप्रतिशत मतदान भएको हो। प्रदेश नम्बर २ मा आठै जना सदस्य निर्विरोध निर्वाचित भएकाले त्यहाँ मतदान गर्नुपरेन।

प्रत्येक प्रदेशबाट तीन महिला, अन्य तीन, दलित एक, अपांगता वा अल्पसंख्यक एक-एक गरी आठ सदस्यका लागि निर्वाचन भएको थियो। हिजो भएको मतदानमा ३२ सदस्यका लागि ५२ जना उम्मेदवार निर्वाचनको प्रतिस्पर्धामा रहेका थिए। यसअघि २४ जना निर्विरोध निर्वाचित भएका थिए। कुल ५६ सदस्यका लागि सो मतदान भएको थियो।

प्रदेश नं १ को मोरङ, ३ को ललितपुर, ४ को कास्की पोखरा, ५ को दाङ, ६ को सुर्खेत र ७ को डोटीमा मतदान भएको थियो। १० बजेबाट शुरू भएको मतदान २ बजे नै सकिएको थियो।

सम्बन्धित प्रदेशका निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त पछिल्लो विवरणअनुसार करिब ९९ दशमलव ५२ प्रतिशत मतदान भएको प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले जानकारी गराउनुभयो। आयोगलेशुक्रबारसम्ममासबै प्रदेशको मतपरिणाम राष्ट्रपतिसमक्ष बुझाउने लक्ष्य राखेको पनि प्रमुख निर्वाचन आयुक्त डा. यादवले जानकारी गराउनुभयो।

प्रदेश नं १ मा स्थानीय तहका प्रमुख तेह्रथुमको लालीगुराँस नगरपालिकाका प्रमुख अर्जुन माबुहाङ र ताप्लेजुङ मिक्वाखोला गाउँपालिकाका उपप्रमुख रुद्रकुमारी साँवा मतदान प्रक्रियामा सहभागी हुनुभएन। त्यसै गरी संखुवासभा मकालु गाउँपालिकाका प्रमुख खड्ग कटुवालको सवारी दुर्घटनामा मृत्यु भएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

## सेनामा भर्ना प्रक्रिया

# ५ हजार परीक्षार्थी १८ मात्रै उत्तीर्ण

दीपक रिजाल, काठमाडौं

नेपाली सेनाले रिक्त रहेको अधिकृत क्याडेट भर्नाका लागि यस वर्ष दुईपटक भर्ना आह्वान गर्दा पनि माग गरेको संख्या पूर्ति गर्न सकेन। मुलुकभर शैक्षिक बेरोजगारको संख्या बढ्दै गएको भन्दै विभिन्न क्षेत्रबाट राज्य सञ्चालकमाथि प्रश्नचिह्न खडा गर्ने गरिएको छ। नेपाली सेनाले यस वर्ष भदौ २७ र पुस ९ गते १ सय ५० जना अधिकृत क्याडेटका लागि भर्ना आह्वान गरे पनि जम्मा ९ जना मात्रै सहायक सेनानीमा छानिएका छन्।

नेपाली सेनाको कार्यरथी विभागको भर्ना छनोट निर्देशनालयले दुईपटक रिक्त दरबन्दी पूर्तिका लागि भर्ना आह्वान गरेको थियो। दुवैपटक भर्नाका लागि ५ हजारभन्दा बढी परीक्षार्थी परीक्षामा सामेल भए पनि लिखित परीक्षामा जम्मा १८ जनाले मात्रै उत्तीर्ण गरेको सेनाको रेकर्डमा देखिन्छ। अन्य सुरक्षा निकायमा बेला-बेलामा हुने भर्ना छनोट आह्वान गर्दा सेनामा भन्दा कम सहभागीले दर्खास्त दिने गरेको पाइन्छ। अन्य सुरक्षा निकायले आवश्यक संख्या परीक्षामा सहभागीबाटै लिने गरेको पाइन्छ तर सेनामा भने मागेको संख्याको एक चौथाइ पनि उत्तीर्ण नभएपछि नेपाली सेनाले चिन्ता व्यक्त गर्न थालेको छ।

> माग संख्याको एक चौथाइ पनि उत्तीर्ण नभएपछि नेपाली सेनाले चिन्ता व्यक्त गर्न थालेको छ।

समावेशी सिद्धान्तलाई अंगीकार गरेको सेनाले यसपटक महिला १३, आदिवासी जनजाति २२, मधेसी १९, दलित १०, पीछडिएको क्षेत्र ३ र खुला ८३ का लागि भर्ना आह्वान गरेको थियो। सेनाले यसपटक एक जना महिलालाई पनि अधिकृत क्याडेट बनाउन सकेन भने आदिवासी जनजाति १ र मधेसी १ जनालाई मात्रै अधिकृत क्याडेट बनाउन सफल भएको छ। पटक-पटक भर्ना आह्वान गर्दा पनि चाहेको संख्यामा अधिकृत क्याडेट ल्याउन नसकेपछि सेनाले यसको कारण खोज्न शुरू गरेको छ।

(क्रमशः पृष्ठ ९ मा)

# संघमा १५ वटा मन्त्रालय

गंगा बराल, काठमाडौं

सरकारले संघमा रहने १५ वटा मन्त्रालयको खाका तयार पारेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव तथा प्रवक्ता डिल्लीराम शर्माले मन्त्रिपरिषद्को बैठकले उपप्रधानमन्त्री तथा स्थानीय विकासमन्त्री कमल थापा संयोजक रहेको प्रशासनिक समितिले १५ वटा मन्त्रालय रहेको प्रतिवेदन पास गरेको बताउनुभयो।

समितिले पास गरेपछि क्याबिनेटमा जाने व्यवस्था छ। मन्त्रिपरिषद्मा ४ वटा विषयगत समिति रहेका छन्। शर्माले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित, गृह, अर्थ, रक्षा, परराष्ट्रलगायतका मन्त्रालय यथावत् रहेका छन् भने अन्य मन्त्रालयलाई कार्य विभाजन मिल्ने गरी समायोजन गरिएको जानकारी दिनुभयो। सामान्य प्रशासनमन्त्रीको अध्यक्षतामा रहेको अधिकार सम्पन्न प्रशासनिक पुनर्संरचना समितिअन्तर्गत बनेको उच्चस्तरीय प्रशासनिक पुनर्संरचना समितिले सरोकारवालासँग छलफल गरेर मन्त्रालयको संख्या र कार्यक्षेत्र टुंग्याएको पुनर्संरचना समिति सदस्य माधवप्रसाद रेग्मीले बताउनुभयो।

उच्चस्तरीय प्रशासनिक पुनर्संरचना समितिमा रेग्मीसहित काशीराज दाहाल, मधुरमण आचार्य, कुमारयोञ्जन तामाङ र विजयकुमार मल्लिक सदस्य रहेका थिए। समितिमा अध्यक्ष रहेका दाहाल उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिका पनि अध्यक्ष हुन्। दाहालको समितिले २०७० सालमा नै संघमा १२ मन्त्रालय मात्र रहने खाका तयार गरेको थियो।

(क्रमशः पृष्ठ ९ मा)


GOENKA GOLD Fe 500 TMT BAR

अधिकतम कारखाना द्वार-मूल्य
Max. Ex-factory rates
(लागु मितिः २०७४ माघ २५/Feb 8, 2018 देखि)

| साईज (Dmm) | कारखाना द्वार मूल्य रू./कि.ग्रा* |
|---|---|
| १०/१२/१६/२० | ७४.00 |
| ८/२५/२८/३२ | ७७.00 |
| कारी ४.७५/७ | ७५.00 |

*अर्डर परिमाण र भुक्तानी अवस्था हेरी उपरोक्त मूल्यमा छुट गर्न सकिनेछ।
उपरोक्त मूल्यमा रु १/- प्रति के.जी. अन्तःशुल्क र १३% मू.अ.कर लाग्नेछ।
AN ISO 9001:2015 Certified Company
"तीन दशक अधिकको अनुभव, निर्माण क्षेत्रको गौरव"
गोयनका स्टील्स् प्रा. लि.
काठमाडौं: ०१-४४१४८१२, भैरहवा: ०७१-५२०३६१

सिद्धार्थ सिमेन्ट
जोड्दै छ सारा नेपालीलाई


सदा सुरक्षित
आफ्नै क्लिङ्करद्वारा उत्पादित
एडभान्स सिमेन्ट



ADVANCE GROUP
अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

Marvel®
FlowGuard™ Plus CPVC and Lead Free PVC Piping Systems
साथ जीवनभरको...


Marvel® FLOWGUARD PLUS PIPE & FITTINGS™
FLOW HOT, FLOW COLD CONFIDENTLY !!
- The Lubrizol Corporation, USA को लाइसेन्स अन्तर्गत उत्पादित नेपालको एकमात्र CPVC पाइपिङ्ग सिष्टम
- लाइसेन्स प्रणाली अन्तर्गत भएकोले उत्कृष्ट, भरपर्दो र विश्वासिलो
- NSF, USA द्वारा शुद्धता र गुणस्तरको लागि प्रमाणित नेपालको एक मात्र CPVC पाइप



50 Years TROUBLE FREE PERFORMANCE | AMERICAN LICENSE | LEAK PROOF | BACTERIA RESISTANT | NSF pw | UKAS MANAGEMENT SYSTEMS ISO 9001: 2008 | Lead-free
*Only those products marked NSF are certified.
Marvel Technoplast Pvt. Ltd.
Corporate Office: Heritage Plaza-II, 2nd Floor, Kamaladi, Kathmandu, Nepal
Tel: +977-1-4169122/123, E-mail: info@marvel.com.np, Web: www.marvel.com.np

नेपाल समाचारपत्र
www.newsofnepal.com
2018, FEB
Thursday
8

# महानगर

भारदेउको भालुखोलादेखि फूलचोकी र फूलचोकीदेखि फर्केर गुप्तेश्वर हुँदै दलचौकीसम्मको हाइकिङ गर्न सकिन्छ। यो लामो हाइकिङको रूपमा लिइएको छ। यो झण्डै ५ घण्टाको हाइकिङ हो।



# पर्यटकको आकर्षक गन्तव्य भारदेउ



सुरेश तामाङ

काठमाडौंको धूलो-धूँवा, कोलाहलबाट दिक्क हुनुभएको तपाईं कुनै शान्त, स्वच्छ, रमणीय र सुन्दर वातावरणको खोजीमा हुनुहुन्छ भने ललितपुरको भारदेउ उपयुक्त हुनसक्छ।

किनकि, यस ठाउँमा तपाईं एकपटक पुग्नुभयो भने प्रकृतिको अनुपम अनुभव त लिनुहुन्छ नै। साथमा तपाईंले भारदेउको भ्रमणबाट जीवनमा यात्राको एक अविस्मरणीय क्षण बनाउन सक्नुहुन्छ।

तपाईंले त्यहाँ उकालो-ओरालो हाइकिङ गर्न सक्नुहुन्छ। हाइकिङ गर्दै धार्मिकस्थलसम्म पुग्न सक्नुहुन्छ। हाइकिङ गरेर वरपरका मनोरम दृश्यको अवलोकन गर्न सक्नुहुन्छ।

भारदेउको भालुखोलादेखि फूलचोकी र फूलचोकीदेखि फर्केर गुप्तेश्वर हुँदै दलचौकीसम्मको हाइकिङ गर्न सकिन्छ। यो लामो हाइकिङको रूपमा लिइएको छ। यो झण्डै ५ घण्टाको हाइकिङ हो।

हाइकिङ भारदेउको भालुखोलादेखि शुरु गरेर थली-देउराली-बुलकी-सेतो ककरा हुँदै फूलचौकी पुग्ने र त्यहाँबाट गुप्तेश्वर महादेव र गुफाको अवलोकन गरेपछि त्यहाँबाट दलचोकीसम्म तपाईंले हाइकिङको मज्जा लिन सक्नुहुन्छ।

त्यस्तै भारदेउमा छोटो हाइकिङ पनि तपाईंले गर्न सक्नुहुन्छ। पौवाचौरदेखि गुप्तेश्वर मन्दिरसम्म पुगेर त्यहाँ रहेको गुफामा पुग्न सकिन्छ। पौवाचौरबाट मन्दिर पुग्न २ घण्टा समय लाग्छ।

प्राङ्गारिक तरकारी प्रशस्तै उब्जाउ हुने यस भेगमा उत्पादित तरकारीको त्यहाँ खुलेका होमस्टेमा बसेर तपाईं स्वाद लिन सक्नुहुन्छ। स्वाद लिने क्रममा तपाईंले लोकल गुन्द्रुक, लोकल भाले, लोकल सुकुटी, ट्राउट माछा, ढिडोको समेत स्वाद लिन सक्नुहुन्छ।

सुइरेमा रहेको यलो हाउस, भालुखोलामा रहेको १७ झ्याल होमस्टे र भारदेउ भ्यु मिनी रिसोर्टमा तपाईंले होमस्टेको सुविधाका साथै स्थानीय विभिन्न परिकारको स्वाद चाख्न पाउनुहुन्छ।

यी होमस्टे लोकल भाले, ढिँडो, ट्राउटलगायत स्थानीय परिकारका पारखीमैत्री हुन सक्छ। भारदेउ पुग्ने बित्तिकै सुइरेको सडकछेउमै रहेको यलो हाउसमा २ सय ५० रुपियाँमा कुखराको मासुसहित ढिडो खान पाउनुहुन्छ। हाउस सञ्चालिका निशा तामाङका अनुसार यहाँ धेरैजसो काठमाडौंबाट भाले र ढिडो खान आउँछन्।

'यहाँ आउने प्राय:को रोजाइ लोकल भाले र ढिडो नै हो।' -हाउसका सञ्चालिका तामाङले भनिन्। त्यहाँ जाने प्राय:ले लोकल भाले, ढिडोसँगै ट्राउट माछा पनि खान जाने गरेको उनले बताइन्। ट्राउटको भने परिकार बनाएर १ केजीको १७ सय लिन्छिन्।

उनको २५ जनासम्मको क्षमता रहेको होमस्टेमा चार कोठा रहेको छ भने एक रातको ५ सयदेखि ८ सयसम्म रुमचार्ज तोकिएको छ। शुक्रबार, शनिबार र सार्वजनिक बिदाका दिन प्राय: प्याक नै हुने गरेको उनले बताइन्।

भालुखोला पुगेर ५ मिनेट उत्तरतिर उकालो लागेपछि १७ झ्याल होमस्टे पुग्न सकिन्छ। सुवास मोक्तानसहितको समूहको लगानीमा सञ्चालन गरेको होमस्टेमा भने यलो हाउसको भन्दा केही फरक सुविधा छ।

भारदेउको १७ झ्याले भनेपछि सबैको मुखमा झुण्डिने नाम पनि हो। भारदेउ, प्राय:जसो मानिस १७ झ्याले घर हेर्न नै भनेर आउँछन्। विसं १९९० सालको भूकम्पले समेत केही नभएको यो घरलाई २०७२ सालको विनाशकारी भूकम्पले भने केही चिरा पारेको छ।

चिरा परे पनि लडिहाल्ने जोखिममा नरहेको यो घरलाई भूकम्पपछि पनि सुवासको समूहले होमस्टेको रूपमा विस्तार गर्दै लगेका छन्। सुवासका अनुसार यो घरले १ सय ५० वर्ष पार गरेको छ।

उनका हजुरबुबा हरिबहादुर मोक्तानले २०५१ सालमा एकान्तकुनामा रहेको बगेना बाटिका रेस्ट्रो (हाल बन्द) का सञ्चालकसँग मिलेर बगेनामा आएका आगान्तुकलाई गाउँ घुमाउन भन्दै १७ झ्यालमा राखिन्थ्यो। त्यस पछि नै त्यो घर होमस्टेको रूपमा विस्तार भएको थियो।

'२०५७ सम्म चल्यो। त्यो बेला देशमा माओवादी र राज्य पक्षको युद्ध चलेकाले देशमा पर्यटक आउन कम भयो। त्यसपछि बगेना बाटिका रेस्ट्रो बन्द भएको हो।' -सञ्चालक सुवासले भने।

पछि २०६४ तिर गाउँमा ट्राउट माछा पालन भइसकेपछि फेरि होमस्टेको शुरु गर्नुपर्‍यो भनेर व्यावसायिकरूपमा शुरु गरेको सञ्चालक सुवासले बताए। १७ झ्याल होमस्टेमा ३ वटा कोठा छन्। भने १२ जना अट्ने क्षमताको हलको समेत सुविधा रहेको छ। सञ्चालक सुवासले बेडचार्ज ७ सय लिने गरेको सुनाए।

लोकल भाले, ढिडो, ट्राउट, साग, सिस्नुलगायतका लोकल परिकार उनको होमस्टेको आकर्षक परिकारहरू हुन्।

सुवासको होमस्टेमा १५ जनाको दुई समूह र २५ जनाको एक समूहलाई सुताउने-खुवाउने क्षमता रहेको छ। आवश्यकता परेमा उनी आफैंले भारदेउको रमणीय ठाउँहरूको गाइड गर्छन्।

त्यस्तै भारदेउको लोसेपाखामा रहेको भारदेउ भ्यु मिनी रिसोर्टले पनि भारदेउ घुम्ने आगन्तुकलाई होमस्टे सेवा दिइरहेको छ। सडकछेउमै रहेको यो होमस्टेमा अरु होमस्टेको जस्तै परिकार पाइन्छ।

दाल, भातमा स्थानीय अर्गानिक तरकारीको स्वाद चाख्न पाइन्छ। स्थानीय शम्भु मोक्तानसहितको समूहले २०७२ चैतदेखि यो होमस्टे सञ्चालनमा ल्याएका हुन्। यस होमस्टेबाट भारदेउको पूरै दृश्य अवलोकन गर्न सकिन्छ। २५ जनाको क्षमताको यस होमस्टेको रुमचार्ज ५ सय रहेको सञ्चालक मोक्तानले बताए।

## कसरी पुग्ने भारदेउ

लगनखेलदेखि चापागाउँ दोबाटो-सुनाकोठी-ठेचो-चापागाउँ-टीकाभैरव-लेले-नल्लु भएर २४ किलोमिटरको दूरी पार गर्दै भारदेउ पुग्न सकिन्छ। भारदेउसम्म कालोपत्रे सडकको सुविधा छ। लगनखेलबाट करिब डेढ घण्टाको सवारी यात्रापछि भारदेउ पुग्न सकिन्छ।

चारैतिर डाँडा बीचमा कतै बाक्लो त कतै छरिएको बस्ती, अधिकांश तामाङसँगै भारदेउ पुग्दा तपाईंले नेवार बस्ती देख्न सक्नुहुन्छ। प्लस टुसम्मको विद्यालय र स्वास्थ्य चौकी, बिजुली, सञ्चार सेवाको सुविधा भारदेउमा पुगेको छ।

जिल्लाको कोञ्ज्योसोम गाउँपालिकाको वडा नम्बर ५ मा भारदेउ पर्दछ। जहाँ सुइरे, भालुखोला, देलडाँडा, पौवाचौर, लोसेपाखा नामका बस्ती छन्।

## भारदेउको विशेषता के छ

सुन्दर रमणीय ठाउँ भारदेउ पर्यटकको आकर्षक गन्तव्य हो। अर्गानिक तरकारी, धार्मिक पौराणिक मन्दिर, पौवा, गुम्बा, पुरातात्त्विक वस्तु, हाइकिङ गर्ने स्थल र गुफासमेत यहाँ रहेको छ।

सबैको मुखैमा झुण्डिने गुफा, गुप्तेश्वर गुफा भारदेउमै रहेको छ। गुफाको अवलोकन गर्दै शिवको दर्शन गर्न धार्मिक आस्था लिएर यहाँ पर्यटक आउने गरेको स्थानीय सुन्दर घिसिङले बताए।

विशेष गरी यहाँ वैशाख पूर्णिमा र माघेसंक्रान्तिका दिन विशेष मेला लाग्ने भएर दर्शन गर्नेको भीड लाग्ने गरेको उनको भनाइ छ।

परापूर्वकालमा भष्मेश्वर राक्षसले महादेवलाई भष्म पार्न भनेर लखेट्ने क्रममा महादेव भारदेउको जंगलमा रहेको यो गुफामा आई गुप्तबास बसेको किंवदन्ती छ। गुप्तेश्वर गुफाभित्र रहेको मन्दिरमा दूध चढाए जस्तोसुकै संकटसामु पनि जोगिन सकिन्छ भन्ने विश्वास रहेको छ।

त्यस्तै भागेश्वरी मन्दिरमा पनि माघेसंकान्तिका दिन विशेष मेला लाग्ने गर्दछ। महादेव भाग्दै गुप्तेश्वर पुग्नुअघि भालुखोलाको मुहाननजिकै बास बसेका भएर यहाँ सबैले पुज्ने गरेको स्थानीय सुन्दर मोक्तानले सुनाए।

भागेश्वरी मन्दिरमा पूजा-अर्चना गरेमा चिताएको कामना पूरा हुने, पानीको मुहान नसुक्ने जनविश्वास छ।

## ट्राउट माछा

भालुखोलाको मुहानको पानीले रमेश श्रेष्ठले ९ वर्षदेखि ट्राउट माछा पालन गर्दै आएका छन्। माछाको प्राय: बजार गाउँमै खोलिएका अधिकांश होमस्टे नै भएको उनले बताए। प्राय:जसो उनको फर्ममा नै आएर माछा किन्छन्। उनले बजारसम्म लाने भनेको काठमाडौंसम्म हो।

काठमाडौंका रेस्टुरेन्टमा अर्डरअनुसार यहाँको माछा पुग्ने गरेको फर्म सञ्चालक श्रेष्ठले बताए।

ट्राउट माछा स्वस्थकर मात्रै होइन, संसारभरि सबैभन्दा धेरैले रुचाइएको माछासमेत हो। ट्राउट माछाले पोखरीमा भुरा छाडिएको दिनदेखि कम्तीमा ५ महिनापछि मात्रै उत्पादन दिने गर्छ।

दाना खुवाएर पाल्नुपर्ने भएकाले लागत धेरै लागे पनि बजार भने असीमित छ। ट्राउट माछालाई सलादस्वरूप काँचै पनि खान सकिन्छ। स्वादिलो र पोषिलो हुनाले यो माछा पारखीमा बढी लोकप्रिय छ।

पर्यटन प्रवर्द्धनमा प्राथमिकताका साथ लागि परेका छौं।

धार्मिक र शान्त प्रकृतिप्रेमी पर्यटकको आकर्षक गन्तव्य बन्दै गरेको भारदेउको पर्यटन प्रवर्द्धनमा आफ्नो बलबुताले भ्याएसम्म लागिरहेको गुप्तेश्वर युवा क्लबका अध्यक्ष विजय स्याङ्तानले बताए।

'हामी आफ्नै स्रोत साधन र बलबुताले भ्याएसम्म लागिरहेका छौं', उनले भने- 'अहिले योजना बनाउने, पर्यटन प्रवर्द्धनका लागि विभिन्न निकायसम्म पहल गर्ने काम भइरहेको छ।'

त्यस्तै वडा अध्यक्ष सुविन्द्र बलले भारदेउमा पर्यटन प्रवर्द्धनका लागि वडाले उच्च प्राथमिकतामा राखेको बताए। उनले भने- 'हामीले यस क्षेत्रलाई पर्यटन प्रवर्द्धनका लागि उच्च प्राथमिकतामा राखेका छौं र त्यहीअनुसार अगाडि बढिरहेका छौं।'

भारदेउ पर्यटकको आकर्षक गन्तव्य भइरहेको अवस्थामा वडाले राष्ट्रियस्तरको बजेट पारेर यस क्षेत्रलाई अगाडि बढाउन प्रयास गरिरहेको उनले सुनाए।







# कान्छीको प्रवर्द्धनसँगै सम्मान

## माझी बस्ती पूरा गर्न म्युजिकल नाइट



विदुर गिरी

रिलिजको संघारमा रहेको फिल्म *कान्छी*को निर्माण संस्था तथा नायिका एवं निर्मात्री श्वेता खड्का र उनका नायक तथा निर्माता पति स्व. श्रीकृष्ण श्रेष्ठको नाममा स्थापित श्वेता-श्री फाउन्डेसनले *कान्छी*को प्रवर्द्धन र फाउन्डेसनको सक्रियतामा निर्माणाधीन सिन्धुलाल्चोकको माझी बस्तीको सहयोगार्थ राजधानीमा मंगलबार राति भव्य कार्यक्रम आयोजना गर्‍यो।

दरबारमार्गस्थित होटल अन्नपूर्णको पुल साइटमा सम्पन्न *कान्छी म्युजिकल नाइट २०१८* नाम दिइएको कार्यक्रममा कलाकर्मीलाई सम्मान गर्दै विभिन्न सांगीतिक तथा नृत्य प्रस्तुति प्रस्तुत गरिएको थियो। ढिलो गरी आरम्भ भएको कार्यक्रममा *कान्छी*का गीत भिडियोको कोरियोग्राफीसमेत गरेका नृत्य निर्देशक वसन्त श्रेष्ठलाई ५१ हजार रुपियाँसहित *लाइफ टाइम अचिभमेन्ट अवार्ड*बाट सम्मान गरियो। उनलाई ५ दशकदेखि रंगमञ्च तथा फिल्मको नृत्य विधामार्फत यस क्षेत्रको उन्नयनमा योगदान पुर्‍याबापत सम्मान गरिएको हो।

फाउन्डेसनकी अध्यक्ष श्वेता खड्काले आगामी हरेक वर्ष एक फिल्मकर्मीलाई *लाइफटाइम अचिभमेन्ट अवार्ड*बाट सम्मान गरिने बताइन्।

सञ्चारकर्मी नरेश भट्टराई र *मिस नेपाल २००५* सुगरिका केसीद्वारा सञ्चालित कार्यक्रममा हास्य अभिनेतृ वसुन्धरा भुसाल र रक्षा नेपालकी प्रमुख सामाजिक अभियान्ता मेनुका थापालाई पनि विशेष सम्मान गरियो। अभिनेतृ भुसाल सम्मान ग्रहण गर्दा भावुक हुँदै मञ्चमै रोइन्। सोही अवसरमा फिल्म सम्पादक भूपेन्द्र अधिकारी र माझी बस्ती निर्माणमा सक्रियरूपमा लागि परेका यज्ञराज कार्कीलाई प्रोत्साहन पुरस्कार दिइयो भने संगीतकार राजनराज शिवाकोटीलाई मोटरसाइकल प्रदान गरियो। संगीतकार शिवाकोटीले संगीत दिएको *कान्छी*को *चरी चट्ट* बोलको गीतले एक करोडभन्दा बढी भ्युज पाएकाले उनलाई उपहारस्वरूप मोटरसाइकल प्रदान गरिएको श्वेताले जानकारी दिइन्।



फिल्मका निर्देशक आकाश अधिकारीले स्वागत मन्तव्य व्यक्त गरिएको कार्यक्रममा नायक तथा निर्माता श्रीकृष्ण श्रेष्ठको सम्झनामा नायिका अशिष्मा नकर्मी, जेविका कार्की, नायक विनोद न्यौपाने र कोरियोग्राफर दीपेन्द्र तिमल्सिनाले श्रीकृष्णकै फिल्मका विभिन्न हिट गीतमा आफ्नो नृत्य प्रस्तुत गरेर मनोरञ्जन दिलाए। अभिनेता तथा निर्देशक आकाश अधिकारी र नायिका मरिष्का पोखरेलले समेत नृत्य प्रस्तुत गरेर वाहवाही बटुले। श्वेताको नृत्य प्रस्तुति उस्तै आकर्षक रह्यो। हास्य व्यंग्य कलाकार जितु नेपाल र सन्दीप क्षत्रीले विभिन्न समसामयिक विषयमा व्यंग्य प्रहार गर्दै मनोरञ्जन दिलाए। जितुले भ्युवर्स बढाउने लोभमा युट्युब च्यानलले हुँदै नभएको विषयलाई लिएर शीर्षक बनाई अनाधिकृतरूपमा भिडियो सामग्री अपलोड गर्ने कार्यप्रति तीखो व्यंग्य गरेर सबैको ताली पाए। उनले सानोतिनो भूमिकाका लागि सुटिङस्पटमै गएर कलाकार खोज्ने र फिल्ममा अस्वाभाविक देखिने पक्षप्रति पनि कटाक्ष गरे। उता सन्दीपले समीक्षाको नाममा नेपाली फिल्मका सानो कुरामा पनि कारण खोज्ने समीक्षकहरुले हिन्दी फिल्मका ठूलठूला कमजोरीप्रति पनि आँखा चिम्लने प्रवृत्तिप्रति कडा व्यंग्य गरे। स्टान्डअप कमेडीका लागि माहिर सन्दीपले विभिन्न कलाकारको क्यारिकेचरसमेत गरेर दर्शक हसाए। हास्य व्यंग्य कवि शैलेन्द्र सिम्खडाले पनि विभिन्न विषयमा व्यंग्य गर्दै कविता वाचन गरेर माहोल तताए।

उता चिसो मौसमलाई तताउँदै धर्मेन्द्र सेवन, युवराज चौलागाईं र माण्डवी त्रिपाठीले *कान्छी*को गीत गाए। कार्यक्रममा श्वेताले सहभागी सबैलाई धन्यवाद दिँदै माझी बस्ती निर्माणमा सहयोग गर्ने सम्पूर्ण सहयोगी मनप्रति कृतज्ञता प्रकट गरिन्। सो अवसरमा सिन्धुपालचोकमा निर्माणाधीन माझी बस्तीका बारे तयार पारिएको भिडियोसमेत सार्वजनिक गरिएको थियो भने *कान्छी*को नयाँ गीतको प्रिमियरसमेत गरिएको थियो। फिल्म *कान्छी* आगामी फागुन ४ गतेदेखि अल नेपाल रिलिज हुँदै छ। फिल्ममा श्वेता खड्का, दयाहाङ राई, आशान्त शर्मा, अनु शाह, कामेश्वर चौरासिया, प्रज्वल सुजल गिरी, विनोद न्यौपाने, भूमिका श्रेष्ठ, रमेश अधिकारी, जयनन्द लामा, नीर शाहलगायतले अभिनय गरेका छन् भने लेखन यम थापा, संगीत अर्जुन पोखरेल र राजनराज शिवाकोटी, नृत्य वसन्त श्रेष्ठ, द्वन्द्व हिमाल केसी, छायांकन पुरुषोत्तम प्रधान, सम्पादन बनिष शाह र भूपेन्द्र अधिकारीको रहेको छ।






तस्वीरहरू : रंगराज आचार्य

# भ्यालेन्टाइन डेलाई शिल्पीमा रोज



भ्यालेन्टाइन डेको अवसर पारेर यसको पूर्वसन्ध्यामा आज बिहीबारदेखि राजधानीमा प्रेमकथाले भरिपूर्ण नाटक मञ्चन हुने भएको छ।

*म रोज* शीर्षकको उक्त नाटक बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा मञ्चन हुन लागेको हो। नाटक अमेजन इन्टरटेन्मेन्टले प्रस्तुत गर्न लागेको हो।

कमल खतिवडाको लेखन तथा निर्देशनको नाटकमा मोडल तथा अभिनेता दिक्पाल कार्की, मोडल तथा कोरियोग्राफर हिमानी सुब्बा, मन्जु श्रेष्ठ, केशव सापकोटा, गौरा राई, पवित्रा खड्का, खेमानन्द जैसी, ज्ञानिता नेम्वाङ, अभिषेक बोहोरा, करुणा श्रेष्ठ, विष्णु खड्कालगायतका कलाकारले अभिनय गर्नेछन्। नाटकमा अभिनय गर्नका लागि यी कलाकार पछिल्लो दुई साताभन्दा लामो समयदेखि कार्यशालामा व्यस्त भएका थिए। वियोगन्त प्रेमकथामा आधारित नाटक भोलि शनिबारसम्म मञ्चन हुने निर्देशक कमल खतिवडाले जानकारी गराए।



# लेडी गागालाई फाइब्रोमायेल्जिया

चर्चित अमेरिकी गायिका लेडी गागाको फ्यनका लागि दु:खद खबर आएको छ। जसको जानकारी गागा आफैंले आफ्नो सामाजिक सञ्जालमार्फत दिएकी हुन्।

एजेन्सीका अनुसार फाइब्रोमायेल्जिया नामक रोगका कारण उनले आफ्नो वर्ल्ड टुरअन्तर्गतका १० स्थानका शोहरु रद्ध गर्नुपरेको छ। फेसबुक अकाउन्टमा आफ्नो प्रशंसकसँग माफी माग्दै उनले लेखेकी छिन्- 'यसो गरिरहँदा मलाई राम्रो लागिरहेको छैन। तर, मैले यो अवस्थामा आफ्नो पनि ख्याल गर्नुपर्ने भएकाले मैले आफ्नो *वर्ल्ड टुर*का बाँकी स्थानमा शो रद्ध गर्नुपरेको छ।' उनले आफू फाइब्रोमायेल्जिया नामक रोगबाट पीडित भएको र यसले शरीरमा भयानक पीडा हुनुका साथै यो लामो समयसम्म रहने प्रस्ट पारेकी छिन्।





सर्वत्र बजारमा उपलब्ध छ।

# विचार

{ नयाँ संकटपछि मात्र नयाँ प्राप्तिको प्रादुर्भाव हुनसक्छ।
- फ्रेडरिक एङ्गेल्स

{ सोच, आजको दिन फेरि कहिल्यै आउँदैन।
- दाँते अलिघारे

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

## सुरक्षाप्रतिको संवेदनशीलता

नेपालको आन्तरिक सुरक्षा प्रणालीमा सुधार आउन नसक्दा अन्तर्राष्ट्रिय माफियाहरूले नेपाललाई ट्रान्जिट प्वाइन्टको रूपमा प्रयोग गर्ने गरेका छन्। लामो समयदेखि लागूऔषधका माफियाहरूले नेपाललाई ट्रान्जिटका रूपमा प्रयोग गर्ने गरेका हुन्। नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल भित्रुवन विमानस्थललाई ट्रान्जिट प्वाइन्टका रूपमा प्रयोग हुनुले विश्वमा नै नेपालको सुरक्षा अवस्था कस्तो छ भन्ने छर्लङ्ग पारेको छ। अपराधमा संलग्न अपराधीहरूले विश्वमा विकसित हुँदै गएको प्रविधिको प्रयोग गरेर आफ्नो धन्दालाई तीव्रता दिएका छन्, यता नेपालको सुरक्षा निकाय भने पुरानो प्रविधि र परम्परागतरूपमा प्रयोग गर्दै आएको सुरक्षा प्रणालीलाई प्रयोगमा ल्याइरहेको छ।

यसको फाइदा उठाई माफियाहरूले विभिन्न किसिमका लागूऔषध नेपाल ल्याउने र यहाँबाट युरोप, अमेरिका तथा अन्य सम्पन्न मुलुकहरूमा निर्यात गर्ने गरेको पाइन्छ। बितेको ७ वर्षमा नेपालबाट तेस्रो मुलुक पठाउने तयारीमा रहेको अवस्थामा नेपाल प्रहरीले ३३ केजी अफिम, ३ किलो हेरोइन, सयौं केजी चरेस, गाँजालगायतका लागूऔषध बरामद गरेको समाचार सार्वजनिक भएको छ।

नेपालका सरकारी अधिकारी तथा सुरक्षा निकाय पैसामा बिक्ने गरेको कारण पनि माफियाहरूले आफ्नो धन्दा चलाउन यहाँको विमानस्थल प्रयोग गर्ने गरेको बताइन्छ। भ्रष्टको सूचीमा अग्रस्थानमा रहेका नेपालका अधिकारीहरूलाई सेटिङ मिलाउन माफियाहरूले लाखौं डलर खर्च गर्ने गरेको र सेटिङ नमिले मात्रै त्यस्ता सामान पक्राउ हुने गरेको आरोप लाग्ने गरेको छ। जसले जे-जस्तो आरोप लगाए पनि विषेश गरी नेपाल प्रहरीका केही अधिकृत भने त्यस्ता भ्रम चिर्न तल्लीन भएकै बेला यस्ता अवैध सामानहरू समातिने गरेका छन्।

मुलुकको इज्जत र प्रतिष्ठासँग गाँसिएको नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थललाई अब आधुनिक प्रविधि मैत्री बनाउनुको विकल्प छैन। विश्वमा गरिब राष्ट्रको उपमा पाएको नेपालले सुरक्षामा पनि कमजोर भएको उपमा पाइराख्नु पक्कै राम्रो पक्ष होइन। यसतर्फ सबैको ध्यान जान जरुरी छ। सुरक्षा निकायमाथि पटक-पटक लाग्ने यस्ता खाले आरोपले नेपाली सुरक्षाकर्मीको विदेशमा रहेको वाहवाहीलाई असर पार्न सक्छ। त्यसैले पनि सुरक्षा निकायका उच्च अधिकारीको ध्यान यसतर्फ जान जरुरी छ। यस्तो संवेदनशील क्षेत्रमा हाम्रा भन्दा पनि राम्रा र इमानदार मान्छेलाई खटाउन सके पक्कै पनि नेपालको इज्जत माथि पुग्ने थियो। यसतर्फ सरोकारवाला निकायहरूको ध्यान आकृष्ट होस्।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# राज्यको अनुभूति भएन



डा. ज्ञान बस्नेत

> अब सरकार, राज्य र नेतृत्वले नयाँ सोचसहित अघि नबढेमा, विकासका नयाँ आयाम नथपिएमा अनि अलिकति राज्यले राज्य हुनुको दायित्व नलिएमा आर्थिकरूपमा राष्ट्र असफल हुनेछ। केन्द्रदेखि तलसम्मका कर्मचारीहरू र स्थानीय अधिकारीहरूलाई तलब-भत्ता खुवाउन नै सकस हुनेछ भने संघीयता खारेजीमा पर्नेछ। गम्भीर भएर सोच्ने समय हो यो।

अनेक अन्योल, अस्थिरता र राजनीतिक विवादबाट गुज्रँदै भए पनि अन्ततः सातवटै प्रदेशसभामा निर्वाचित सदस्यले पद तथा गोपनीयताका शपथ लिएका छन्। अब संघीय संविधानको कार्यान्वयन एक पाइला अघि बढेको छ भन्नुपर्ने हुन्छ। तर विडम्बना कहाँ देखियो भने, यदि देशको राजनीति निष्ठा र संस्कारमा, संविधानसम्मत अनि जनादेशअनुसार चलेको भए अहिले देशले निकै अघि नै नयाँ सरकार पाइसक्नुपर्ने थियो र जनताले संघीयताको अनुभूति। तर दुर्भाग्य के देखियो भने, कामचलाउ सरकार सत्ता लम्ब्याउने खेलमा रमाएको देखियो भने अरू कथित ठूला पार्टीहरू पार्टी एकीकरण र सत्ता साझेदारीको मुद्दामा अल्झिएको पाइयो। जनादेश, जनआकांक्षा र जनसरोकारका मुद्दाहरू ओझेलमा परेको देखियो। यही हो त नयाँ नेपाल ? यस्तो चालले कसरी स्थापना हुन्छ समृद्धि, समानता र न्याय ?

राज्य, सरकार र राजनीतिक दल र यिनको नेतृत्व आफ्नै राजनीतिक स्वार्थ, सत्तालिप्सा, भागवण्डा र सत्ता साझेदारीका विषयमा अल्मलिरहँदा व्यक्ति तथा जनताले जिउनका लागि अति आवश्यकीय कुराहरू गाँस, बास र कपास, स्वास्थ्य र शिक्षामा कसैको ध्यान गएको देखिएन। राज्यको चरम हेलचक्र्याइँ देखियो। नेता, नेतृत्व र राज्यले जे गरे पनि हुन्छ भन्ने अहंकार देखियो। राज्य, नेता, नेतृत्व र जनप्रतिनिधिहरू सेवक हन्, मालिक हैनन् भन्ने कुरा यिनले कहिले बुझ्ने ? राज्य र नेतृत्वमा विचारको अनुशासन खोई ? संविधानवादको सिद्धान्त, संवैधानिक सर्वोच्चता, कानुनी शासनको अर्थ के हो ? अझ प्रजातन्त्रको अर्थ के हो ? यो लेखमा राज्य र नेतृत्वलाई केही सार्वजनिक विषयका सवालहरू तेर्स्याउन चाहन्छु।

१. कामचलाउ सरकारले राज्यकोषको दुरूपयोग गरिरहँदा, कार्यकर्ता र आसेपासेलाई करोडौं बाँडिरहँदा देशको विभिन्न जिल्लामा, मुख्यतया पश्चिमी भेगमा, महामारी, झाडापखाला र हैजाजस्ता रोगले दर्जनौं जनताले ज्यान गुमाइसकेका छन्। स्वास्थ्य उपचारको नाममा नेताहरू नेतृत्व र शक्तिको नजिक भएकाहरूले करोडौं लिएर विदेशको महँगो हस्पिटलमा उपचार गरिरहँदा यी बबुरा जनता, महिला, केटाकेटी, एउटा सिटामोल खरिद गर्न असमर्थ छन्, अकालमा ज्यान गुमाउन बाध्य छन्। खोई त राज्यको दायित्व ? राज्यको नजर त्यतातिर कहिले पर्ने ? उपचारको नाममा राज्यकोषको दोहन हरेक नयाँ सरकारले आफ्ना कार्यकर्ता र भित्रियाहरूलाई जनताले तिरेको करले जम्मा भएको रकम बाँडिने बेथिती र यो खुल्ला भ्रष्टाचार कहिले रोकिने ? कसले रोक्ने ? सरकार, नेता, नेतृत्वलाई हेक्का रहोस्, खोक्रो नाराले मात्रै आर्थिक समृद्धि आउँदैन, राजनीतिक स्थायित्व आउँदैन। थोरै भए पनि जनता र राष्ट्रप्रति बफादारी र इमानदारी हुने चेष्टा शुरु गरुन् यिनले।

२. पूर्वराष्ट्रपतिको तलब, भत्ता सुविधा बढिरहँदा, न्यायाधीशहरूको सुविधा र भत्ता बढिरहँदा, पूर्वसांसदहरूलाई एकमुष्टरूपमा लाखौंलाख प्रदान गर्ने निर्णय भैरहँदा र प्रदेशप्रमुख, सांसद अनि पदाधिकारीहरूलाई राज्यको वर्तमान आर्थिक हैसियतभन्दा माथि उठेर तलब, भत्ता, सुविधा र करोडौं पर्ने गाडीहरूको व्यवस्था भइरहँदा गरिब आमजनता महँगीले त्रस्त छन्। आममान्छे खानै नपाएर मर्ने स्थितिमा पुगेका छन्। हाम्रोमा बनिबुतो गरेर खाने, दिउँसो कमाएर बेलुका खानेको बाहुल्य करोडौं छ। बाँच्नको लागि अति नै आवश्यकीय कुराहरू दाल, चामल, तेल र सब्जीहरूको भाउ आकाशिँदो छ। मिसावट छ हरेक खानेकुरामा। बिचौलियाले मार्केट चलाएको छ भने थोक पसलदेखि सुपर मार्केटसम्म लुटतन्त्र छ। बजार मूल्यको मनोमानी छ। राज्य र कानुन खोई ? राज्यको सफलता र असफलताको मापन यिनै कुराहरूबाट हुन्छन्, हैन र ? शीतलहर र चिसोले तराई आक्रान्त छ। धेरैले ज्यान गुमाइसकेका छन्। राज्यको यो निरीहपन कहिलेसम्म ? नेता, नेतृत्व र राजनीतिक शक्तिले जनतालाई कहिलेसम्म हेप्ने ? अब आमसर्वसाधारणले कसरी जिउने ? राज्य किन यति पथभ्रष्ट र अनुत्तरदायी ? जवाफ आउनु पर्‍यो अब।

३. हाम्रो दक्षिणको सिमाना मिचिने, बेचिने र हडप्ने क्रियाकलाप दशकौंदेखिको ठूलो रोगजस्तो भएर आएको छ। सुगौली सन्धिपछि नै यो घाउ शुरु भएको हो। सीमा मिच्ने र हडप्ने मात्रै हैन, सिमानाका हाम्रा जनतालाई सास्ती दिने कार्य त सामान्य भएको छ। भर्खरै पनि छिमेकी देशले सीमामा अतिक्रमण गरेको सर्वत्र पढ्न पाइयो। लाइभ देखियो, पढियो। तर प्रश्न के भने, यो मामलामा सरकार किन बोल्दैन ? सरकार मात्रै हैन, कुनै पनि दल, यिनका नेता र नेतृत्वले यसबारेमा बोलेको सुनिएन। भएको के हो ? राज्यस्तरबाट स्पष्ट हुनुपर्‍यो अब।

अब दुई देशबीचको असमान सन्धिहरू खारेज गरेर समान हैसियतको आधारमा नयाँ शुरु गरिनु मात्रै काफी हुँदैन। साँध-सिमानाको स्पष्ट रेखांकन पनि कोरिनुपर्छ। बोर्डर सुरक्षाको नयाँ आयामहरू पनि थपिनुपर्छ। खुल्ला बोर्डरलाई बन्द गर्नुपर्छ। तारबार गरिनुपर्छ। कालापानी, सुस्ता र लिपुलेकका विवादलाई पनि आजै टुङ्ग्याइयोस्। हाम्रै पुस्ताले नै यो गर्नुपर्छ। अर्को पुस्तालाई बोझ कम हुन्छ। अब नयाँ बन्ने सरकारले एउटा नयाँ सीमा सुरक्षाबल गठन गरोस्, हैन भने सशस्त्र प्रहरी फोर्सलाई सीमा क्षेत्रमा सार्नुपर्छ र सीमा सुरक्षाको जिम्मा दिनुपर्छ। नेपाल-भारत प्रबुद्ध समूहका नेपाल प्रतिनिधिले सन्धि-सम्झौता मात्रै हैन, हाम्रो साँध-सिमानाका विषयमा समेत कुरा उठाओस्। स्पष्ट अडान राखून् यिनले। राज्यले तिरेको भत्ता खेर नजाओस्। सबैले उत्तरदायी हुन सिक्नुपर्छ अब। संस्था र राज्य मात्रै हैन, व्यक्तिले समेत। एउटा महत्वपूर्ण कुरा के भने, राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको एउटा पाटो जनताको सुरक्षा पनि हो। जनताले चार प्रहर ढुक्कले सुत्न पाउनुपर्‍यो।

४. स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई मौलिक हकको रूपमा हाम्रो संविधानले नै व्यवस्था गरेको पनि झन्डै एक दशक भयो। तर संविधान र कानुनमा लेखेर मात्रै के हुँदो रहेछ र ? बाटो बढाउने र विकासको नाममा राजधानीको रूपरंग नै फेरिएको छ। प्रदूषण, गन्ध र धुवाँ-धूलोले मानव स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न गरेको छ। भरखरै एउटा विदेशी संस्थाको अध्ययनले के देखायो भने नेपाली हावाको गुणस्तर संसारकै सबैभन्दा खराब रहेको देखाएको छ। ट्राफिक जाम त्यत्तिकै छ, दश मिनेटमा पुगिने स्थानमा अहिले दुई घन्टा लाग्ने अवस्था छ। मुग्लिन, नारायणघाटको राजधानी छिर्ने मूल बाटोको त कुरै छोडौं, सर्वसाधारणलाई यो भन्दा ठूलो सास्ती के हुन्छ ? खोई त राज्यको ध्यान गएको ? किन मौन छन् सबै ? यो मौनताको संस्कृति कहिलेसम्म ? कता छन् स्थानीय जनप्रतिनिधिहरू ? मेयर, उपमेयर, वडाध्यक्ष र सदस्यहरू के गर्दै छन् ? राज्य र सम्बन्धित निकाएको आँखा खुलोस् अब।

यी माथि लेखिएका हामी सर्वसाधारणले भोग्ने समस्या र सास्तीहरूका केही उदाहरण मात्रै हुन्। अरू विसंगतिहरू त कति छन् कति। हरेक तह र तप्कामा भ्रष्टाचार व्याप्त छ, मनोमालिन्य छ, आफूखुशी छ। समाज यति पथभ्रष्ट भयो कि यहाँ कसैले कानुन र सिस्टम नमाने पनि जवाफदेही हुनु नपर्ने रहेछ। राज्य र राजनीति नै खराब र निर्दयी भएपछि अरू सबै सकिँदो रहेछ। सम्पदा पूनर्निर्माण अलपत्र छ। राजधानी, यो जीवित संग्राहलय, अपहेलित भएर बसेको छ। भूकम्पपीडितको हालत उस्तै छ भने जनयुद्धका पीडितहरूको कथा अर्कै छ। अनि कसरी हुन्छ सुशासन ? कानुनको शासन ? समृद्धि ?

मानवअधिकारसम्बन्धी कानुनले के भन्छ भने, राज्यको दायित्व रेस्पेक्ट, प्रोटेक्ट र फुलफिल गर्ने हो। यो दायित्वबाट राज्यले भाग्न मिल्दैन कुनै पनि हालतमा। जनआकांक्षा र आवश्यकताहरू पूरा गर्न राज्यले कोशिश गरिरहनुपर्छ। कोशिश गरेर मात्रै हुँदैन, परिणाम देखिनु पनि पर्छ। तर हाम्रोमा सरकार र राज्य अनुदार देखियो। आर्थिक समृद्धि र राजनीतिक स्थायित्व एक-आपसमा परिपूरक हन्। अब सरकार, राज्य र नेतृत्वले नयाँ सोचसहित अघि नबढेमा, विकासका नयाँ आयाम नथपिएमा अनि अलिकति राज्यले राज्य हुनुको दायित्व नलिएमा आर्थिकरूपमा राष्ट्र असफल हुनेछ। केन्द्रदेखि तलसम्मका कर्मचारीहरू र स्थानीय अधिकारीहरूलाई तलब-भत्ता खुवाउन नै सकस हुनेछ भने संघीयता खारेजीमा पर्नेछ। गम्भीर भएर सोच्ने समय हो यो।

*(लेखक बस्नेतले बेलायतबाट अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनमा पीएचडी गर्नुभएको छ।)*

## पाठक पत्र

### शिक्षामा लगानी कम भयो कि ?

नेपाल विकासोन्मुख मुलुक हो। नेपालमा चेतनाको सुधार गर्नु जरुरी छ। नेपालको संविधानले आधारभूत तह अर्थात् आठ कक्षासम्मको अध्ययनलाई अनिवार्य एवम् निःशुल्क घोषणा गरेको छ। निःशुल्क घोषणा गरे पनि विद्यार्थीले विभिन्न बहानामा शुल्क तिर्न बाध्य भएका छन्। विडम्बना यो छ कि आधारभूत तहमा मात्रै ४ लाख ५० हजारभन्दा बढी बालबालिका अझै पनि विद्यालयबाहिरै छन्। शिक्षा विभागका अनुसार विद्यालय तह अर्थात् १२ कक्षासम्मका झन्डै १५ लाख बालबालिका विद्यालयबाहिर रहेका छन्।

सामुदायिक विद्यालयको खस्किँदो शैक्षिक गुणस्तरका कारणले विद्यार्थीको संख्या निरन्तर ओरालो लाग्दै गएको छ। सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या घट्दै गएको मात्र होइन कतिपय सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या शून्यमा नै झरेको स्थिति छ। विभागको पछिल्लो तथ्यांकअनुसार विद्यालय उमेर समूहका बालबालिकामध्ये ४ लाख ३९ हजार ४१ हजार विद्यालयबाहिर रहेका छन्, जसमध्ये २ लाख १८ हजार ७ सय ७८ छात्रा र २ लाख २० हजार २ सय ६३ छात्र छन्। कक्षा १ मा भर्ना हुने उमेरका बालबालिका अझै ३० हजारभन्दा बढी विद्यालयबाहिरै छन्। यीमध्ये छात्र १५ हजार १ सय ७४ र छात्रा १५ हजार १ सय ७० छन्। यस्तो स्थितिले अनिवार्य एवम् निःशुल्क शिक्षा पटाक्षेप बन्न पुगेको छ।

देशकै राजधानी काठमाडौं उपत्यकामा मात्रै अनिवार्य शिक्षा लिनुपर्ने उमेर समूहका २६ हजार २ सय ४३ बालबालिका विद्यालयबाहिर छन्। कक्षा १० सम्म अध्ययन गर्ने उमेर समूहका बालबालिकाको संख्या ३३ हजार ७ सय ९० रहेको छ। शिक्षाको अधिकारसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा विद्यालयमा बालबालिकालाई विद्यालय नपठाएमा स्थानीय तहबाट प्राप्त गर्ने सबै सुविधा रोक्ने उल्लेख गरिएको छ। ऐन प्रारम्भ भएपछि पाँच वर्ष पूरा भई १४ वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई स्थानीय तहले आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्नेछ। आधारभूत तहको शिक्षा तथा माध्यमिक शिक्षा प्रदान गर्दा स्थानीय तहले आफ्नो इलाकाभित्र सञ्चालित वा स्वीकृतिप्राप्त विभिन्न विद्यालयमार्फत प्रदान गर्ने व्यवस्था गर्नुपर्नेछ। शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्व, २०८३ पछि आधारभूत शिक्षा नलिने सबैमा अयोग्य हुनेसमेत विधेयकमा उल्लेख गरिएको छ। तर, विद्यार्थीको कमजोर शैक्षिक अवस्थाले नेपालको सामुदायिक विद्यालयहरूको सिकाइको स्तर खस्किनुका साथै सरकारी लगानी बालुवामा पानी साबित भएको छ।

आर्थिक वर्ष ०७४/७५ मा शिक्षामा कुल बजेट १ खर्ब २६ अर्बमध्ये विद्यालय तहमा मात्रै ८६ प्रतिशत अर्थात् १ खर्ब ८ करोड रुपियाँ लगानी भएको छ। यस्तै, विद्यालय तहमा ७४ लाख १९ हजार रुपियाँ बजेट छुट्याइएको छ। यसरी सरकारी बजेट वितरणको अवस्था हेर्दा एक विद्यार्थीको नाममा १३ हजार ४ सय ८९ रुपियाँ खर्च भएको देखिन्छ। निजी विद्यालयको उत्तीर्ण दर ९३.२५ प्रतिशत हुँदा सामुदायिक विद्यालयको २८.१९ प्रतिशत हुनुले पनि सरकारी शिक्षाको तस्वीर कहालीलाग्दो देखिन्छ। त्यसो त केही सामुदायिक विद्यालय नमुनायोग्य नभएका पनि होइनन्। सामुदायिक विद्यालयमा सरकारले गरेको लगानीबाट लक्षित समुदायले अपेक्षित लाभ नपाउने हो भने सरकारको लगानी अनुत्पादक हुन जान्छ। एकातिर शिक्षामा सवा खर्ब लगानी हुने र अर्कोतिर अपेक्षित नतिजा हासिल नहुनुले सरकारको शिक्षा नीति नै कमजोर साबित भएको छ। यसतर्फ सरोकारवाला निकायले गम्भीर बहस गरी सामुदायिक विद्यालयको नियति सुधार गर्नु अत्यन्त जरुरी देखिएको छ। शिक्षाविना र चेतनाविना कुनै पनि काम सफल बन्नै सक्दैन। यो विषयमा मन्त्रालय र सरकारले नीतिगत र व्यावहारिकरूपमै शिक्षालाई उच्च महत्वका साथ हेर्नु जरुरी छ।

*- भूपेन्द्र ताम्राकार, काठमाडौं*

### नेपालीलाई कंगाल बनाउने सरकार

सरकार र मन्त्रीका कारण नेपाली जनता कंगाल बन्दै छन्। स्थानीय तह भएपछि कर महँगो बनाइएको छ तर विकासको काम भने केही भएको छैन। गाडी, घोडा र प्रतिनिधिको मोजमस्तीमा पैसा उडाइएको छ। त्यति मात्रै हैन, सरकारले पनि ६ महिनायता गम्भीर राष्ट्रदोहन गरेको छ। आर्थिक सहायता वितरण गर्दा नाम उल्लेख नै नगरी संख्या तोकेर उनीहरूको नाममा सहायता दिने र स्पष्ट पहिचान नखुलेका कार्यालयका नाममा समेत करोडौंको बजेट दिएर राष्ट्रदोहनको शृङ्खला जारी राखेको छ। ६ महिनायता मात्रै विदेश भ्रमणमा १३ करोड र आर्थिक सहायताका नाममा ३८ करोड राज्यकोषबाट खर्च भएको छ। विपन्न नागरिकका नाममा आर्थिक सहायता लिनेमा न्यायाधीशदेखि पूर्वराष्ट्रपतिसम्म रहेका छन्।

एकातिर चरम गरिबीले सर्वसाधारण बाँच्नै नसक्ने अवस्थामा पुगेका छन् भने अर्कोतिर राज्यकोषको दुरूपयोग गरी विदेश शयर गर्ने र आर्थिक सहायता लिने प्रवृत्ति बढ्दो छ। उपचार गराउन नसक्ने, राष्ट्रका लागि योगदान दिएका विपन्न नागरिकका नाममा दिने भनिएको आर्थिक सहायता राजनीतिक पहुँच र प्रभाव हुनेले लाज, सरम पचाएर हात थाप्नु आफैंमा ठूलो पटाक्षेप हो। यसरी सुविधा प्राप्त गर्नेमा दलका नेता, कार्यकर्ता, आसेपासे, नातेदार र राजनीतिक पहुँचवाला व्यक्ति नै बढी रहनुले राज्यकोषको खुलेआम ब्रह्मलुट भएको प्रमाणित भएको छ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको पुस मसान्तसम्मको विवरणमा मन्त्रिपरिषद्को मंसिर २५ को निर्णयबाट कञ्चनपुरका अक्षयकुमार रानासमेतलाई आर्थिक सहायता उपलब्ध गराउने भनेर एकैपटक ८ करोड ५३ लाख रुपियाँ दिने निर्णय भएको छ। यस्तै, कात्तिकमा निकासा दिने गरी ८ सय ७८ जनालाई ८ करोड ६२ लाख र थप ३ सय १० जनालाई ४ करोड ५७ लाख ५० हजार रुपियाँ वितरण गरेको अर्थ मन्त्रालयको तथ्यांकमा उल्लेख छ। यसै गरी असोजमा पनि ९१ जनालाई आर्थिक सहायताका नाममा २ करोड ५८ लाख रुपियाँ वितरण गरिएको छ। यसरी सरकारले ६ महिनायता मात्रै ३८ करोड रुपियाँ वितरण गरेर राष्ट्रदोहनमा कीर्तिमान कायम गरेको छ। राज्यकोषबाट विपन्न नागरिकका नाममा आर्थिक सहायता लिनेमा पूर्वराष्ट्रपति डा. रामवरण यादव, पूर्वसभामुख तारानाथ रानाभाटदेखि बहालवाला न्यायाधीशसमेत छन्। सर्वोच्च अदालतका न्यायाधीश तेजबहादुर केसीलाई सरकारले औषधि उपचार खर्चको नाममा ५ लाख ७५ हजार ८ सय ८१ रुपियाँ दिएको छ। पूर्वसभामुख रानाभाटलाई ७ लाख उपलब्ध गराएको छ भने पूर्वराष्ट्रपति यादवलाई अमेरिका उपचारका क्रममा ५० लाख ९७ हजार रुपियाँ दिने निर्णय गरेको छ।

पछिल्लो ६ महिनामा राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सचिवलगायतको विदेश भ्रमणमा राज्यकोषको १२ करोड ७५ लाख रुपियाँ खर्च भएको छ। गरिब जनताले पसिना चुहाएर तिरेको करबाट जुटेको राज्यकोषको रकम अनावश्यकरूपमा खर्च गरिनु ठूलो अनियमितता हो। यस्ता अनियमितता आगामी दिनमा नदोहोरियोस् भनेर हामीले कामना गर्नुपरेको छ। यसरी नै दोहन चलिरहे नेपालको अर्थतन्त्र र जनताको स्थिति झन्-झन् कमजोर हुने निश्चित छ।

*- सुनिल, श्रेष्ठ, भक्तपुर*

## सामाजिक सञ्जाल



कर्मचारीतन्त्रमा दलीय प्रणाली प्रवेश गराएका दलहरूलाई अहिले यो घाँडो भइरहेको छ। संघीयता कार्यान्वयनका लागि खटाएका कर्मचारी कार्यस्थलमा नगएर चुनौती दिइरहेका छन् र सरकार टुलुटुलु हेर्न बाध्य छ। कोही कर्मचारी वर्तमान सरकारी दलसँगको आबद्धता प्रयोग गरिरहेका छन्, कोही भविष्यको सरकारी दलसँगको।

**Bijay Paudel**
**@PaudelBijay**



शारीरिक बलात्कारपछि शृङ्खलाबद्ध मानसिक बलात्कार शुरू हुने रैछ। रमितेका कुतर्क पनि एउटा सीमामा पुगेपछि आत्मग्लानिको आगोले डढ्नुपर्ने हो !

**Buddhisagar**
**@buddhisagar**



हामी जुन कुरामा सक्षम छौं, त्यही कुरामा पनि अरूकै अपेक्षा गर्छौं। दिनानुदिन आफ्नो सक्षमता गुमाइरहेका छौं, अरूप्रति निर्भर रहने परिपाटी नै छ हाम्रो।

**जीवन राना मगर**
**@jeevanrana500**

२०७४, माघ
बिहीबार
२५

‘शिक्षालाई राम्रो र गुणस्तरीय बनाउने दायित्व स्थानीय तहको पनि हो त्यसैले केही नयाँ योजना अघि बढाउनेछौं’, मेयर चालिसेले भन्नुभयो- ‘नगरपालिकाले आफ्नो खर्चमा ट्युसन पढाउन लागेको हो, नगरपालिकावासीको भावनालाई सम्बोधन गरेका हौं।’



# नेपाल



सामूहिक बेल विवाह गरिँदै। नेवार समुदायमा ५ देखि ९ वर्षका चेलीलाई बेल विवाह गर्ने चलन रहेको छ।
*तस्वीर : नेस*

## मानहानीको मुद्दा खारेज हुने

काठमाडौं (नेस)

सशस्त्र प्रहरी बलले खरिद गर्ने भनिएको एपीसीमा ठेकेदार र सो बलबीचको विवाद सर्वोच्च अदालतले अन्त्य गरिदिएको छ।

संयुक्त राष्ट्र संघको मिसनमा खटिजाने शान्ति सेनाका लागि खरिद गर्न लागिएको एपीसी सप्लायर्स र सशस्त्र प्रहरी बलबीच विवाद देखिएपछि ठेकेदार राजमान मिश्रले जिल्ला अदालत हुँदै सर्वोच्च अदालतसम्म मुद्दा दायर गरेका थिए।

सशस्त्र प्रहरी बलले ९ वटा एपीसी खरिदका लागि नियुक्त गरेका ठेकेदार कम्पनीबाट सामान किन्नका लागि एलसी खोल्न खोज्दा सिंगापुरको कम्पनी नै कालोसूचीमा परेपछि विवाद बढ्दै गएको थियो।

सो बलले सम्झौताअनुरूप नै ठेकेदार कम्पनीसँग गरिद गर्न खोज्दा नभएपछि टेन्डर नै रद्द गर्ने अवस्थामा पुगेपछि ठेकेदार मिश्रले सशस्त्र प्रहरी बलका एआईजी प्रेम शाहीसहित केही उच्च अधिकारीविरुद्ध मानहानीको मुद्दा दायर गरेका थिए। ठेकेदार मिश्रले मानहानीको मुद्दा दायर गरेपछि सो बलले उक्त मुद्दा पुनरावेदन गरी पाऊँ भनी सर्वोच्चमा निवेदन दर्ता गराएको थियो।

सर्वोच्च अदालतले उक्त मुद्दामा पुनरावेदन लाग्ने फैसला गरेपछि एआईजी शाहीसहितका उच्च अधिकारीमाथि लागेको मानहानीको मुद्दासमेत खारेज हुने भएको छ। अब सशस्त्रलाई नयाँ एपीसी खरिदका लागिसमेत बाटो खुलेको छ।

## पत्रकारको नाममा ठगी गर्दै हिँड्ने पक्राउ

**नेपाल समाचारपत्र**

काठमाडौं,

गोष्ठी तथा सेमिनारस्थलमा प्रवेश गरी चोरी गर्ने कार्यमा संलग्न ललितपुरको गोदावरी नगरपालिका-५ बस्ने अशोक केसी भन्ने हरिशरण केसीलाई चोरी गरेको धनमालसहित महानगरीय अपराध महाशाखाको प्रहरीले ललितपुर लगनखेलबाट मंगलबार पक्राउ गरेको छ।

काठमाडौं महानगरपालिका-१ कान्तिपथस्थित एल्लो प्यागोडा होटलमा माघ २० गते बैंकरहरूको तालिम सञ्चालन भएको अवस्थामा खाजा खाने समय पारी ‘फायर साइड डेली’नामको प्रेसकार्ड देखाई कार्यक्रम रहेको गणेश हलमा प्रवेश गरी सम्झना ढकालसमेत ३ जनाको लेडिज ब्याग, ब्यागभित्र रहेको नगद तथा मोबाइलसमेत गरी करिब ३२ हजार ५ सय रुपियाँबराबरको धनमाल चोरी गर्ने कार्यमा संलग्न रहेको खुल्न आएपछि केसीलाई प्रहरीले पक्राउ गरेको हो।

निज केसीबाट मोबाइल १ थान, घडी २ थान, ब्याग १ थान, फायर साइड डेलीको प्रेस कार्ड १ थान, कार्यक्रमसम्बन्धी लेखिएको डायरी १ थान र सिमकार्ड २ थान बरामद भएको छ।

निज केसीले विभिन्न सञ्चार माध्यम एफएम समेतबाट सम्बन्धित कार्यक्रमबारेमा जानकारी लिने र कार्यक्रमस्थलमा पुगी उपस्थित मानिसहरूको ब्याग तथा ब्यागभित्र भएका ल्यापटपसमेत चोरी गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।

केसीलाई आवश्यक कारबाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाइएको महाशाखाले जनाएको छ।

## एसईई दिनेलाई नगरपालिकाको निःशुल्क ट्युसन

**नेपाल समाचारपत्र**

काठमाडौं

एसईई (प्रवेशिका) परीक्षा दिने विद्यार्थीका लागि काठमाडौंको गोकर्णेश्वर नगरपालिकाले बुधबारबाट निःशुल्क ट्युसन पढाउने भएको छ।

नगरपालिकाका मेयर सन्तोष चालिसेले शिक्षाको गुणस्तर बढाउनका लागि निःशुल्क ट्युसन पढाउने योजना गरिएको बताउनुभयो। चालिसेले सामुदायिक विद्यालयको गुणस्तर सुधार्न नगरपालिकाले आगामी दिनमा पनि यस्तैखाले योजना ल्याउने बताउनुभयो। ‘शिक्षालाई राम्रो र गुणस्तरीय बनाउने दायित्व स्थानीय तहको पनि हो त्यसैले केही नयाँ योजना अघि बढाउनेछौं’, मेयर




चालिसेले भन्नुभयो- ‘नगरपालिकाले आफ्नो खर्चमा ट्युसन पढाउन लागेको हो, नगरपालिकावासीको भावनालाई सम्बोधन गरेका हौं।’

मेयर चालिसेले बुधबार ओखेनी मावि सुन्दरीजलमा निःशुल्क ट्युसनको उद्घाटन गर्नुभएको हो। ओखेनीसहित बालसुधार मावि नयाँपाटी, गोकर्ण मावि गोकर्ण, सहयोगी मावि गोकर्ण, देवी बालसुधार मावि वालुवा, सुन्ताखानी मावि बालुवा, अरूणोदय मावि जोरपाटी, चामुण्डा मावि जोरपाटी र खगेन्द्र नवजीवन केन्द्र जोरपाटी गरी ९ वटा विद्यालयमा गणित र विज्ञान विषय पढाइने नगरपालिकाका प्रमुख सल्लाहकार दीपक रिसालले जनाउनुभयो।

‘प्रत्येक विद्यालयमा दुई जना शिक्षकले पढाउनुहुनेछ, विद्यार्थीहरूले अन्य विषय माग गरे थप कक्षा पनि चलाउँछौं’, रिसालले भन्नुभयो- ‘स्थानीय तहलाई नै शिक्षासम्बन्धी अधिकार दिइएकाले पनि थप जिम्मेवार बनेका छौं।’ रिसालले एसईई परीक्षामा मात्र आफ्नो विद्यालयबाहिर परीक्षा केन्द्र राख्दा विद्यार्थीमा मनोवैज्ञानिक त्रास हुने र नयाँ अनुभव हुने भएकाले आगामी वर्षदेखि ८ कक्षाको परीक्षामा पनि परीक्षा केन्द्र परिवर्तन गरिने तयारी भएको जनाउनुभयो। यो नगरपालिकामा ८६ वटा निजी विद्यालय छन्।

## मिनीट्रकको ठक्करले पैदल यात्रुको मृत्यु

भक्तपुर, (नेस)

बुधबार बिहान ५ बजे मध्यपुरथिमि नगरपालिका-४ चारदोबाटोमा काठमाडौंबाट भक्तपुरतर्फ आउँदै गरेको बा२क ८००६ नं.को मिनीट्रकले बाटो काट्दै गरेका पैदल यात्रुलाई ठक्कर दिँदा पैदल यात्रुको मृत्यु भएको छ।

ठक्करबाट घाइते भएका मध्यपुरथिमि नगरपालिका-५ दुईपोखरी बस्ने वर्ष ६६ का जगतकुमार श्रेष्ठको भक्तपुर अस्पताल लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको महानगरीय प्रहरी वृत्त भक्तपुरका प्रहरी नायब उपरीक्षक कृष्ण प्रसाईंले जानकारी दिनुभयो।

प्रहरीले मिनीट्रक र चालक जिल्ला काभ्रे सिसाखानी घर भई हाल सूर्यविनायक नगरपालिका-८ जगाती बस्ने वर्ष २९ का प्रेमबहादुर मोक्तानलाई नियन्त्रणमा लिई प्रहरी वृत्त ठिमीमा राखेर अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

## क्युपिड प्याकेज अफरको बुकिङ खुला

काठमाडौं, (नेस)

भ्यालेन्टाइन सप्ताह शुरू भएसँगैं काठमाडौंको टोखा, धापासीमा रहेको ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालले यस वर्ष पनि क्युपिड प्याकेज अफर अघि सारेको छ। जोडी लक्षित क्युपिड प्याकेज अफरमा दुईमध्ये एक जनाले तेह्र हजार रुपियाँबराबरको स्वास्थ्य परीक्षण प्याकेज गर्दा अर्को एक जनाको स्वास्थ्य परीक्षण निःशुल्क गरिएको छ।

यो अफर ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालको पहिलो तल्लामा रहेको वेलनेस सेन्टरमा फेब्रुअरी १४ देखि २८ सम्म लागू हुने जनाइएको छ। प्याकेजमा डाक्टरसँगको कन्सल्टेसन, सीबीसी, ब्लड सुगर (फास्टिङ), लिपिड प्रोपाइल, टीएसएच (थाइराइड टेस्ट), क्रियाटिनिन, एसजीपीटी, एसजीओटी, युरिन रुटिन, चेस्ट एक्स(रे, युएसजी एब्डोमिन एन्ड पेल्भिस, ईसीजी, एको, टीएमटी अथवा बी एमडीलगायतका जाँच समावेश गरिएका छन्।

अस्पतालको एउटा पृथक र सम्पूर्ण स्वास्थ्य सेवाको पूर्ण गन्तव्यको रूपमा रहेको वेलनेस सेन्टरले बेसिक हेल्थ चेक-अप, कम्प्रिहेन्सिभ हेल्थ चेक-अप, एक्जिक्युटिभ हेल्थ चेक-अप, एक्जिक्युटिभ प्लस हेल्थ चेक-अप, डायबेटिज हेल्थ चेक-अप, कार्डियाक हेल्थ चेक-अप, चाइल्ड हेल्थ चेक-अप, सिनियर सिटिजन हेल्थ चेक-अप, किड्नी हेल्थ चेक-अप, वुमन्स हेल्थ चेक-अपलगायतका विभिन्न सुरक्षात्मक स्वास्थ्य परीक्षण प्याकेज उपलब्ध गराउँदै आएको छ।

## लागूऔषध बिक्री गर्ने फार्मेसी सञ्चालक पक्राउ

काठमाडौं, (नेस)

चिकित्सकको प्रेस्किप्सनबिना नियन्त्रित मनोद्विपक लागूऔषध नाइट्राजेपाम ट्याब्लेट बिक्री बितरण गर्ने काठमाडौं महानगरपालिका-२ लाजिम्पाटस्थित सन्देशँ फार्मेसीका सञ्चालक काठमाडौं ओमबहाल बस्ने बुद्ध वज्राचार्य र विश्वनाथ खत्रीलाई प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्युरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले वज्राचार्यलाई सन्देश फार्मेसीबाट नाइट्राजेपाम ८० ट्याब्लेटसहित र खत्रीलाई काठमाडौं महानगरपालिका-१७ क्षेत्रपाटीबाट नाइट्राजेपाम ४ सय १० ट्याब्लेट र बा६९प १७७८ नम्बरको मोटरसाइकलसहित पक्राउ गरेको हो।

*मुद्दा नं. ०७४-PC-०१०६ (फाँट-केशव, मुद्दा फाँट-१)*

**श्री बाबु बाजेको नाम थाहा नभएको ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १९ कुमारीपाटी बस्ने अन्दाजी वर्ष ३३ को हरि महर्जनका नाउँमा जारी भएको (तीस) ३0 दिने सूचना म्याद । (मो.नं. ९८४१०११११२१)**

उप्रान्त वादी हस्त बहादुर थापाको नाति कृष्ण बहादुर थापाको छोरा जिल्ला तनहुँ साविक वसन्तपुर गा.वि.स.वडा नं.२ को हाल भानु न.पा.वडा नं.७ घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.१० बस्ने वर्ष ४२ को कुमार थापा मगर र प्रतिवादी तपाईं भएको करकाप मुद्दामा तपाईं प्रतिवादीका नाममा यस अदालतबाट मिति २०७४/०४/२३ मा जारी भएको म्याद मिति २०७४/०५/२१ मा बेपत्ते तामेल भई आएकोले उक्त म्याद बदर गरी यस अदालतका मिति २०७४/०९/२८ गतेका आदेशानुसार जिल्ला अदालत नियमावली २०५२ को नियम २२क. बमोजिम प्रतिवादी हरि महर्जनका नाउँको यो म्याद सूचना प्रकाशित गरिएको छ । यो म्याद सूचना प्रकाशित भएका मितिले बाटाका म्यादबाहेक ३० (तीस) दिनभित्र आफ्नो भएको व्यहोराको प्रतिउत्तर-पत्र वा कानून बमोजिम आफ्नो लिखित प्रमाणसमेत लिई आफै वा कानून बमोजिम वारेशमार्फत यस अदालतमा हाजिर हुन आउनु होला । नआई म्याद गुजारी बसे मुद्दा कानून बमोजिम हुनेछ । पछि तपाईंको कुनै उजुर लाग्ने छैन । *ईति सम्वत २०७४ साल माघ ५ गते रोज ६ शुभम् ।*

## आफ्नै साथीको हत्या गर्ने पक्राउ

काठमाडौं, (नेस)

आफ्नै साथीको हत्यामा संलग्न रहेको अभियोगमा खोटाङको साविक चिसापानी गाविस-९ का प्रेम खड्का भन्ने राजन कटुवाललाई महानगरीय अपराध महाशाखाको प्रहरीले बुधबार पक्राउ गरेको छ।

सिन्धुलीको सिन्धुलीगढी घर बताउने एकीन नाम, थर र वतन नखुलेका सानु मगर तथा मोटे नाम गरेका व्यक्ति काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-९ मुलपानी क्रिकेट ग्राउन्डनजिकैको सडकछेउमा रगताम्मे अवस्थामा बुधबार मृत फेला परेका थिए। घटनाको अनुसन्धानका क्रममा करिब एक महिनाअघि आपसमा चिनजान भएका अभियुक्त राजन र सानु दुवैजना राजनको कोठामा भेट भई दुवैबीच विवादको क्रममा हात हालाहाल भएपछि राजनलले सानुलाई लखेटी सडकछेउमा लगेर चिरपट तथा ढुंगाले प्रहार गरी हत्या गरी फरार भएको खुल्न आएको छ।

घटनापश्चात् फरार रहेका अभियुक्त राजनलाई उक्त महाशाखाको प्रहरीले पक्राउ गरी आवश्यक कानुनी कारबाहीका लागि महानगरीय प्रहरी वृत्त बौद्धमा पठाएको हो।

**नेपाल सरकार**
**सिंचाइ मन्त्रालय**
**जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग**
**जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं.२१, जुम्ला ।**

**बोलपत्र स्वीकृति र खरिद सम्झौता आशयपत्रको सूचना ॥**

(प्रथम पटक प्रकाशित मिति २०७४।१०।२५)

प्रस्तुत विषयमा यस कार्यालयको २०७४।०९।०३ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार मिति २०७४।१०।०३ गतेसम्म पर्न आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिम कबोल अङ्क (मू.अ.क. बाहेक) भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ बमोजिम उक्त बोलपत्र न्यूनतम् मुल्याङ्कित सारभूत रुपमा प्रभाव ग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि छनौट भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | स्वीकृत लागत इस्टिमेट | स्वीकृत बोलपत्रदाताको नाम | बोलकबोल रकम |
|---|---|---|---|---|
| १. | TRTW-01/2074/075 | २,३३,२५,१३०।९१ | Galwa/Amit JV Baneshwor-10, Kathmandu | १,२२,३०,०६६।५० |
| २. | KRTW-01/2074/075 | २,२४,५७,९२१।८९ | Surya Construction Firm Private Limited Birendranagar-06 Surkhet | १,५७,६३,३०६।४० |

डिभिजन प्रमुख

सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, सफलता भए पनि मध्याह्नबाट अस्वस्थता, नोक्सानी ।
**वृष** : पैसा प्राप्ति, विजय, मान-सम्मान, समस्या समाधान ।
**मिथुन** : कार्य असफल भए पनि दिउँसोदेखि भने लाभ, सफलता ।
**कर्कट** : अपच, दिनचर्या अस्तव्यस्त, कार्य असफल, शोकसन्ताप ।
**सिंह** : पूर्वाह्न लाभ, सम्मान भए पनि मध्याह्नबाट विवाद, अस्तव्यस्तता ।
**कन्या** : धननाश, दु:ख-कष्ट तर मध्याह्नबाट आर्थिक लाभ, सफलता ।
**तुला** : उपहार, भोजन प्राप्ति तर दिउँसोदेखि खर्च, आँखामा समस्या ।
**वृश्चिक** : पूर्वाह्न अस्वस्थता, विवाद तर मध्याह्न्नबाट लाभ, सफलता ।
**धनु** : मिष्ठान्न भोजन, द्रव्य प्राप्ति तर दिउँसोदेखि नोक्सानी एवं विवाद ।
**मकर** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, पैसा प्राप्ति, परिवार-सुख ।
**कुम्भ** : राज्यबाट त्रास, असफलता भए पनि मध्याह्न्नबाट भने सन्तोष ।
**मीन** : रोगको भय, कार्य बाधा, धन हानि, चिन्ता ।

# नेपाल

नेपाली सेना जनताको आस्था र भरोसाको केन्द्रका रुपमा रहेकाले कर्तव्यपथमा अडिग रहेर जस्तोसुकै परिस्थितिमा पनि संविधान र सरकारले दिएको जिम्मेवारी पूरा गर्न कुनै कसर बाँकी नराखिने प्रधानसेनापति क्षेत्रीको भनाइ थियो।

## ‘राज्यले दिएको जिम्मेवारी पूरा गर्न तयार’

शालिकराम चालिसे, नुवाकोट

नेपाली सेनाका प्रधानसेनापति राजेन्द्र क्षत्रीले राज्य संकटमा रहँदा नेपाली सेनाले बगाएको रगतको मूल्य इतिहासमा रहेको बताउनुभएको छ।

प्रधानसेनापति राजेन्द्र क्षत्रीले राष्ट्रिय स्वाधिनता र सार्वभौमसत्ताको रक्षा गर्नु सेनाको प्रमुख कर्तव्य भएको बताउँदै राष्ट्रिय हितविपरीत उत्पन्न हुन सक्ने आन्तरिक तथा वाह्य सुरक्षा चुनौती सामना गर्ने सिलसिलामा नेपालको संविधान र सरकारले दिएको सबै जिम्मेवारी पूरा गर्न सेना तयार रहेको बताउनुभयो।

मंगलबार नुवाकोटको विदुरस्थित सैन्य तालिम केन्द्र मैथलीमा आयोजित भूतपूर्व सैनिक सम्मेलनलाई सम्वोधन गर्दै प्रधानसेनापति क्षत्रीले नेपाली सेनाले स्थानीय, प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा आफूलाई प्राप्त जिम्मेवारी कुशलतापूर्वक पूरा गरेको बताउँदै आफ्नो भरपर्दो र विश्वसनीय छवीलाई कायम राख्न सेना हरदम प्रयत्नरत रहेकोसमेत स्पष्ट पार्नुभयो।



नेपाली सेना जनताको आस्था र भरोसाको केन्द्रका रूपमा रहेकाले कर्तव्यपथमा अडिग रहेर जस्तोसुकै परिस्थितिमा पनि संविधान र सरकारले दिएको जिम्मेवारी पूरा गर्न कुनै कसर बाँकी नराखिने प्रधानसेनापति क्षेत्रीको भनाइ थियो।

सम्मेलनमा ३ वटा जिल्लाबाट सेनामा लामो अवधिसम्म सेवारत रही निवृत्त भएकाहरूले राष्ट्रप्रति गरेको योगदानको कदर गरिएको छ। सेवा निवृत्त भएकाहरूको जीवनस्तर उकास्न र जिविकोपार्जनका लागि सहज बनाउन सैनिक कल्याणकारी कोषबाट विधि कार्यक्रमहरू सञ्चालन भइरहेको प्रधानसेनापति क्षत्रीले बताउनुभयो।

कार्यक्रमलाई सम्वोधन गर्नुहुँदै सैनिक कल्याणकारी कोषका प्रमुख कार्यकारी अधिकृत पूर्वरथी चित्रबहादुर गुरुङले भूपूसैनिकहरूको आत्मबल र कौशलताका कारण नेपाली सेनामा आत्मबल बढेको बताउनुभयो।

कार्यक्रममा नुवाकोट, रसुवा र धादिङमा रहेका नेपाली सेनाका गणहरूले आ-आफ्नो प्रस्तुती देखाएका थिए। त्यसक्रममा प्रधानसेनापति क्षत्रीले ज्येष्ठ भूतपूर्वसैनिक, ज्येष्ठ एकल महिला, उत्कृष्ट व्यवसायीलाई सम्मान गर्नुका साथै अशक्त पूर्वसैनिक र सैनिक परिवारलाई हिवलचियरसमेत हस्तान्तरण गरेका थिए।

नुवाकोट, रसुवा र धादिङका पूर्व सैनिकहरूको सहभागिता रहेको उक्त कार्यक्रममा पूर्वसैनिकहरूले मार्चपास गरेका थिए भने श्रीनाथ गणले नुवाकोटको म्हेन्दोमाया नाच, देवीदत्त गणले धादिङको टप्पा नाच र कालिजंग गणले रसुवाको तामाङ झाँकीका साथै नुवाकोटको त्रिशूली बजारस्थित लाखे समूहले लाखे नाचसमेत प्रस्तुत गरेको थियो।

## लागूऔषधसहित एक पक्राउ

लमजुङ, (नेस)

लमजुङमा प्रहरीले लागूऔषधसहित १ जनालाई पक्राउ गरेको छ। उनको गतिविधि शंकास्पद लागेपछि खानतलासी गर्ने क्रममा उनको साथमा लागूऔषध भेटिएपछि प्रहरीले पक्राउ गरेको हो।

पक्राउ पर्नेमा सुन्दरबजार नगरपालिका- ८ रातोमाटो गाउँमा स्थायी बसोबास भएका ५३ वर्षीया प्रेम परियारलाई सोही ठाउँबाट लागूऔषधसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक पदमबहादुर विष्टले बताउनुभयो। उहाँका अनुसार विशेष सुराकीका आधारमा परियार पक्राउ परेका हुन्। परियारको साथबाट २ मिलिलिटरको ५० थान नोफिन, २ मिलिलिटरकै प्याकमा रहेको ५१ थान फिनार्गन, २ मिलिलिटरकै ४८ थान सेजिर ज्याक, नगद २९ हजार र १ थान मोबाइल बरामद गरिएको विष्टले बताउनुभयो।

परियारका विरुद्धमा लागूऔषध तथा बेचबिखन मुद्दा चलाउन र थप अनुसन्धान गर्नका लागि जिल्ला अदालत लमजुङबाट १५ दिनको म्याद थप गरी थुनामा राखिएको प्रहरी निरीक्षक बुद्धीसागर पुरीले जानकारी दिनुभयो। उहाँका अनुसार प्रहरीले जिल्लामा लागूऔषध नियन्त्रणका बारेमा सञ्चालन गरेको सचेतनामूलक कार्यक्रमहरूको उपलब्धीका रूपमा लिइएको छ।

## शैक्षिक सामग्री प्रदान

बैतडी, (नेस)

बुवाको सम्झनामा बैतडीको सुर्नयाको गाउँपालिका ५ को रौलेश्वर माध्यमिक विद्यालयका बालबालिकालाई पोसाक, झोला र कापीकलम बितरण गरिएको छ।

१२ वर्षअगाडि स्वर्गीय हुनुभएका बुवा गणेश मडैको सम्झनामा छोराहरू मोहन मडै, लक्ष्मी मडै, रिजन मडै र मुना मडैले उक्त विद्यालयमा कक्षा १ देखि १० सम्म अध्ययनरत आमा तथा बुवा गुमाएका ३६ जना बालबालिकालाई पोसाक, झोला र कापीकलम बितरण गरेको हो।

रौलेश्वर मावि सुर्नया गाउँपालिका ५ रामकी बरायलमा एक कार्यक्रमको आयोजना गरी विद्यालयका प्रधानाध्यापक गणेशदत्त अवस्थीमार्फत उक्त सामग्री विद्यार्थीलाई बितरण गरिएको छ। विद्यालयमा गरिएको कार्यक्रममा स्वर्गीय हुनुभएका गणेश मडैका श्रीमती जयमती मडै, आमा रुवसी मडै, छोरा रिजन मडै र छोरी मुना मडैले उक्त सामग्री प्रधानाध्यापकमार्फत बितरण गरेका हुन्।

स्वर्गीय बुवाको सम्झनामा उक्त विद्यालय गत वर्षदेखि पोसाक, झोला र कापीकलम बितरण गर्दिँदै आएको छ।

## ७ नम्बर प्रदेशमा मतदान सम्पन्न



विमल विष्ट, डोटी

राष्ट्रियसभा सदस्यका लागि ७ नम्बर प्रदेशको डोटीमा भएको मतदान सम्पन्न भएको छ। ७ नम्बर प्रदेशमा ९९ प्रतिशत मतदान भएको छ। स्थानीय तहका प्रमुख तथा उप-प्रमुखले शतप्रतिशत मतदान गरेका छन् भने प्रदेशसभाका ५१ जनाले मात्रै मतदान गरेका छन्।

स्थानीय तहका १ सय ७६ र प्रदेश सभाका ५३ जना सदस्य गरी कूल २ सय २९ जना मतदाता रहेका थिए। राष्ट्रिय जनता पार्टीबाट कैलालीको क्षेत्र नम्बर १ बाट निर्वाचित २ जना सांसदले मतदान गरेका छैनन्। २ जना सांसदले मतदान नगरेपछि जम्मा २ सय २७ मत खसेको छ।

राजपाका प्रदेश सभासद कृष्णकुमार चौधरी र मालती राना थारुले मतदान नगरेको निर्वाचन कार्यालय डोटीले जनाएको छ। आफ्नो पार्टिका तर्फबाट उम्मेदवार पनि नभएको र कुनै दलले भोट पनि नमागेको कारण आफूहरू मतदान गर्न नगएको राजपाका प्रदेश सभासद मालती राना थारुले बताउनुभयो। उहाँले भन्नुभयो- ‘हामीले निर्वाचन बहिष्कार गरेका होइनौं, उम्मेदवार नभएका कारण हामी भोट हाल्न नगएका हौं।’

७ नम्बर प्रदेशमा बुधबार सम्पन्न राष्ट्रियसभाको निर्वाचनमा २ पदका लागि ४ जना उम्मेदवारका बीचमा प्रतिस्पर्धा भएको छ। राष्ट्रियसभामा बाम तथा लोकतान्त्रिक गठबन्धनका ४ जना उम्मेदवारका बीचमा प्रतिस्पर्धा भएको छ।

दलित तथा अपांग र अल्पसंख्यकतर्फका उम्मेदवारका बीच प्रतिस्पर्धा भएको हो। दलिततर्फ नेपाली कांग्रेसका शेरीराम पार्की र एमालेका तर्फबाट चक्रप्रशाद स्नेहीका बीचमा प्रतिस्पर्धा भएको छ भने अपांगता भएका तथा अल्पसंख्यकका तर्फबाट नेपाली कांग्रेसका छत्रराज जोशी र माओवादीका महेशकुमार महराका बीच प्रतिस्पर्धा भएको छ।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**राहदानी हरायो**
मिति २०७४/९/५ गते थापाथलि देखी कालिमाटी जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहारी चौकी वा निम्न ठेगानामा बुझाई दिन हुन अनुरोध छ।
**नाम :** दुगर बिरवल कुमार
**ठेगाना :** टेकु, काठमाण्डौं
**राहदानी :** २९४२००६
**सम्पर्क नं.:** ०१-४२३०९१६

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## ८० वर्षमा नागरिकता

नेपाल समाचारपत्र

दैलेख

दैलेखको भगवतीमाई गाउँपालिका वडा नं. ३ मेहलतोलीकी वृद्धा धनसरा विकले ८० वर्षको उमेरमा नेपाली नागरिकता प्राप्त गरेकी छिन्। आवश्यक कागज प्रमाण पुर्‍याइ आएकाले उनलाई नेपाली नागरिकता दिइएको निमित्त प्रमुख जिल्ला अधिकारी हरिप्रसाद देवकोटाले बताए।



मजदुरी गर्दै भारतको सिम्लामा बस्तै आएका कान्छो छोराको साथमा बस्दै आएकाले धनसराले ८० वर्ष पुग्दासमेत नेपाली नागरिकता पाएकी थिइनन्। अब मेहलतोलीमै बस्तै आएका जेठो छोरासंगै बस्ने गरी आएको मौकामा नेपाली नागरिकता लिएको धनसराले बताइन्।

भारत प्रवासमा बस्दै आएको बेला चासो नरहे पनि अब नेपालमै बस्ने गरी आएपछि आवश्यक ठानेर ती वृद्धा नेपाली नागरिकता लिन आएको निमित्त प्रमुख जिल्ला अधिकारी हरिप्रसाद देवकोटाले बताए।

धनसराले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा उनको जन्म मिति १९९४ जेठ २१ गते उल्लेख भएको छ। उनका पति मनवीर कामीको १६ वर्ष अधि भारतमै निधन भएको थियो।

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरु**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**
**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन :** ४७२००४६
**मोबाइल :** ९८५१०७३५००

**नेपाल समाचारपत्र** NEPAL SAMACHARPATRA **को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू**

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोनः ३७०७०५, फ्याक्सः ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोनः ३५३९४१, फ्याक्सः ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोनः ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोनः ४८६५१३,४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोनः ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोनः २८२४५१, २८०६७३, फ्याक्सः २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोनः २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोनः ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोनः ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोनः ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोनः ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोनः ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोनः ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मलः स्टेसनरी गठाघर, फोनः ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, माघ
बिहीबार
२५

दैनिक पानी दिने ठाउँमा ३ दिन ४ दिनपछि पानी आउने भएपछि अधिकांश स्थानीयहरु खोलाको पानीमा आधारित छन्।




# सदरमुकाममै खानेपानीको हाहाकार

## खोलाको र कुवाको पानीले गुजारा चलाउँदै नगरबासी

**ललित सिंह, बझाङ**



जिल्लाको सदरमुकाम चैनपुरमै खानेपानीको हाहाकार भएको छ। वार्षिक खानेपानी मर्मत भनेर विभिन्न निकायहरू र जयपृथ्वी नगरपालिबाट करोडौं रकम बिनियोजन गरिन्छ तर उचित काम र व्यवस्थापनको कमजोरीका कारण जिल्लाको सदरमुकाम चैनपुरमा बस्दै आएका विभिन्न निकायमा कार्यरत कर्मचारी र विद्यार्थीहरूको पढाइमा खानेपानीको व्यवस्था नहुदाँ नकारात्मक प्रभाव परेको छ।

चैनपुरमा कोठा भाडामा बसी रहेको छु पानी भर्नका लागि नै एकदुई घण्टा टाढा गएर ल्याएर खानुपर्छ यस्तो खानेपानीको समस्या भएपछि आफ्नो पढाइमा प्रत्यक्ष असर परेको छ । खानेपानी त परै जाओस् चर्पीमा पानी हाल्नका लागि पनि निकै समस्या भएको छ ।यसले गर्दा जिल्ला खुल्ला दिसामुक्त भएको पनि कुनै औचित्य नभएको जयपृथ्वी बहुमुखी क्याम्पसका विद्यार्थी कृष्ण सिंहले बताए।

निजी बोर्डिङ स्कुल खोलेर चलाएर बसिरहेको छु। होस्टेलमा बस्ने बालबालिकालाई स्वच्छ पानी पिउन त परै जाओस् हातमुख धुन पनि साह्रै समस्या भएको छ। दैनिक पानी दिने ठाउँमा ३ दिन ४ दिनपछि पानी आउने भएपछि अधिकांश स्थानीयहरू खोलाको पानीमा आधारित छन्। यहाँ विभिन्न निकायमा कार्यरत कर्मचारी र सदरमुकाम बासीहरूलाई दैनिक पानीको अभावका कारण बाउली खोलाको दुषित पानी पिउन र खान बाध्य भएको खप्तड बोर्डिङ स्कुलका शिक्षक मोहन विकले बताए।

नगरपालिका र स्थानीय तहको निर्वाचन भइसकेपछि मानव जीवनका दैनिक समस्याहरू त समाधान हुनुपर्ने हो तर यसको ठीक उल्टो भइरहेको छ। आज भन्दा १० वर्ष पहिलेकै स्थितिमा जिल्लाको सदरमुकाम चैनपुर छ । दिसा गर्न र खानेपानी ल्याउन आफ्नो व्यक्तिगत सरसफाइ गर्न पुरानै पारामा खोलाको फोहर पानी नै प्रयोग गरिरहेका छन्। मानवतावादी राजा जयपृथ्वीबहादुर सिंहको नामबाट नामांकृत गरेर बनेको नगरपालिका भन्नु पनि लाज लाग्ने भएको स्थानीयबासी जोग कठायत बताउँछन्।

अहिले नगरभित्र खानेपानीको समस्या छ। तर सानातिना योजनाहरू र यो बस्तीभित्र रहेका मुहानहरूलाई व्यवस्थित गर्ने योजना छ। आफू जनप्रतिनिधि भइसकेपछि खानेपानीको समस्या समाधान गर्न पनि नसक्दा आफूलाई साह्रै गाह्रो लागेको छ। सदरमुकाम चैनपुर खानेपानी व्यवस्थापनका पदाधिकारीहरूलाई लिखित मौखिक जानकारी दिइसकेका छौं। अब नगरपालिका र जिल्लाकै सदरमुकाम चैनपुरमा खानेपानीको अभाव अबको दिनमा हुन नदिन सम्बन्धित निकायसँग छलफल गरेको बताउनुभयो।

जिल्लाकै मुटु मानिने सदरमुकाम चैनपुरमै त खानेपानीको अभावका कारण सेती नदी र बाउली खोलाको पानी पिउन बाध्य भएका छन्। जिल्लालाई खुल्ला दिसामुक्त घोषणा भइसकेको छ तर खानेपानीको उचित व्यवस्था नहुँदा यहाँका स्थानीय बासिन्दाहरू खोलाको पानीले जीवन गुजारा चलाइरहेका छन्। सदरमुकाममै त खानेपानीको हाहाकार भइरहेको छ भने जिल्लाका विकट बस्तीहरूको त सहजै अनुमान गर्न सकिन्छ।

# निमित्तका भरमा चल्दै स्थानीय तह

**नेपाल समाचारपत्र**

डोटी

स्थानीय सरकारका रूपमा रहेको स्थानीय तहमा कर्मचारीको अभाव देखिएको छ। डोटीकै पुरानो नगरपालिका दिपायल-सिलगढी नगरपालिका गत भादौदेखि निमित्त कार्यालय प्रमुखकै भरमा सञ्चालन भइरहेको छ। तत्कालीन कार्यकारी अधिकृत तुल्सीप्रशाद आर्चायको गत भदौमा सरुवा भएपछि भोजराज शर्माले निमित्त प्रमुखको जिम्मेवारीमा पाएका थिए।

डोटीको शिखर नगरपालिकामा पनि कृषि शाखाका कृष्णदत्त पाण्डे निमित्त कार्यकारीको भूमिकामा छन्। डोटीको सायल गाउँपालिमामा पनि नायब सुब्बा लालबहादुर बोगटी कार्यकारी प्रमुखको जिम्मेवारीमा छन्। डोटीको पूर्वीचौकी गाउँपालिको प्रमुख पनि निमित्तकै भरमा सञ्चालित छ।

डोटीका ९ मध्ये ६ वटा स्थानीय तह निमित्तकै भरमा सञ्चालन आफ्नो कामकारबाही सञ्चालन गर्दै आएको छ। स्थानीय सरकारका रूपमा परिचित स्थानीय तह नै निमित्त कर्मचारीको भरमा सञ्चालन हुँदा सेवा प्रवाह प्रभाकारी हुन नसकेको सेवाग्राहीको गुनासो छ। सरकारले गाउँपालिकामा शाखा अधिकृतलाई कार्यकारी भूमिकामा खटाए पनि उनीहरू तोकिएको कार्यालयमा नबस्दा पनि निमित्तको भरमा स्थानीय सरकार चल्न बाध्य छ।

जनप्रतिनिधिको काम नीतिगत निर्णय गर्ने र कर्मचारीको काम कार्यान्वयन भए पनि योजनाको प्रभावकारी कार्यान्वय हुन नसकेको पूर्वीचौकी गाउँपालिका अध्यक्ष दीर्घ बोगटीले बताउनुभयो । उहाँले भन्नुभयो- 'दरबन्दीअनुसारका कर्मचारी छैनन् ,त्यसमा पनि कार्यकारी कर्मचारी नहुँदा निमित्त कर्मचारीको भरमा दैनिक कामकारबाही सञ्चालन भइरहेको छ।'

कार्यकारी र मातहतका कर्मचारी नहुँदा कार्यसम्पादनमा समस्या भएको सायल गाउँपालिकाका निमित्त कार्यकारी प्रमुख लालबहादुर बोगटीले बताउनुभयो। उहाँले भन्नुभयो- 'म अहिले निमित्त कार्यकारीको भूमिकामा छु, सायल गाउँपालिकाको वडा नं. ४ र ६ को वडासचिव पनि म नै हुँ, यत्रो जिम्मेवारी कसरी सम्हाल्न सकिन्छ।' बोगटीले थप भन्नुभयो,'कार्यालय समयमा हतार त हुने नै भयो। तर, बिहान, राति र बिदाको दिनमा पनि काम गर्नुपर्ने अवस्था छ।'

कार्यालय प्रमुख मात्र होइन अन्य विभिन्न पदका जनशक्ति अभाव रहेको छ। गाउँपलिकाका कर्मचारीको दोहरो जिम्मेवारी भएका कारण काममा ढिलासुस्ती भएको पूर्वीचौकी गाउँपालिकाका अध्यक्ष बोगटीले बताउनुभयो। उहाँले भन्नुभयो- 'आफ्नो जिम्मेवारीको कामसँगै निमित्त कार्यकारीको पनि जिम्मेवारी सम्हाल्नुपर्दा काममा केही ढिलासुस्ती आउनु स्वभाविक हो, अन्य कर्मचारीहरू पनि दोहरो जिम्मेवारीमा छन्।'

अनुभवी जनशक्ति नहुँदा योजना कार्यान्वयनमा समस्या आएको बोगटान गाउँपालिकाका अध्यक्ष कमलबहादुर गडसिलाले बताउनुभयो। उहाँले भन्नुभयो- 'हाम्रा लागि पनि नयाँ अनुभव भइरहेको छ, कर्मचारीका लागि नयाँ काम भएकाले सिक्दै गर्नुपरिरहेको छ। सबै ऐन, कानुन, नियमावली अध्ययन गर्दै जाँदै छौं।' स्थानीय तह नयाँ संरचना भएकाले काम गर्दै र सिक्दै जानुपर्ने सायल गाउँपालिकाका अध्यक्ष तेजबहादुर डुम्रेलले बताउनुभयो।

# औचित्यहीन बन्दै 'कन्भेक्स मिरर'

**नेपाल समाचारपत्र**

पर्वत



पोखरा बागलुङ राजमार्गअन्तर्गत पर्वतखण्डमा राखिएका 'कन्भेक्स मिरर' (ऐना) को सुरक्षा चुनौती देखिएको छ। दुर्घटना न्यूनीकरणका लागि भनेर जडान गरिएका ऐना अहिले जडान गरेको एक महिना नबित्दै चोरी हुन थालेका छन् भने केही ऐनामा अहिले धुलोले ढाकेर सवारी नै नदेखिने बनेको छ।

कात्तिकको अन्त्यतिर सडक डिभिजन कार्यालय बागलुङको सहयोग तथा जिल्ला ट्राफिक कार्यालय पर्वतको सहकार्यमा पोखरा बागलुङ राजमार्गको पर्वत खण्ड सँगै मालढुंगा बेनी सडकमा समेत गरी ३० वटा ऐना जडान गरिएको थियो। जडान गरिएका ऐनामध्ये २ वटा ऐना चोरिएका छन्। ऐना जडान गरिएपछि यस क्षेत्रमा दुर्घटनामा पनि कमी आएको थियो।

लाखौं रुपियाँ खर्चेर जुन उद्देश्यका साथ ऐना जडान गरे पनि अहिले सुरक्षाको अभावमा औचित्यहीन बन्दै गएका छन्। सुरक्षा गर्ने जिम्मेवारी आमनागरिकसँगै यात्रु र सवारी चालकहरूको भएको बताउँदै त्यसतर्फ सडक डिभिजन कार्यालयले पनि प्रहरीलाई सुरक्षाका लागि अनुरोध गर्ने डिभिजन कार्यालय बागलुङका प्रमुख थानेश्वर खत्रीले जानकारी दिनुभयो।

यता जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपरासीले भने ऐनाको सुरक्षाका लागि कार्यालयले पहल गरिरहेको बताएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख महेन्द्र रानाभाटले पर्वत क्षेत्रमा पर्ने सडक खण्डमा राखिएका ऐना सुरक्षाका लागि आफूहरू लागिपरेको र रातिको समयमा चोरी हुने गरेकाले त्यसलाई नियन्त्रण गर्न सबैको सहयोग आवश्यक रहेको बताउनुभयो।

# जिल्ला अस्पतालमा थपियो नयाँ सेवा

**हिक्मत नेपाली, दैलेख**

जिल्ला स्वास्थ्य कार्यालय दैलेखमा दर्जनौं नयाँ स्वास्थ्यसेवा थप गरिएको छ। १५ शैयाको क्षमता रहेको जिल्ला स्वास्थ्य कार्यालय दैलेखमा नयाँ सुविधाहरू थप गरिएका हुन्। यसअघि नभएका सेवाहरू अहिले जिल्ला अस्पताल दैलेखमा थप गरिएको जिल्ला स्वास्थ्य कार्यालय दैलेखका प्रमुख डाक्टर शोभित थापाले जानकारी दिएका छन्। उनका अनुसार पुराना र जीर्ण अवस्थामा रहेका भौतिक सामग्रीहरू निमार्ण गरी सञ्चालनमा ल्याइएको छ। दैलेखमा सेवा नपाएपछि बाह्य जिल्ला जानुपर्ने बाध्य दैलेखका बिरामी नयाँ सुविधाहरू थपिएपछि दैलेखमै स्वास्थ्य सुविधा लिन पाउने भएका छन्। जिल्लामा विभिन्न स्वास्थ्य सेवा लिनका लागि सुर्खेत तथा नेपालगन्ज जानुपर्ने बाध्यता रहेको थियो।

जिल्लामा रहेका दाँतका बिरामीहरूले अब जिल्ला स्वास्थ्य कार्यालयबाट नै डेन्टल सेवा पाउने भएका छन्। यसअघि दाँत सम्बन्धिका बिरामीहरूले सामान्य सेवा पाउँदै आएका थिए। आधुनिक खालको डेन्टर सेवा जिल्ला स्वास्थ्य कार्यालय दैलेखमा पहिलोपटक सञ्चालनमा ल्याइएको डा. थापाले बताए। स्वास्थ्य कार्यालयमा आधुनिक सीआर एक्सरे सेवासमेत सञ्चालनमा ल्याइएको छ। उक्त एक्सरेबाट एकै पटकमा ५ जनासम्मको एक्सरे गर्न सकिने डा. थापाले बताए। उनका अनुसार २८ दिनमुनिका बालबालिकाहरूका लागि एउटै कोठामा सेवा दिनका लागि व्यवस्थापन गरिएको छ। यस्तै जिल्ला स्वास्थ्य कार्यालय दैलेखमा एसएनसीयु सेवा, नयाँ एम्बुलेन्स सेवा, नयाँ स्टोर कोठासमेत सञ्चालनमा ल्याइएको उनले जानकारी दिए। स्वास्थ्य कार्यालयले सञ्चालनमा ल्याएको अस्पताल फार्मेसिसले बिरामीहरूलाई १० प्रतिशत छुटमा २४सै घण्टा सेवा दिइरहेको थापाले बताए। फार्मेसीमा अहिले ३ जना कर्मचारी राखिएको छ।

अस्पतालमा आउने बिरामीहरूका लागि युरोगार्डसहितको खानेपानी सेवा सञ्चालनमा ल्याइएको छ। अस्पतालमा मापदण्डअनुसारमा इमरजेन्सी सेवालाई व्यवस्थापन गरिएको छ। विष सेवन गरी आएका बिरामीलाई छुट्टै पोइजन व्यवस्थापन कोठाको व्यवस्था गरिएको छ। सोडियम र पोटासियमसहितको रगत जाँच मेसिनको व्यवस्थापन गरिएको डा. थापाले जानकारी दिएका छन्।

जिल्ला स्वास्थ्य कार्यालय दैलेखमा जीर्ण अवस्थामा रहेको जेनेरेटरलाई मर्मत गरी सञ्चालनमा ल्याइएको छ। बालबालिकाहरूका लागि छुट्टै वार्डको व्यवस्थापन गरिएको डा. थापाले जानकारी दिए। टिभीका बिरामीहरूका लागि जाँच मेसिन जिन एक्सपर्ट बुधबारबाट मात्रै सञ्चालनमा ल्याइएको उनले बताए। अस्पतालमा ल्याब र एक्सरे सेवालाई २४सै घण्टा सञ्चालन गरिएको उनले बताए। यस्तै जिल्ला स्वास्थ्य कार्यालय दैलेख परिसरमा २ सय जना बिरामीहरू बस्न मिल्ने गरी हलको व्यवस्थापन गरिएको थापाले जानकारी दिएका छन्। अस्पताल परिसरमा गाडी पार्किङको व्यवस्थापन गरिएको छ भने पुरुष बिरामीहरूका लागि नयाँ शौचालय निर्माण गरिएको थापाले जानकारी दिएका छन्। यस्तै एचआईभीका बिरामीहरूका जाँचका लागि सीडीफो मेसिन ल्याइएको उनले जानकारी दिए। जिल्ला स्वास्थ्य कार्यालयमा डा. शोभित थापा सरुवा भएर आएको एक वर्षभित्र गरिएका नयाँ कामहरूका बारेमा जानकारी दिन गरिएको पत्रकार घेटघाट कार्यक्रममा यस्तो जानकारी दिइएको हो। अपतालमा नयाँ सेवा सुविधाहरू थपिए पनि प्रर्याप्त मात्रामा स्वास्थ्यकर्मी नहुँदा सेवा प्रवाहमा समस्या उत्पन्न भएको डा. थापाले बताए। अहिले जिल्ला स्वास्थ्य कार्यालय दैलेखमा ३ जना डाक्टरहरू कार्यरत रहेको डा. थापाले बताए। उनले जिल्ला स्वास्थ्य कार्यालय दैलेखमा आउने बजेट स्थानीय तहमा गएको बताउँदै योजनाअनुसारको काम गर्न समस्या भएको बताए। कार्यक्रममा पछिल्लो समय परिवार नियोजनका साधन प्रयोग गर्नेको संख्यामा वृद्धि भएको बताइएको छ। यस्तै जिल्ला अस्पताल दैलेखमा सुरक्षित मातृत्वलगायतका सेवाका लागि व्यवस्थित सेवा प्रदान गरिएको बताइएको छ। जिल्ला स्वास्थ्य कार्यालयसंगै जिल्लामा सबैजसो स्वास्थ्य संस्थाहरूमा यस वर्ष औषधि अभाव भएको देखिएको भए पनि व्यवस्थापन गरिएको डाक्टर थापाले जानकारी दिए।

कार्यक्रममा अस्पताल विकास समितिका अध्यक्ष बासना थापाले जिल्ला सदरमुकाम रहेको स्वास्थ्य कार्यालयमा नयाँ सेवा तथा सुविधाहरू थप गरी नागरिकहरूलाई सहज रूपमा स्वास्थ्यसेवा प्रदान गर्न लागिएको जानकारी दिइन्। उनले जिल्ला स्वास्थ्य कार्यालय दैलेखको विकासका लागि सबैको सहयोग आवश्यक रहेको बताइन्।

**जनसृजनशील सामुदायिक वन उपभोक्ता समुह, निजगढ नपा ६ र ७ (सिंगौल) बाराको गोलिया काठ लिलाम बिक्री सम्बन्धि सुचना**

प्रथम पटक प्रकाशित मिति:२०७४।१०।२५

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ. ब. २०७३/०७४ मा संकलन भई घाटगद्दिमा रहेको साल र अन्य जातको गोलिया थान १९९ को ४८२२ क्विफिट काठ तथा ४.५० चट्टा दाउरा शिलबन्दी बोलपत्रव्दारा लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित मितिले २१ औं दिनसम्म कार्यालय समयभित्र काठको व्यवसाय गर्ने इजाजत प्राप्त स्थायी लेखा नम्बर वा मू. अ. करमा दर्ता भएका र कर चुक्ताको प्रमाण पत्र भएको व्यक्ति वा फर्महरुले जिल्ला वन कार्यालय बारा वा यस समुहबाट बोलपत्र खरिद गरी २२ औं दिनको २ बजे भित्र माथि उल्लेखित कार्यालयहरु मध्ये कुनै एकमा शिलबन्दी बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समुहको फोन नं. ९८४५४९७०९८ मा सम्पर्क गर्न हुन समेत अनुरोध गरिन्छ ।

**हार्दिक श्रद्धाञ्जली**



जन्म : वि.सं. १९९६ कार्तिक

स्वर्गारोहण : वि.सं. २०७४ माग १३

**स्व. कृष्ण दाश श्रेष्ठ**

यस ग्लोवल ट्रेड कन्सर्नमा श्री राजेश कुमार श्रेष्ठको पूजनिय पिता कृष्ण दाश श्रेष्ठको यहि मिति २०७४/१०/१३ गतेका दिन असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामनाका साथ हार्दिक समवेदना प्रकट गदर्छौं ।

**ग्लोवल ट्रेड कन्सर्न परिवार**

असन, कमलाक्षी, काठमाडौं

प्रो. मीन कृष्ण श्रेष्ठ

# विकासको बाधक गरिबी र अशिक्षा

**दयाराम पण्डित, बाजुरा**

जिल्ला न्यायाधीश पुष्पराज थपलियाले गरिबी र अशिक्षा नै दिगो विकासको बाधक रहेको बताउनुभएको छ। विश्वव्यापी मान्यताअनुसार दिगो विकासका १७ वटासूचकमा आधारित रहेर बाजुराको दिगो विकासलाई लक्षित गरी आयोजना गरिएको गोष्ठीबारे छलफल गर्दै सोमबार दिउँसो सो कुरा बताउनुभएको हो।

दिगो विकासको प्रमुख आधार शिक्षा र चेतना हो त्यसमा बाजुरा निक्कै पछाडि छ। स्तरीय शिक्षा नै दिगो विकासको पहिलो सूचक हो भने अशिक्षाले निम्त्याएको गरिबी अर्को कारण हो। बाजुरामा शिक्षाको अवस्था पनि सन्तोषजनक छैन गरिबी पनि उत्तिकै छ। यसले दीगो विकासमा असर पर्छ नै न्यायाधीश थपलियाको दाबी थियो। न्यायाधीश थपलियाले भन्नुभयो- 'हामीसँग शिक्षा र चेतना भए गरिबी स्वत: हट्नेछ। दिगो विकासका लागि न्यायमा पहुँचको विषयमा बोल्नुहुँदै हालको अवस्था 'जसको शक्ति उसको भक्ति' भनेजस्तै जसको पहुँच उसैको न्याय भएको बताउनुभयो। न्यायाधीश थपलियाले बाजुरा जिल्ला अदालतमा दर्ता हुने अधिकांश मुद्दाहरू महिला र बालबालिकासँग सम्बन्धित हुन्छन्। विहे गरी बच्चा जन्माएको हुन्छ। तर, उसको विवाह दर्ता र बालकको जन्मदर्ता हुँदैन। जब महिलालाई घरबाट निकालिन्छ उनी न्यायको ढोकामा आउँछिन्। महिला बालबालिकासँग प्रमाण नै हुँदैन। कानुनले प्रमाण खोज्ने हुँदा प्रमाणका आधारमा फैसला हुन्छ। त्यहाँ पनि पहुँचकै आधारमा फैसला हुने गरेको विचार व्यक्त गर्नुभयो। हामी न्याय अन्तिम अवस्थामा खोज्छौं त्यसका लागि प्रमाण हुँदैनन्। बच्चा जन्मदा स्वास्थ्य चौकीमा जन्मदर्ता फारम राखेर भराइ प्रमाणित गराउनुपर्ने। त्यस्तै विवाह दर्तामा पनि विवाहकै मण्डपमा सम्बन्धित वडा पञ्जीकाधिकारीले विवाह दर्तामा फारम भर्न लगाइ सहजीकरण गर्न सकिन्छ तर काम गर्ने चाहना हुनेपर्नेमा जोड दिनुभयो।

कानुनले गुण र दोषको आधारमा फैसला हुनुपर्नेमा त्यसो हुन नसकेको बताउनुभयो। न्यायाधीश थपलियाले घुमाउरो पारामा बोल्नुहुँदै थैलो भर्ने न्यायाधीशलाई फाइदा नपुर्‍याउन आग्रह गर्नुभएको छ। दाबीसहितको कानुनी उपचारका लागि परिचयपत्रसहित आउनुपर्ने बताउनुभएको छ। सामाजिक व्यवहार सुधार ऐन २०३३ ले बढीमा ५१ जना जन्ती जान पाउने प्रावधान छ तर, व्यवहारमा त्यो लागू भएको देखिँदैन मृत कानुनलाई समयानुकूल गर्न पनि नीति तथा कानुन निर्माणकर्तालाई आग्रह गर्नुभयो। बाजुराको विकासका लागि बाजुराकै बासिन्दा अग्रसर हुन पनि आग्रह गर्नुभएको छ।

त्यसैगरी प्रमुख जिल्ला अधिकारी लुकबहादुर क्षेत्रीले दिगो विकास लागि व्यक्ति परिवर्तन हुनुपर्नेमा जोड दिनुभएको छ। कार्यक्रमले छुटफुट भएका घटनाहरूलाई पनि महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुयो। बाजुराका यी सवाललाई राष्ट्रिय योजना आयोगले बनाउने नीति कार्यक्रममा समेत दिगो विकाससम्बन्धी भएको बहसमा पहल हुने अपेक्षा आफूहरूले गरेको बताउनुभएको छ।

पत्रकार उमिद बागचन्दले दिगो विकास लक्ष्यसम्बन्धी १७ वटा बुँदाहरूको बारेमा सहजीकरण गर्नुभएको थियो। 'ल्यानकाउ' नेपालको आयोजना तथा इम्बेसी किङडम नेदरल्यान्डको सहयोगमा सुदूरपश्चिम क्षेत्रका तथा प्रदेश नं. ७ का ९ वटै जिल्लामा जिल्लामा रहेका सरकारी तथा गैरसरकारी क्षेत्र, नागरिक समाज, कानुन व्यवसायी र पत्रकाहरूको सहभागितामा कार्यक्रम सञ्चालन गरिएको छ। बाजुरामा पछिल्लो तथ्यांकअनुसार ६४ प्रतिशत मानिस गरिबीको रेखामुनि छन् भने ५९ प्रतिशत मानिस साक्षर छन्।

# विश्व

**आक्रमण**
सिरियाली राजधानी दमास्कसबाहिरको एक नगरमा इजरायली विमानको आक्रमणमा क्षतिग्रस्त भवन अवलोकन गर्दै स्थानीय।



**प्रक्षेपण**
नासाको केनेडी स्पेस सेन्टरबाट अहिलेसम्मकै सबैभन्दा ठूलो र शक्तिशाली रहेको स्पेस एक्सको फाल्कन हेभी रकेट प्रक्षेपण गर्दै।



2018, FEB
Thursday
8

विश्व २ मिनेट

**सिरिया**

## इजरायली आक्रमण

दमास्कस, (एजेन्सी)

सिरियाली सेनाले राजधानीनजिक भएको इजरायली हमलाको प्रतिवाद गरेको सिरियाको सरकारी एजेन्सीले जनाएको छ। वायु प्रतिरक्षा सेनाले दमास्कसबाहिरको इलाकालाई निसाना बनाइ इजरायली विमानहरूले गरेको आक्रमणको जवाफमा प्रत्याक्रमण गरेको सेनाले जनाएको छ। उक्त घटनालाई लिएर इजरायलले तत्काल कुनै टिप्पणी गरेको छैन। एक महिनाभन्दा कम समयमा यस प्रकारको आरोप आएको दास्रो पटक हो। सिरिया सेनाले जनवरी ९ मा इजरायलमाथि सैन्य शिविरमा क्षेप्यास्त्र प्रहार गरेको आरोप लगाएको थियो। उक्त आक्रमणमा सैन्य सामग्री नष्ट भएको सेनाले बताए।

**अमेरिका**

## फाल्कन हेभी सफल प्रक्षेपण

केप क्यानभेरल, (एजेन्सी)

अमेरिकी निजी अन्तरिक्ष कम्पनी स्पेस एक्सले अहिलेसम्मकै सबैभन्दा शक्तिशाली तथा भारवहन क्षमता भएको विशाल रकेट 'फाल्कन हेभी' सफलतापूर्वक प्रक्षेपण गरेको छ। मंगलबार उक्त रकेटले अमेरिकी अन्तरिक्ष एजेन्सी नासाको जोन एफ केनेडी स्पेस सेन्टरबाट अन्तरिक्षमा प्रक्षेपण गरिएको हो। फाल्कन हेभीको अगाडिको ट्याँकमा टेस्लाको नयाँ गाडी लोड गरिएको छ। यो गाडी अन्तरिक्षको कक्षमा पुग्ने पहिलो गाडी भएको छ। उक्त रकेट केनेडी सेन्टरको चन्द्रमा अभियानमा प्रयोग भएको प्लेटफर्मबाटै प्रक्षेपण गरिएको थियो। स्पेस एक्स र टेस्ला कम्पनी दुवैको मालिक अर्बपति धनाढ्य एलोन मस्क हुन्।

**अमेरिका**

## ट्रम्पको इच्छा

वासिङटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्देशनमा रक्षामन्त्रालय पेन्टागनले अमेरिकी सेनाको शक्ति प्रदर्शन गर्ने उद्देश्यले राजधानीका सडकमा भव्य परेडको आयोजना गर्ने भएको सरकारी सूत्रले मंगलबार जनाएको छ। रक्षामन्त्री जिम म्याटिस र संयुक्त सेनाप्रमुख जनरल जोसेफ एफ. डनफोर्ड जुनियर उपस्थितगत १८ जनवरीमा बसेको बैठकमा ट्रम्प बासिल्ले दिवसमा सैनिक परेडको आयोजना गराउन इच्छुक रहेको जानकारी दिइएको पेन्टागनले जनाएको छ। एक जना सैनिक अधिकारीले ट्रम्पले फ्रान्सको जस्तो भव्य सैनिक कार्यक्रमको अपेक्षा राखेको बताएका छन्।

**सिरिया**

## सर्वसाधारण मारिए

दमास्कस,, (एजेन्सी)

सिरियाको राजधानीदमास्कस नजिकको लडाकू नियन्त्रित क्षेत्रमा मंगलबार भएको हवाई आक्रमणमा कम्तीमा ७८ जना सर्वसाधारण मारिएको सरकारी सूत्रले जनाएको छ। पश्चिमी जगतले यसरी सर्वसाधारणको ज्यान जाने गरी आक्रमण नगर्न सिरियाली राष्ट्रपति बसार अलअसादमाथिनिरन्तर दबाब दिँदै आएको छ। अघिल्लो दिनमात्र पूर्वी घोउटामा भएको भीडन्तमा ३१ जना सर्वसाधारणको ज्यान गएको थियो। संयुक्त राष्ट्र संघले युद्धपीडितहरूको सहयोग कार्य अघि बढाउन सात वर्ष लामो युद्ध रोकन आहवान गरेको छ।

# क्षतिग्रस्त भवनबाट सबैको उद्धार

## अझै सयौंको अवस्था अज्ञात




ताइपेइ, (एजेन्सी)

ताइवानमा मंगलबार राति आएको शक्तिशाली भूकम्पपछि पनि पराकम्पन आउने क्रम जारी रहेको छ। भूकम्पका कारण मर्नेको सख्या ६ पुगेको सरकारी अधिकारीहरूले पुष्टि गरेको छन्।

हुलियन शहरमा कयौं भवनहरूलाई ठूलो क्षति पुगेको छ। एउटा भवनमा १ सय ४० भन्दा बढी नागरिकका विषयमा अझै कुनै जानकारी प्राप्त नभएको बताइएको छ। पर्यटकहरूका लागि लोकप्रिय मानिने हुलियनको आवादी करिब १ लाख रहेको छ। हुलियन नगरका बासिन्दालाई तिनीहरूको क्षतिगस्त घरमा नबस्न भनिएको छ र लगातार पराकम्पनका कारण करिब ८ सय नागरिकले सामुदायिक भवनहरूमा आश्रय लिएका छन्।

त्यसै गरी आवासिय तथा व्यवसायिक प्रयोजनमा रहेको युनमेन कुइदी भवन पनि भूकम्पको धक्काले ढल्केको छ। यहाँ रहेका करिब १ सय ४३ जना अझै सम्पर्कमा नरहेको स्थानीय सञ्चार माध्यमले जनाएका छन्।

आपतकालीन सेवाका लागि जिम्मेवार सरकारी विभागले भूकम्पका कारण क्षति पुगेका भवनमा फसेका करिब सबैलाई निकालिसकेको जानकारी दिए।

६ दशमलव ४ म्यागिनच्युडको उक्त भूकम्पका कारण दुईको मृत्यु भएको र अन्य कैयौं घाइते भएको ताइवानका अधिकारीहरूले बताएका छन्। घाइतेको संख्या कम्तीमा २ सय पुगेको उनीहरूले जानकारी दिए।

भूकम्प स्थानीय समय राति ११ बजेर ५० मिनेट जाँदा आएको थियो। सामाजिक सञ्जालहरूमा राखिएका तस्वीरहरूमा सडक तथा अग्ला भवनहरूलाई धेरै क्षति पुगेको देखिएका छन्। स्थानीय सञ्चार माध्यमहरूले १० तल्लाको मार्सल होटलको भूमिगत तल्लामा कम्तीमा दुई कर्मचारी फसिरहेको आशंका गरेका छन्। भूकम्प प्रभावित इलाकाका बासिन्दालाई भूकम्पपछिको पराकम्पनका कारण ग्यास चुहावटको सम्भावना समाप्त नभएसम्म घर नफर्कन सल्लाह दिएको छ। हुआलिन दमकल विभागले केही क्षति पुगेका भवनवाट कम्तीमा २८ जनालाई सुरक्षित निकालिएको जानकारी दिएको छ।

भूकम्प र त्यसपछिको पराकम्पनबाट त्रसित बासिन्दाले पार्क, स्कुलका भवनहरूमा र अन्य सार्वजनिक खुला स्थानमा रात गुजारेका थिए। पीडितहरूको उद्धार तथा राहतका लागि आपतकालीन कर्मचारीलाई सहयोग गर्न सेना पनि परिचालन गरिएको छ। भूकम्पले राजमार्ग तथा पुलहरूमा पनि क्षति पुगेको छ।

ताइवानको भौगोलिक स्थिति दुई भूगर्भीय प्लेट एक आपसमा मिलेको स्थानमा भएकाले भूकम्प आइरहने गर्छ।

# छात्र हत्या मुद्दामा एक जनालाई मृत्युदण्ड

इस्लामावाद, (एजेन्सी)




पाकिस्तानको एक अदालतले मासल खान नामक एक विद्यार्थीको हत्या मुद्दाबारे निर्णय दिएको छ। खानमाथि धर्मको अपमान गरेको झुठो आरोप लगाई हत्या गरेको अभियोगमा मंगलबार अदालतले एक जनालाई मृत्युदण्ड र अन्य पाँच जनालाई आजीवन कारावास सजाय तोकेको छ।

सन् २०१७ मा मुस्लिम धर्मको अपराध गरेको अभियोगमा उत्तर पश्चिम पाकिस्तानको एउटा विश्वविद्यालयको छात्रावासबाट उनका सयौं सहपाठीले उनलाई घिसार्दै निकालेका थिए। गोली हानी मारेर अंगभंग गरिनुअघि उनलाई भीडले नराम्ररी पिटेको थियो।

तीनजना नाइकेलगायत ५७ जना व्यक्तिलाई उनको हत्याको विषयमा मुद्दा चलाइएको हो। सुरक्षालाई मध्यनजर राख्दै आशंकित व्यक्तिहरू थुनिएको हरिपुर सेन्ट्रल जेलमा नै मुद्दा चलाइएको थियो। कट्टरपन्थी इस्लामिक समूहबाट हुन सक्ने सम्भावनालाई ध्यानमा राख्दै निर्णयको सम्मुख कारागार वरपर कडा सुरक्षा प्रबन्ध गरिएको थियो।

धार्मिक रुढिवादी मुलुक पाकिस्तानमा धार्मिक अपमान राजनीतिक र सामाजिक विषय बन्ने गरेको छ। यस मुद्दामा पच्चीस जनालाई सामान्य सजाय सुनाइएको र अन्य छब्बीस जनालाई सफाइ दिइएको अदालतको सूत्रले जनाएको छ।

खानलाई गोली ठोक्ने उनकै सहपाठी इमरान अलीलाई मृत्युदण्ड सुनाइएको हो। यसै हत्याकाण्डमा गत महिना मात्र पक्राउ गरिएका ५८औं आशंकितविरुद्ध छुट्टै मुद्दा शुरू गरिएको बताइएको छ।

मासल खानका पिता इकवाल खानले बीबीसी उर्दुलाई बताएका छन- 'यस मुद्दाले न्याय गरेको छैन। स्पष्ट भिडियो र अन्य प्रमाणहरू हुँदाहुँदै पनि त्यति धेरै व्यक्ति त्यसै छुटे।' २५ वर्षीय खान खाइवर पाखतुन्खवा प्रान्तस्थित अब्दुल वाली खान युनिभर्सिटी मार्दानमा आम सञ्चार विषय लिएर अध्ययन गर्दै थिए।

आफूलाई मानववादी बताउने खानले छात्रावासको आफ्नो कोठाको भित्तामा चे ग्वेभारा र कार्लमार्क्सलगायतका राजनेताहरूका तस्वीर र महावाणी टाँस्ने गरेका थिए। मारिनु एक दिनअघि उनको आफ्ना साथीहरूसँग धर्मको विषयमा चर्को विवाद भएको बताइएको छ।

उनले युनिभर्सिटीको नेतृत्वको समेत आलोचना गर्ने गरेका थिए। सन् २०१७ को १३ अप्रिलमा खानले अनलाइनमा मुस्लिम धर्मविरोधी सामग्री राख्ने गरेको हल्ला फैलिएको थियो। पाकिस्तानमा यस्तो अपराधका लागि मृत्युदण्डको व्यवस्था गरिएको छ।

# जापानी राजकुमारीको विवाह सऱ्यो



टोक्यो, (एजेन्सी)

जापानकी राजकुमारी माकोले आफ्नो प्रेमिसँगको विवाह आगामी सन् २०२० सम्मका लागि पर सारेकी छिन्। उनले दाम्पत्य जीवनका लागि आवश्यक योजना बनाउने समय अभावका कारण विवाहको तिथि सारेको जापानी सञ्चार माध्यम जिजी प्रेसले जनाएको छ।

जापानी सम्राट अकिहितोकी २६ वर्षीया नातीनी माकोको यसअघि कानुनी परामर्श केन्द्रमा काम गर्ने केइ कोमुरोसँग नोभेम्बरमा विवाह हुने बताइएको थियो। आगामी वर्ष स्रमाट अकिहितोले स्वेच्छाले गद्दी त्याग गर्न लागेका हुँदा शाही परिवारको कार्य व्यस्तता बढी हुने भएकाले उनले विवाह सारेको हुनुपर्ने अनुमान पनि गरिएको छ। माकोले आफ्नो विवाहका लागि सहयोगमा जुटेका व्यक्तिहरूलाई थप बोझ दिन पुगेकोमा माफी मागेको एएफपी समाचार निकायले जनाएको छ। सर्वसाधारण कोमुरोसँग विवाह गरेपछि माकोको शाही उपाधि खोसिनेछ।

शाही परिवारको घरायसी मामिला प्रवक्ताले सम्राटको गद्दी त्याग र युवराजको गद्दी आरोहण समारोहपछि माकोको सन् २०१२ मा भेटेका प्रेमीसँग विवाह हुन लागेको पुष्टि गरेका छन्।

# किमकी बहिनी दक्षिण कोरिया जाने

सोल, (एजेन्सी)

उत्तर कोरियाका सर्वोच्च नेता किम जोङकी प्रभावशाली बहिनी किम यो जोङ शुक्रबार दक्षिण कोरियाको पियाङचाङमा हुने हिउँदे ओलम्पिक्स खेलकुदको उद्घाटन समारोहमा उपस्थित हुने सोलस्थित मन्त्रीहरूले बुधबार जानकारी गराएका छन्।

उत्तरको सत्तारुढ वकर्स पार्टीको वरिष्ठ अधिकारी यो जोङ गतवर्ष पोलिटब्युरोमा पदोन्नति भएकी थिइन्। उनी सिमार पार गरी दक्षिण कोरिया पुग्ने किम परिवारकै पहिलो सदस्य हुने भएकी छिन्।

उत्तर र दक्षिण कोरिया दुवैका खेलाडीले सो उद्घाटन समारोहमा एउटै झण्डामुनि बसेर मार्च पास गर्न लागेका हुन्। उत्तर कोरियाको यस हिउँदे ओलम्पिक्सको सहभागिताले उत्तर र दक्षिणबीच लामो समयदेखि चल्दै आएको तनाव अन्त्य हुने अनुमान गरिएको छ।

तर संयुक्त राज्य अमेरिका, जापानलगायत अन्य मुलुकले भने उत्तर कोरियाले ओलम्पिक्सलाई प्रोपोगान्डको उद्देश्यले प्रयोग गरेको आरोप लगाएका छन्। विवादास्पद आणविक र क्षेप्यास्त्र कार्यक्रमको कारण उत्तर कोरियामाथि पछिल्लो समयमा संयुक्त राष्ट्र संघले थप कडा प्रतिबन्ध लगाएको थियो।

# मोदीकी पत्नी जसोदा बेन चढेको गाडी दुर्घटनाग्रस्त, एकको मृत्यु

नयाँदिल्ली (एजेन्सी)

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीकी पत्नी जसोदा बेन बसेको इनावा गाडी बुधबार राजस्थानको चित्तौडगढमा दुर्घटनागस्त भएको छ।

दुर्घटनामा एक व्यक्तिको मृत्यु भएको छ भने उनका सुरक्षा गार्ड पनि घाइते भएका छन्। जसोदा बेनलाई स्वास्थ्य परीक्षणका लागि अस्पताल लगिएको प्रहरीले जानकारी दिए। उक्त दुर्घटना चित्तौड-कोटा हाइवेमा भएको हो। दुर्घटनाको सूचना प्राप्त हुनासाथ प्रहरी सक्रिय भएका थिए। जसोदा बेन बसेको वाहन दुर्घटनाग्रस्त भएको सूचना प्राप्त भएलगत्तै प्रहरी अधिकारीहरू घटनास्थलमा पुगेका थिए।

अस्पतालका डाक्टर मधुप बख्सीले जसोदा बेन पूर्ण सुरक्षित रहेको जानकारी दिए। दुर्घटनामा उनलाई कुनै चोट नलागेको उनले बताए। यद्यपि उनीसँगै यात्रामा रहेका कमान्डरको टाउकोमा गम्भीर चोट लागेको बताइएको छ। गाडीमा जेसोदा बेनकी भतिजी र उनकी छोरी पनि उनीसँगै यात्रा गरिरहेको डाक्टर बख्सीले जानकारी दिए। भतिजीको टाउकोमा पनि चोट लागेको तर उनकी छोरी सुरक्षित रहेको उनले बताए।

दुर्घटना चितौड जिला मुख्यालयबाट ४५ किलोमिटर टाढा पारसोली प्रहरी थाना क्षेत्रको कान्टुदानजिकै भएको बताए। जसोदा बेन अहिले चितौड अस्पतालमै छिन्। तर घाइतेहरूलाई थप उपचारका लागि उदयपुरको आएएनटी मेडिकल कलेजमा लगिएको बताइएको छ। जसोदा बेन पनि उनीहरूसँग जान सक्ने अनुमान गरिएको छ।



पारसोलीको थाना अधिकारी श्याम सिंहले दुर्घटनामा वसन्त भाइ नामका व्यक्तिको मृत्यु भएको जानकारी दिए। दुर्घटना किन र कसरी भयो भन्ने विषयमा जाँच भइरहेको उनले बताए। घाइतेहरूलाई तत्काल एम्बुलेन्समा चितौड पठाइएको र अस्पतालमा उपचार भइरहेको उनले जानकारी दिए।



साथीको लहलहै तथा नयाँ ठाउँ घुम्न जान पाइने रहरकै कारण बालबालिकाहरू घरका परिवारलाई जानकारी नगराइ भागेर जाने गरेका छन्।



**महाशिवरात्रिको चटारो :** पशुपति क्षेत्र विकास कोषले महाशिवरात्रिको तयारी शुरु गरिएको जनाएको छ। यसका लागि बुधबार आवास तथा भौतिक, स्वास्थ्य एवं वातावरण, प्रचारप्रसार, सन्त तथा धार्मिक कार्यक्रम, सुरक्षा तथा दर्शन, स्वयंसेवासहित ८ वटा उपसमिति गठन गरिएको कोषले जनाएको छ। यस वर्षको शिवरात्रि आगामी फागुन १ गते परेको छ। यसैको तयारीस्वरूप पशुपति परिसरनजिकै मन्दिर आकारमा निर्माण गरिएको टहरो। तस्वीर : अनिल आङ्देम्बे/काठमाडौं

# सातवटै मन्त्रालय स्थापना

नेपाल समाचारपत्र
हेटौंडा



३ नम्बर प्रदेशको राजधानी हेटौंडामा बुधबारसम्म ७ वटै मन्त्रालय स्थापना भएका छन्। यसअघि ५ वटा मन्त्रालय स्थापना गरेको मुख्यमन्त्रीको कार्यालयले थप २ मन्त्रालय पनि स्थापना गरेको हो।

बुधबार भूमि व्यवस्था, कृषि तथा सहकारी र भौतिक पूर्वाधार विकास मन्त्रालय स्थापना गरिएको मुख्यमन्त्रीको कार्यालयका सचिव रमेशप्रसाद शिवाकोटीले बताउनुभयो। हेटौंडा उपमहानगर-१, चौकीटोलमा निर्माण भएको श्रम कार्यालयको ५ तले भवनमा २ वटा मन्त्रालय राखिएका हुन्। मन्त्रालयहरुको बोर्ड झुण्डाइएसँगै काम पनि तत्काल आफ्न मन्त्रालयबाट थालिने उहाँले बताउनुभयो।

हेटौंडामा माघ २१ गते ३ वटा मन्त्रालय स्थापना गरिएका थिए। उक्त दिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले मातहत ३ वटा मन्त्रालय स्थापना गरेको थियो। डिभिजन सहकारी कार्यालय भवनमा भूमि व्यवस्था, कृषि तथा सहकारी, क्षेत्रीय वन निर्देशनालय हेटौंडाको भवनमा उद्योग, पर्यटन, वन तथा वातावरण र क्षेत्रीय स्वास्थ्य निर्देशनालय हेटौंडाको भवनमा सामाजिक विकास मन्त्रालय स्थापना गरिएको थियो।

७ मन्त्रालय राखिए पनि मन्त्रालयका सचिवसहित कर्मचारी भने आइपुगेका छैनन्। २ मन्त्रालयका सचिवमात्र आइपुगेको मुख्यमन्त्री कार्यालयका सचिव शिवाकोटीले बताउनुभयो। मन्त्रालयहरुका कर्मचारी र सचिवहरु आइपुगेका छैनन्। आउन बाँकी धेरै कर्मचारी आउने क्रममा रहेको शिवाकोटीले बताउनुभयो।

कर्मचारी नआउँदा मन्त्रालयका नयाँ काम शुरु हुन सकेको छैन। मन्त्रालयका बोर्ड झुण्डाइएसँगै त्यहाँ रहेका सरकारी कार्यालय भाडाका घर नपाउन्जेल सरकारी कार्यालयमा व्यवस्थापन गरेर बस्न थालेका छन्।

माघ १९ गते जिल्ला समन्वय समिति भवनमा प्रदेश ३ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सञ्चालनमा आएको छ। समन्वय समिति कार्यालय आफ्नै पुरानो भवनमा सरेपछि मुख्यमन्त्री कार्यालय सञ्चालनमा आएको हो।

क्षेत्रीय प्रशासन कार्यालय मुख्यमन्त्रीको कार्यालयमा सरेर आएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रमुख सचिव रेश्मीराज पाण्डेले प्रमुख सचिवका रुपमा पदबहाली गर्दा पाण्डेले मध्यमाञ्चल क्षेत्रीय प्रशासकको भूमिकामा पनि काम गरिरहनुभएको छ।

जिल्ला शिक्षा कार्यालय मकवानपुर भवनमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय स्थापना भएर काम शुरु भएको छ। शिक्षा कार्यालय भने अगुवा स्रोतकेन्द्रमा सरेको छ।

संविधानअनुसार फागुन ३ गतेभित्र मुख्यमन्त्री चयन भइसक्नुपर्ने भएकाले मुख्यमन्त्रीको कार्यालय सञ्चालनमा ल्याइएको हो। माघ २७ गतेको प्रदेश संसद् बैठकले सभामुख चयन गरेपछि मुख्यमन्त्री चयन गर्नेछ।

# ज्यान मारेको अभियोगमा ३ युवा पक्राउ

विष्णु तिमिल्सिना, बर्दिया

बिवाहमा गएका युवाहरुबीच झगडा भई एक युवालाई कुटपिट गरी मारेको अभियोगमा प्रहरीद्वारा ३ जना युवालाई पक्राउ गरी सार्वजनिक गरेको छ।



बर्दिया जिल्ला ठाकुरबाबा न.पा. वडा नं. २ पेरहनी बस्ने वर्ष १७ को बालकृष्ण आचार्य मिति २०७४ माघ १५ गते बेलुका बलाती गाउँ बस्ने रामबहादुर थारुको छोराको बिबाहको भोज खान गएकोमा सोही राति (१६ गते) अन्दाजी २ बजेको समयमा जिल्ला बर्दिया ठाकुरबाबा न.पा. वडा नं. २ कर्मला बस्ने वर्ष २२ को नक्कु भन्ने रमेश राजवंशी (चौधरी), सोही गाउँ बस्ने वर्ष १७ को माडे भन्ने हरि नारायण दहित (चौधरी) र जिल्ला कैलाली जानकी गाँउपालिका वडा नं. ६ जगतपुर बस्ने वर्ष २० को विकाश चौधरीले बालकृष्ण आचार्यलाई हात, मुक्का (बक्सिङ) तथा सुकेको काठको धारिलो चिरपटसमेतले प्रहार गरी कुटपिट गरी कर्तव्य गरी मारेको अभियोगमा पक्राउ गरिएको हो।

बालकृष्ण आचार्यको खोजी गर्ने क्रममा माघ १७ गते बेलुकाको समयमा सोही ठाउँ बस्ने लालबहादुर थारुको मसुरो, तोरी खेतबारीमा रगताम्य अवस्थामा निज मृतक बालकृष्ण आचार्य मृत अवस्थामा फेला परेको हो। सो घटना सम्बन्धमा अनुसन्धान गर्दा निजहरु तिनै जनालाई पक्राउ गरी प्रहरी हिरासतमा राखि अनुसन्धान कार्य भइरहेको कुरा पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक जनक भट्टराईले जानकारी गराउनुभयो।

# ६ बालबालिकाको उद्धार

सल्यान, (नेस)

भक्तपुरका विभिन्न इँटाभट्टामा काम गर्न गएका सल्यानका ६ बालबालिकालाई उद्धार गरिएको छ। घरबाट भागेर इँटाभट्टामा पुगेका ६ बालबालिकालाई बाल विकास केन्द्रको सहयोगमा उद्धार गरिएको हो। उद्धार गरिएका १२ वर्षमुनिका ६ बालबालिकालाई आज (बुधबार) जिल्लाको सल्लीबजारमा परिवारको जिम्मा लगाइएको छ। उद्धार गरिएकामा ३ बालक र ३ बालिका रहेका छन्। उनीहरु सबै बन्गाड कुपिण्डे नगरपालिका वडा न ८ कुपिण्डे र वडा न ११ माझकाँडाका रहेका छन्।

काठमाडौं घुम्न पाइने, नयाँ कपडा लगाउन पाइनेलगायतका रहरका कारण बालबालिकाहरु इँटाभट्टामा पुग्ने गरेको बालविकास केन्द्र काठमाडौंका भरत थापाले जानकारी दिए। साथीको लहलहै तथा नयाँ ठाउँ घुम्न जान पाइने रहरकै कारण घरका परिवारलाई जानकारी नगराइ भागेर जाने गरेका छन्। बालबालिकाहरुलाई इँटाभट्टामा जानबाट रोक्नका लागि विद्यालय तथा अभिभावकहरुमा सचेतनामूलक कार्यक्रम गर्न जरुरी रहेको थापाको भनाइ रहेको छ।

१ हप्ताअघि मात्र पनि ३ बालबालिकाको इँटाभट्टाबाट उद्धार गरी परिवारको जिम्मा लगाइएको थियो। सल्यानबाट वर्षेनी दर्जन बढी बालबालिकाहरु इँटाभट्टामा जाने गरेका छन्।

# सेवा केन्द्र सार्ने विषयमा ठोरीमा विवाद

वीरगन्ज, (नेस)

गाउँपालिकाको केन्द्र सारेको विरोधमा आन्दोलनरत पर्साको ठोरी गाउँपालिका ५ सुवर्णपुरका बासिन्दाले बुधबार प्रदर्शन गरेका छन्। माघ १५ गते सम्पन्न ठोरी गाउँपलिकाको परिषद्ले गाउँपालिकाको केन्द्र वडा नं ४ घ्याङडाँडामा सार्ने निर्णय गरेपछि सुवर्णपुरका बासिन्दाले आन्दोलन शुरू गरेका हुन् । सुवर्णपुरबाट सेवाकेन्द्र सार्ने निर्णयका कारण आफूहरु मारमा परेको भन्दै स्थानीयहरु आन्दोलनमा उत्रिएपछि मंगलबार बार्ता पनि भएको थियो। पहिलोपटक भएको वार्ता निष्कर्षमा पुग्न नसके पनि उपलब्धिमूलक भएको नेपाल पत्रकार महासंघ प्रदेश नं २ को प्रदेशसभा सदस्य प्रताप श्रेष्ठले जानकारी दिए।

आन्दोलनरत पक्षले शान्तिपूर्ण विरोध प्रदर्शन गर्ने र त्यसको अग्रिम जानकारी स्थानीय सुरक्षाकर्मीलाई दिने र परिषद निर्णय खारेज गर्नुपर्ने स्थानीयको मागमा गाउँपालिकाले गृहकार्य गरेर एक हप्तापछि वार्तामा बस्ने सहमति भएको छ। गाउँपालिकाका प्रवक्ता रामप्रकाश कुँवर र सुवर्णपुरका आन्दोलनरत संघर्ष समितिको तर्फबाट विश्वराज घिमिरे नेतृत्वको टोली वार्तामा बसेका थिए। केन्द्र सार्ने निर्णय खारेज गर्ने मागका सन्दर्भमा आवश्यक छलफल गर्नुपर्ने भएकाले ७ दिनको समय माग गरिएको गाउँपालिकाको तर्फबाट वार्ता टोलीका संयोजक एवं गाउँपालिकका प्रवक्ता रामप्रकाश कुँवरले जानकारी दिए। माग पूरा नभएसम्म आन्दोलन जारी राखिने संघर्ष समितिको तर्फबाट वार्ता टोली संयोजक विश्वराज घिमिरेले बताए। ठोरी गाउँपालिकालाई नै प्रदेश नम्बर ३ मा समायोजन गर्नुपर्ने माग गरेका ठोरीवासी गाउँ परिषद्ले गरेको पछिल्लो निर्णय कार्यान्वयनको माग गरिरहँदा सेवाकेन्द्र सार्ने निर्णयले आफूहरु प्रत्यक्ष मारमा परेको सुवर्णपुरका स्थानीयहरुले बताएका छन्।

# दुवै सिटमा वाम गठवन्धन विजयी

वीरेन्द्रनगर, (नेस)

प्रदेश ६ मा राष्ट्रियसभा सांसदका २ सिटका लागि भएको चुनावमा वाम गठबन्धनका उम्मेदवारहरु विजयी भएका छन्। पहिलो चरणमा दलित र अपाङ्गताको मतपरिणाम सार्वजनिक भएको छ।

दलिततर्फ एमालेका नरपति लुवार ३ हजार ६ सय ६६ मत ल्याएर विजयी हुनुभएको छ। उहाँका प्रतिस्पर्धी कांग्रेसका मित्रलाल सार्कीले ९ सय ६० मत ल्याउनुभएको छ। यस्तै अपाङ्गतातर्फ माओवादी केन्द्रका जीवन बुढाले ३ हजार ७ सय २० मत ल्याएर विजयी हुनुभएको छ भने उहाँका निकतम प्रतिद्वन्द्वी कांग्रेसका गोपालप्रसाद शर्माले ९ सय ७८ मत प्राप्त गर्नुभएको छ। अन्य ६ पदको मतगणना जारी छ।

## ३ र ६ मा...

प्रदेशसभा सदस्य संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका विष्णु तुम्वाहाफेले पनि मतदान गर्नुभएन। प्रदेश नं १ मा ९३ प्रदेशसभा र १ सय ३७ स्थानीय तहका प्रमुख र उपप्रमुखसहित २ सय ७४ समेत गरी ४ सय ११ जनाले मतदान गरेका छन्। सो प्रदेशमा कुल मतदाता ३ सय ६७ रहेका छन्। सो प्रदेशमा दलित एक र अपाङ्गता भएका वा अल्पसङ्ख्यक समुदायबाट एक गरी जम्मा २ जना सदस्यका लागि भएको थियो।

यसअघि महिला ३ र अन्य ३ गरी ६ जना उम्मेदवार निर्विरोध निर्वाचित भएका थिए।

प्रदेश नं ३ मा कुल मतदाता ३ सय ४८ जना सहभागी भएका थिए। त्यसमा प्रदेशसभाका १ सय १० सदस्य र स्थानीय तहको २ सय ३८ जना प्रतिनिधि थिए। सो प्रदेशमा ८ सदस्यका लागि १४ जना उम्मेदवार प्रतिस्पर्धामा रहेका थिए।

आयोगका अनुसार प्रदेश नं ४ मा प्रदेशसभा सदस्य राजीव गुरुङ (दीपक मनाङे) मतदान गर्न आउनुभएन। प्रदेशसभा सदस्यको शपथ नै नलिइएका गुरुङबाहेक प्रदेश ४ मा अन्य सबैले मत हालेका छन्। प्रदेश नम्बर ४ मा अपाङ्गता भएका वा अल्पसङ्ख्यक समुदायबाट एक सदस्यमा उम्मेदवार निर्विरोध निर्वाचित भएकाले अन्य सदस्यमा निर्वाचन हुनेछ। सो प्रदेशमा कुल मतदाता २ सय ३० रहेका छन्।

कुल ३ सय ५ जना मतदाता रहेको प्रदेश नं ५ मा २ जनाले मत हालेनन्। संघीय समाजवादी फोरमबाट निर्वाचित विना पन्त र अहमद साहले मत हाल्नुभएन। यसअघि सो प्रदेशमा महिला ३ जना निर्विरोध निर्वाचित भइसकेका थिए। त्यसैले अन्य ३, दलित १ र अपांगता भएका वा अल्पसंख्यक समूहका १ जना गरी ५ पदका लागि निर्वाचन भएको थियो। यस प्रदेशमा कुल ३ सय ५ जना मतदाता रहेका छन्।

त्यसै गरी प्रदेश ६ को सुर्खेतको वीरेन्द्रनगरस्थित जिल्ला निर्वाचन कार्यालयमा भएको मतदानमा शतप्रतिशत मतदान भएको थियो। प्रदेश ६ मा १ सय ९८ जना मतदाताले नै मतदान गरेका छन्। प्रदेशसभा सांसद ४० जना र बाँकी नगरपालिका र गाउँपालिकाका प्रमुख र उपप्रमुख गरी १ सय ५८ जना मतदाताले मतदान गरेका हुन्। प्रदेश नम्बर ६ मा सबै पदमा निर्वाचन भएको थियो।

त्यसै गरी प्रदेश ७ मा राष्ट्रिय जनता पार्टी नेपालका प्रदेशसभा सदस्य कृष्णकुमार चौधरी र मालती राना थारुले मतदान नगरेको आयोगले जनाएको छ। प्रदेश नं ७ को दिपायलको स्थानीय पद्म पब्लिक मुक्तिनारायण माविमा भएको मतदानमा २ सय २७ जना मतदाताले दिउँसो १ बजेसम्म नै मतदान गरिसकेका थिए।

महिला ३ र अन्य ३ सदस्यका लागि एकल सङ्क्रमणीय मत प्रणालीअनुसार मतदान भएको छ। त्यसै गरी दलित एक, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट १ गरी २ सदस्यका लागि सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने व्यवस्था छ।

प्रदेश ७ मा महिला ३ र अन्य ३ गरी ६ सदस्यमा उम्मेदवारहरू निर्विरोध निर्वाचित भएकाले दलित १ र अपाङ्गता भएका वा अल्पसङ्ख्यक समुदायबाट १ गरी जम्मा २ सदस्यका लागि निर्वाचन भएको थियो।

६ प्रदेशका स्थानीय तहका १ हजार २ सय ३४ र प्रदेश सभाका ४ सय ४३ गरी कुल १ हजार ६ सय ७७ जना मतदाता रहेका छन्। आषनो मताधिकार प्रयोग गर्ने छन्। त्यसै गरी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुख गरी जम्मा १ हजार ५ सय ६ जना मतदाताको प्रत्येकको मतभार १८ र प्रदेश सभाका सदस्य ५ सय ५० जना मतदाता प्रत्येकको मतभार ४८ हुने प्रावधान छ।

मतदान सकिएलगतै ६ वटै प्रदेशमा मतगणना शुरू गरिएको आयोगले जनाएको छ। सबै प्रदेशको मतपरिणाम शुक्रबारसम्ममा आउने आयोगले जनाएको छ। मतपरिणाम बुधबार साँझदेखि आउन थालेको छ। प्रदेश नं १ र ७ को आठ सदस्यकै मतपरिणाम आएको छ।

प्रदेश १ मा राष्ट्रियसभा सांसदका २ सिटका लागि भएको चुनावमा वाम गठबन्धनका उम्मेदवारहरू विजयी भएका छन्। दुईवटै सिटमा वाम गठबन्धनका उम्मेदवारहरू विजयी भएका हुन्।

दलिततर्फ एमालेका खेम नेपाली ६ हजार २ सय ७० मत ल्याएर विजयी हुनुभएको छ। उहाँका प्रतिस्पर्धी कांग्रेसका बिन विश्वकर्माले २ हजार ८ सय ३२ मत प्राप्त गर्नुभयो। सो पदमा स्थानीय तहका जनप्रतिनिधिको ९ र प्रदेशसभाको १ जनाको मत बदर भएको छ।

यस्तै अपांगता र अल्पसंख्यक पदमा पनि वाम गठबन्धनकै अगमप्रसाद वान्तवा राई विजयी हुनुभएको छ। यसअघि नै ६ जना निर्विरोध निवार्चित भएका थिए।

निर्विरोध निर्वाचित हुनेहरूमा महिला कोटामा वाम गठबन्धनका नैनकला ओझा र बिना पोखरेल, नेपाली कांग्रेसका सरिता प्रसाईं रहनुभएको छ। यस्तै खुलातर्फ वाम गठवन्धनका हरिचरण शिवाकोटी, पर्शुराम मेघी गुरुङ र नेपाली कांग्रेसका रमेशजंग रायमाझी पनि निर्विरोध हुनुभएको थियो। विजयी उम्मेदवारलाई आज बिहीबार प्रमाणपत्र प्रदान गरिने निर्वाचन कार्यालयले जनाएको छ।

प्रदेश नं २ मा निर्विरोध निर्वाचित हुने ८ जनालाई हिजो नै

प्रमाणपत्र दिइयो। प्रदेश नं ४ मा दलित कोटाबाट माओवादीका खिबहादुर विक निवार्चित हुनुभयो।

त्यस्तै ६ नंम्बर प्रदेशमा दलितमा नेकपा एमालेका नरपति लोहार ३ हजार ६ सय ६६ मतसहित विजयी हुनुभयो। यस्तै, अपांगता भएकामा माओवादी केन्द्रका जीवन बुढा विजयी हुनुभयो। बुढाले ३ हजार ७ सय २० मत प्राप्त गर्नुभयो।

त्यसै गरी प्रदेश नम्वर ७ मा राष्ट्रिय सभाको निर्वाचनको मत परिणाम सार्वजनिक भएको छ। २ सिटका लागि भएको मतदानमा दुवै सिटमा वाम गठबन्धनका उम्मेदवार विजयी भएका छन्। दलित कोटामा नेपाली कांग्रेसका शेरीराम पार्कीलाई पछि पार्दै नेकपा एमालेका चक्रप्रसाद स्नेही विजयी हुनुभयो। स्नेहीले ३ हजार ७ सय ८ मतभार प्राप्त गर्नुभयो।

यस्तै अपाङ्ग तथा अल्पसंख्यकको कोटामा नेकपा माओवादी केन्द्रका महेशकुमार महरा विजयी हुनुभएको छ। उहाँले नेपाली कांग्रेसका छत्रराज जोशीलाई पराजित गर्नुभएको हो। महराले पनि ३ हजार ७ सय ८ नै मतभार पाउनुभएको थियो। अन्य ६ जना भने यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन्।

## ५ हजार...

अघि पनि अधिकृत क्याडेटका लागि आह्वान हुने भर्ना छनोटमा चाहिए जति संख्या नपुगे पनि अहिलेको जस्तो डरलाग्दो अवस्था यसअघि कहिल्यै नआएको उच्च सैनिक अधिकारीहरू बताउँछन्।

नेपाली सेनाका पूर्वसहायक रथी डा. उमेशचन्द्र भट्टराई भन्नुहुन्छ- 'यो राम्रो संकेत होइन, यसमा सबै पक्ष गम्भीर हुनुपर्ने अवस्था आएको छ। यसले नेपालको शिक्षा पद्धतिका बारेमा समेत १ पटक सोच्नुपर्ने अवस्था सिर्जना गरेको छ।'

पूर्वसहायक रथी भट्टराई भन्नुहुन्छ- 'पहिला पहिला नेपाली सेनाले मात्रै यस्तो परीक्षा लिने गरेको थियो तर अहिले परीक्षामा लोकसेवा आयोगसमेत सहभागी भएका कारण परीक्षा कठिन भएको हो कि त्यसतर्फ पनि ध्यान दिनु जरुरी छ।'

सेनाका प्रवक्ता सहायक रथी गोकुल भण्डारी अहिलेको अवस्था आगामी दिनमा पनि कायम रहेमा सेनाले चाहेको बेला अधिकृत भर्ना गर्न कठिनाइ हुने विश्लेषण गर्नुहुन्छ। उहाँ थप्नुहुन्छ- 'परीक्षामा सहभागीको संख्या उल्लेख्य रहँदारहँदै पनि पास हुने अधिकृत क्याडेटको संख्या ज्यादै न्यून रहेकाले त्यसको कारण खोज्ने बेला आएको छ।'

सेनामा अधिकृत क्याडेड खोजी गर्ने कार्यरथी विभागको भर्ना छनोट निर्देशनालयले वर्षभरि भर्ना आह्वान गरी रहने तर संख्या अपुग हुने अवस्था सिर्जना हुने हो भने अबका केही वर्षमा नेपाली सेनाभित्र असन्तुलन आउन सक्ने पूर्वसहायक रथी भट्टराई बताउनुहुन्छ। सेनामा विभिन्न पदमा रहेर काम गर्ने समयावधि हुने, उमेर हदका कारण अवकास पाउने भएपछि विभिन्न पद रिक्त हुने र रिक्त भएको पूर्ति गर्न सधैं धौ धौ पर्ने अवस्था सिर्जना हुने हो भने नेपाली सेनाको विश्वमा रहेको छविमा समेत आँच आउन सक्ने एक उच्च सैनिक अधिकारी बताउँछन्।

भर्ना हुन चाहनेको संख्या उल्लेख्य भए पनि परीक्षामा भने पास हुनेको संख्या नै कम हुनु भनेको नेपालको शिक्षा प्रणाली नै कमजोर र विद्यालयहरूले पढाउने पाठ्यक्रम सेनाले सञ्चालन गर्ने परीक्षामा मेल खाने खालको नभएको भन्दै सेनाले चिन्ता व्यक्त गर्न थालेको छ।

## संघमा...

'हामीले विस्तृत अध्ययन र विश्लेषण गरी संघमा १२ भन्दा बढी मन्त्रालय बनाउनु हुँदैन भनेर सरकारलाई प्रतिवेदन बुझाएका थियौं', दाहालले भन्नुभयो- 'अनावश्यक रूपमा रहेका विभाग, निकाय, परिषद्, संस्थान वा अन्य यस्तैखाले निकाय खारेज गरिनुपर्छ भन्ने सुझाव समेटेका थियौं।' दाहालको समितिले कुन मन्त्रालय हटाएर त्यसको सट्टामा कुन मन्त्रालयले काम गर्ने भन्ने पनि उल्लेख गरेको थियो। संसद्को राज्य व्यस्था समितिसँग गरिएको छलफल र विज्ञको सुझावका आधारमा नै १५ वटा मन्त्रालय रहने टुंगो लगाइएको दाहालले बताउनुभयो।

सामान्य प्रशासनमन्त्रीको अध्यक्षतामा कांग्रेसका डा. आरजु राणा देउवा, एमालेका राजेन्द्रप्रसाद पाण्डे, माओवादी केन्द्रकी रेखा शर्मा र राप्रपाका भुवन पाठक रहेको राजनीतिक समिति गठन भएको थियो। यही समितिले मन्त्रालयको संख्या र कार्य विभाजन टुंगो लगाएको हो। प्रदेशमा रहने ७ मन्त्रालयको टुंगो पनि उच्चस्तरीय प्रशासनिक पुनर्संरचना समितिले नै लगाएको सदस्य रेग्मीले बताउनुभयो।

अहिले सबै प्रदेशमा एउटै नामका ७ वटा मन्त्रालय रहने मन्त्रिपरिषद्को माघ १० गतेको बैठकले पारित गरेको थियो। मन्त्रालयसँगै संगठन संरचना पनि स्वीकृत भएको थियो। सामान्य प्रशासन मन्त्रालयका सह-सचिव तथा प्रवक्ता शिवराम न्यौपानेले मन्त्रालयले झन्डै ३ महिनाअघि नै मन्त्रालयको संख्या र संरचनाको बारेमा प्रतिवेदन तयार पारिसकेको बताउनुभयो। अहिले केन्द्र (संघ) मा ३१ वटा मन्त्रालय रहेका छन्।

संयुक्त सरकार बनाउने क्रममा सबै दललाई भागबन्डा मिलाउँदा मन्त्रालय विभाजन गरेर धेरैवटा मन्त्रालय बनाइएको थियो। एकै किसिमको जिम्मेवारी भएका विभिन्न मन्त्रालय हुँदा मन्त्रीहरूबीच पनि अधिकार बाँडफाँटमा विवाद हुँदै आएको छ। संविधानले संघमा बढीमा प्रधानमन्त्रीसहित २५ मन्त्री मात्र रहने व्यवस्था गरेको छ। संविधानले मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीलाई पनि मन्त्री नै भनेर बुझाउँछ।



# अर्थ

2018, FEB
Thursday
8

> प्राधिकरणले अनलाइनसँगै प्राविधिक दृष्टिकोणले बिग्रीएका र बन्द भएका मिटर नि:शुल्क रूपमा परिवर्तन गर्ने सेवा पनि शुरू गरेको छ।


ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८२।५० | ७९।५० | ८२।५० | ८२।५० |
| सिमरा, बिरगंज, कलैया | ८०।९० | ७७।९० | ८०।९० | ८०।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८१।९० | ७८।९० | ८१।९० | ८१।९० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।४५ | ८०।४५ | ८३।४५ | ८३।४५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८१।६० | ७८।६० | ८१।६० | ८१।६० |
| पोखरा, स्याङ्जा | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ।

JAGDAMBA E Fe 500
EARTHQUAKE RESISTANT REBAR
NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड।



SALE

*Office Space & Resturant Café &*
*1 Multipurpose Ground Floor Space*
on SALE & LEASE @
*Newroad Bishal Bazaar Area*
9861062132


# काठमाडौंमा हाउस पुलिङको तयारी

काठमाडौं, (नेस)

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले काठमाडौं उपत्यकाका घनाबस्तीमा बहुस्वामित्वका र बहुतले घर बनाई संयुक्त आवास प्रणालीको विकास गर्ने योजना अघि सारेको छ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत युवराज भूसालको नेतृत्वमा बुधवार बसेको प्राधिकरण, काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिकासहित प्रतिनिधिको बैठकले भूकम्पपछि काठमाडौं उपत्यकामा क्षतिग्रस्त घर पुनर्निर्माण हुन नसकेको अवस्थालाई मध्यनजर गर्दै हाउस पुलिङ प्रणालीको माध्यबाट बस्ती विकास गर्ने निर्णय गरेको हो।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत भूसालले भन्नुभयो-'पछिल्लो भूकम्पले काठमाडौं उपत्यकामा १ लाख बढी घर भत्किए पनि करिब ८० प्रतिशत घरको पुनर्निर्माण शुरू नभएको सन्दर्भमा संयुक्त आवास सम्बन्धमा के गर्न सकिन्छ भन्नेबारे काठमाडौं र ललितपुर महानगरपालिका मेयरसहितको बैठकबाट हाउस पुलिङ प्रणालीमा जाने निर्णय गरिएको हो।'

बैठकले त्यससम्बन्धमा अध्ययन गर्न प्राधिकरणका सहसचिव राजुमान मानन्धरको संयोजकत्वमा गठित ५ सदस्यीय कार्यदलसमेत गठन गरेको छ।

कार्यदललाई काठमाडौं उपत्यकाको घना बस्तीमा संयुक्त आवास प्रणालीको अवधारणालाई कसरी विकास गर्न सकिन्छ भन्नेबारे अध्ययन गरी १५ दिनभित्रमा प्रतिवेदन पेस गर्न भनिएको छ। काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका र शहरी विकास मन्त्रालयका प्रतिनिधि सम्मिलित कार्यदललाई परामर्शदाताका रूपमा भवन विभागका पूर्वमहानिर्देशक सूर्यभक्त साङगाक्षेले सहयोग गर्नुहुनेछ।

कार्यदलले काठमाडौं उपत्यकाभित्र हाउस पुलिङको माध्यमबाट कुन कुन ठाउँमा नमुना बस्ती बसाल्न सकिन्छ, भन्नेबारे अध्ययन गरी प्रतिवेदन पेस गर्ने प्रमुख कार्यकारी अधिकृत भूसालले जानकारी दिनुभयो। बैठकमा काठमाडौं उपत्यकामा हाउस पुलिङ प्रणालीको विकास सम्बन्धमा परामर्शदाताका रूपमा आमन्त्रण गरिएका भवन विभागका पूर्वमहानिर्देशक सूर्यभक्त साङगाक्षे कार्यपत्रसमेत प्रस्तुत गर्नुभएको थियो।

## लगानीकर्ताको १४ अर्ब गुम्यो

काठमाडौं, (नेस)

साताको चौथो दिन पनि नेप्से परिसुचक १२ दशमलव शून्य १ अंकले घटेको छ। मंगलबार ६ अंकले घटेको नेप्से बुधबार १२ अंकले ओरालो लाग्दै १ हजार ३ सय ८२ को बिन्दुमा आइपुगेको हो। नेप्से परिसूचक घटेपनि बुधबार कारोबार रकम भने मंगलबार भन्दा २ करोड रुपियाँले बढेर २६ करोड ५५ लाख रुपियाँ पुगेको छ।

बुधबार वित्त र व्यापार बाहेकका सबै समूहको कारोबार घट्दा नेप्से घटेको हो। यसदिन बिमा समूह सर्वाधिक ८३ दशलमव शून्य ५ अंकले घटेको छ। यस्तै होटल समूह १८ दशमलव १३, उत्पादन समूह १६ दशमलव २९ र लघुवित्त समूह १५ दशमलव ९१ अंकले घटेका छन्। यसदिन वित्त समूह भने ४ दशमलव ३३ अंकले बढेको छ।

बुधबार सबैभन्दा धेरै नेपाल बैंकको शेयर ५ करोड १८ लाख रुपियाँभन्दा धेरैको किनबेच भएको नेपाल स्टक एक्स्चेन्जले जनाएको छ। बजार घटे पनि बुधबार गुह्येश्वरी मर्चेन्ट वित्तिय संस्थाका लगानीकर्ताले ६ प्रतिशत कमाएका छन् भने सबैभन्दा धेरै कालिका लघुवित्त बैंकका लगानीकर्ताले ४ प्रतिशत रकम गुमाएका छन्। बुधबार बजारमा पुँजीकरण १४ अर्ब रुपियाँले घटेको छ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ माघ २५, फेब्रुअरी ८, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।५५ | १०३।१५ |
| युरो १ को रू. | १२६।६१ | १२७।३५ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४२।२९ | १४३।१२ |
| स्विस फ्रन्क १ को रू. | १०९।१३ | १०९।७७ |
| अस्ट्रेलियन डलर १ को रू. | ८०।६१ | ८१।०८ |
| क्यानाडियन डलर १ को रू. | ८१।९१ | ८२।३९ |
| सिङ्गापुर डलर १ को रू. | ७७।६६ | ७८।१२ |
| जापानी यन १० को रू. | ९।४० | ९।४५ |
| चिनियाँ युआन १ को रू. | १६।३६ | १६।४५ |
| साउदी अरब रियाल १ को रू. | २७।३५ | २७।५१ |
| कतारी रियाल १ को रू. | २८।१६ | २८।३२ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।२५ | ३।२७ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।९२ | २८।०८ |
| मलसियन रिङ्गिट १ को रू. | २६।२४ | २६।३९ |
| दक्षिण कारियन वन १०० को रू. | ९।४५ | ९।५१ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।८५ |
| डेनिस क्रानर १ का रू. | १७।०१ |
| हङकङ डलर १ का रू. | १३।११ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# ईपीजीका कारण निर्माण व्यवसायी समस्यामा

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल निर्माण व्यवसायी महासंघको प्रतिनिधिमण्डलले सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव महेश्वर न्यौपानेसँग भेट गरेको छ।

बुधबार भएको छलफलमा महासंघ प्रतिनिधिले निर्माण व्यवसायीले सामना गर्नु परेको समस्याका बारेमा जानकारी गराएको हो।

छलफलका क्रममा व्यवसायीले आफ्ना समस्या र समाधानका बारेमा सचिव न्यौपानेको ध्यानाकर्षण पनि गराए। यसक्रममा हालै सार्वजनिक निर्माणका बोलपत्रमा ईजीपी लागू भए पनि अधिकांश निर्माण व्यवसायीलाई ईजीपी सम्बन्धी तालिम दिन नसक्दा उनीहरू बोलपत्रमा सहभागी हुन नसकेको जानकारी गराइयो।

त्यसैगरी ईजीपी प्रक्रियामा प्राविधिक समस्या देखिएकाले २ करोड रुपियाँसम्मको निर्माण कार्यको लागि बिना ईजीपी हार्डकपि खरिद गर्न र बोलपत्र दाखिला गर्न पाउने व्यवस्था गरिदिन पनि महासंघ प्रतिनिधिमण्डलले सचिव न्यौपाने समक्ष आग्रह गरेको छ।

प्रतिनिधिमण्डलले प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बनेको जिल्ला दररेट निर्धारण समितिको बैठकलाई प्रभावकारी बनाउन अनुरोध गरेको पनि छ।

ढुंगा, माटो, बालुवा, गिटी, ईंटा तथा



डण्डीजस्ता निर्माण सामग्रीको अप्रत्यासित मूल्यवृद्धि भइरहेको वर्तमान अवस्थामा धेरैपटक प्रयास गर्दा पनि दररेट निर्धारण समितिको बैठक बस्न नसकेको जानकारी प्रतिनिधिमण्डलले गराएको छ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १ सय ४८ बमोजिम अहिले १० प्रतिशतभन्दा बढी मूल्यवृद्धि भएकाले जिल्ला दररेट निर्धारण समितिको बैठक यथाशिघ्र बोलाई व्यवसायीलाई राहत दिनुपर्ने महासंघको माग छ। जवाफमा सचिव न्यौपानेले निर्माण व्यवसायलाई मर्यादित तथा व्यवस्थित बनाउन आफ्नोतर्फबाट सक्दो पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

महासंघ अध्यक्ष विष्णुभाई श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डलले सार्वजनिक खरिद ऐनको पहिलो संशोधन र सार्वजनिक खरिद नियमावलीको चौथो संशोधनले सम्बोधन नगरेका र त्रुटिपूर्ण भएका संशोधनसहित अन्य कानुनी जटिलताको विषयमा समेत सचिव न्यौपानेसँग छलफल गरेको महासंघका प्रवक्ता विष्णु बुढाथोकीले जानकारी दिनुभयो।

# अनलाइन सेवाले राहत

नेपाल समाचारपत्र

झापा

घरमै बसेर अनलाइन सेवाबाट विद्युत महसुल बुझाउने व्यवस्थासँगै झापाका सेवाग्राहीले राहत महसुस गरेका छन्। नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र भद्रपुर, बिर्तामोड र दमकमा एकैसाथ गत मंसिरबाट महशुल बुझाउने अनलाइन सेवा सूचारु गरेका कारण सेवाग्राहीले घरमै बसेर विद्युतको महशुल बुझाउन थालेका हुन्।

ग्रामिण भेगमा प्राधिकरण कार्यालय नहुँदा सेवाग्राहीलाई महशुल बुझाउन कम्तीमा १ दिन तथा दोब्बर रकम खर्च गर्नुपर्थ्यो। प्राधिकरणले अनलाइन सेवा शूरु भएपछि गाँउका सेवाग्राही हर्षित भएको कचनकवल गाउँपालिकाका सेवाग्राही कमल राजवंशीको भनाई छ। नेपाल समाचारपत्रसँग बोल्दै उहाँले भन्नुभयो- 'समय र बढी रकम तिर्ने दिर्घकालीन समस्याको अन्त्य भएको छ। अहिले गाँउबासी २० देखि २५ किलोमिटर धाउनु परेको छैन, गाउँघरबाटै अनलाइनबाट चाहेको बेला रकम बुझाउन सकिरहेका छौं।'

'न त लाइन लाग्नु परेको छ, न त यातायात भाडा तिरेर टाढा जानु परेको छ।' अर्का सेवाग्राही प्रयास लिम्बुको भनाई छ।

कर्मचारीको अभाव र छिटोछरितो सेवा प्रदान गर्ने उदेश्यले नेपाल प्राधिकरणले शुरू गरेको अनलाइन महशुल सेवा झापा प्रभावकारी बन्न थालेको भद्रपुर वितरण केन्द्रको भनाई छ। केन्द्रका अनुसार ३ महिनाको अवधिमा काउन्टरमा महशुल बुझाउनेको चाप घट्न थालेको छ। हालसम्म १ हजार ८ सय ५० जनाभन्दा बढीले अनलाइनबाट महशुल बुझाइसकेका छन्।

प्रत्येक महिना अनलाइनबाट महशुल बुझाउनेको संख्यामा वृद्धि हुन थालेको केन्द्रका लेखा अधिकृत जयराम आचार्यले बताउनुभयो। नेपाल विद्युत प्राधिकरणले ८ वटा कम्पनीसँग अनलाइन विद्युत महशुल बुझाउने बारेमा सम्झौता गरेको छ। 'ती कम्पनीको एप मोवाइलमा डाउनलोड गरी बैकिङ प्रणालीमार्फत् महशुल बुझाउन सकिने उहाँको भनाई छ।

भद्रपुर वितरण केन्द्र अन्तर्गत भद्रपुर नगरपालिका, मेचीनगर नगरपालिका, कचनकवल गाउँपालिका, हल्दिवारी गाउँपालिका र बिर्तामोड नगरपालिका केही वडा गरी ५१ हजार ९ सय १६ सेवाग्राही रहेका छन्।

यता प्राधिकरणले अनलाइनसँगै प्राविधिक दृष्टिकोणले बिग्रीएका र बन्द भएका मिटर नि:शुल्क रूपमा परिवर्तन गर्ने सेवा पनि शुरू गरेको केन्द्र प्रमुख रामउदगार साहले बताउनुभयो। पुसदेखि शुरू भएको यस सेवाबाट १ सय ५० सेवाग्राहीले सेवा लिइसकेका छन्। साथै लामो समयदेखि पर्खिएर नयाँ मिटर लिने समस्याको पनि अन्त्य भएको उहाँको दावी छ। 'कागजी प्रक्रिया पूरा गरेर आउने नयाँ ग्राहकको हकमा ७ दिन र औधोगिक ग्राहकको हकमा १५ दिन भित्र नयाँ मिटर दिन थालिएको छ।'

# आईएमई पेको बीटूबी सेवा शुरू

काठमाडौं, (नेस)

आईएमई डिजिटल सोलुसनद्वारा निर्मित तथा सञ्चालित मोबाइल वित्तीय सेवामा आधारित आईएमई पेले आफ्नो बीटुबी सेवा शुरूवात गरेको छ। आइएमईले देशव्यापी रूपमा सम्भावित व्यवसायीलाई आईएमई पेका टच प्वाइन्टको सञ्जालमा जोडिनका लागि 'आइएमई पे गरौं, व्यावसाय बढाऔं' भन्ने नारासहित आफ्नो बीटूबी' सेवालाई सञ्चालन गर्ने घोषणा गरेको हो।

कम्पनीका अनुसार बीटूबी सेवाको सुरुवातसँगै, आईएमई पे टच पोइन्टको सञ्जालले थोरै मात्रामा रकम ट्रान्सफर गर्ने कार्यदेखि लिएर बिजुली, इन्टरनेट, डीटीएच इत्यादिको बिल भुक्तानी गर्ने तथा समय र पैसाको बचत गर्दै सेवाग्राहीको दैनिक जीवनलाई सहज तुल्याउन मदत गर्ने तथा रिचार्ज गर्ने लगायतका सुविधासमेत थुप्रै भुक्तानी सम्बन्धी सेवा उपलब्ध गराउन सक्नेछन्।

आईएमई पेका टच पोइन्टले वालेट दर्ता गर्ने, क्यास इनर क्यास आउट जस्ता मोबाइल मनी सम्बन्धी सेवा पनि सेवाग्राहीलाई उपलब्ध गराउन सक्नेछन्।

आईएमई पेको देशभरि नै १३ हजार ५ सयभन्दा बढी टच पोइन्टसहितको मजबुत सञ्जाल रहेको छ र त्यसमा ७ हजारभन्दा बढी रेमिटेन्स एजेन्ट रहेका छन्।

आफ्ना सेवाग्राहीसँग अझ नजिक पुग्नका लागि आईएमई पेले आफ्नो विद्यमान रेमिटेन्स एजेन्टको सञ्जालको दायरा भन्दा बाहिर गैरवित्तीय क्षेत्रको सञ्जालमा समेत आफ्नो क्षेत्रलाई विस्तार गर्ने योजना बनाएको कम्पनीले जनाएको छ।

त्यसका लागि मझौला र साना खालका किराना पसलदेखि लिएर पुस्तैनी व्यवसाय, क्याफे, मेडिकल स्टोरका साथै यस्ता खुद्रा टच प्वाइन्ट सञ्चालन गर्न सक्ने देशभरिका सम्भावित वितरकसमेत यस सञ्जालमा जोडिन सक्ने कम्पनीको दाबी छ।


IME pay®
रकम ट्रान्स्फर । बिल भुक्तानी । रिचार्ज सेवा


## SHARE MARKET

6 "EBRUARY TUESDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 5012.00 | 346.00 | 341.00 | 342.00 | -5.00 |
| 2 | Api Power Company Ltd. | 267.00 | 381.00 | 374.00 | 381.00 | 0.00 |
| 3 | Arun Finance Limited | 750.00 | 158.00 | 155.00 | 155.00 | -3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 203.00 | 329.00 | 315.00 | 329.00 | 10.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 4406.00 | 197.00 | 191.00 | 197.00 | -1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 995.00 | 860.00 | 840.00 | 840.00 | -25.00 |
| 7 | Bank of Kathmandu Ltd. | 13312.00 | 385.00 | 378.00 | 379.00 | -6.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 130.00 | 182.00 | 175.00 | 182.00 | 1.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 659.00 | 153.00 | 148.00 | 153.00 | 3.00 |
| 10 | Bishal Bazar Company Limited | 10.00 | 1938.00 | 1938.00 | 1938.00 | 38.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 25.00 | 6958.00 | 6861.00 | 6861.00 | -239.00 |
| 12 | Butwal Power Company Limited | 2625.00 | 565.00 | 544.00 | 558.00 | 1.00 |
| 13 | Central Finance Co. Ltd. | 199.00 | 135.00 | 135.00 | 135.00 | -2.00 |
| 14 | Century Commercial Bank Ltd. | 15882.00 | 193.00 | 191.00 | 193.00 | 0.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 1554.00 | 995.00 | 986.00 | 995.00 | -2.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 563.00 | 171.00 | 168.00 | 171.00 | 3.00 |
| 17 | Chilime Hydropower Company Limited | 6152.00 | 862.00 | 845.00 | 853.00 | -5.00 |
| 18 | Citizen Bank International Limited | 14894.00 | 275.00 | 268.00 | 270.00 | -3.00 |
| 19 | Citizen Investment Trust | 1685.00 | 3456.00 | 3430.00 | 3430.00 | -42.00 |
| 20 | Civil Bank Ltd | 58854.00 | 176.00 | 172.00 | 174.00 | -1.00 |
| 21 | Civil Bank Ltd Promoter Share | 25103.00 | 129.00 | 129.00 | 129.00 | -2.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 400.00 | 830.00 | 828.00 | 828.00 | -10.00 |
| 23 | Deprosc Development Bank Limited | 1110.00 | 848.00 | 830.00 | 831.00 | -24.00 |
| 24 | Deva Bikas Bank Limited | 3430.00 | 181.00 | 176.00 | 179.00 | 0.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 123.00 | 144.00 | 142.00 | 143.00 | -2.00 |
| 26 | Everest Bank Limited | 7983.00 | 854.00 | 840.00 | 840.00 | -5.00 |
| 27 | Everest Insurance Co. Ltd. | 567.00 | 1600.00 | 1585.00 | 1595.00 | 35.00 |
| 28 | Excel Development Bank Ltd. | 480.00 | 355.00 | 350.00 | 350.00 | -8.00 |
| 29 | First Micro Finance Dev. Bank Ltd. | 4082.00 | 575.00 | 555.00 | 555.00 | -13.00 |
| 30 | Forward Community Mic. Bittiya San. Ltd. | 1946.00 | 3349.00 | 3280.00 | 3282.00 | -31.00 |
| 31 | Gandaki Bikas Bank Limited | 3437.00 | 235.00 | 232.00 | 232.00 | -3.00 |
| 32 | Garima Bikas Bank Limited | 6154.00 | 196.00 | 190.00 | 193.00 | 0.00 |
| 33 | Global IME Bank Limited | 4999.00 | 321.00 | 318.00 | 320.00 | -1.00 |
| 34 | Goodwill Finance Co. Ltd. | 15.00 | 147.00 | 147.00 | 147.00 | 1.00 |
| 35 | Green Development Bank Ltd. | 62.00 | 188.00 | 188.00 | 188.00 | 3.00 |
| 36 | Guheshowori Merchant Bank & Finance Co. Ltd. | 610.00 | 155.00 | 148.00 | 155.00 | 9.00 |
| 37 | Guheysh. Mer. & Fin. Ltd. Pro. Share | 11335.00 | 125.00 | 125.00 | 125.00 | 0.00 |
| 38 | Gurans Life Insurance Company Ltd. | 141.00 | 918.00 | 915.00 | 915.00 | -20.00 |
| 39 | Gurkhas Finance Ltd. | 213.00 | 141.00 | 135.00 | 141.00 | 7.00 |
| 40 | Hamro Bikas Bank Ltd. | 1000.00 | 159.00 | 155.00 | 155.00 | -1.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 1913.00 | 466.00 | 461.00 | 465.00 | 0.00 |
| 42 | Himalayan Power Partner Ltd. | 1290.00 | 367.00 | 357.00 | 364.00 | 0.00 |
| 43 | ICFC Finance Limited | 362.00 | 205.00 | 202.00 | 205.00 | 3.00 |
| 44 | IME General Insurance Ltd. | 631.00 | 965.00 | 961.00 | 961.00 | -19.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 3546.00 | 165.00 | 163.00 | 163.00 | -2.00 |
| 46 | Janaki Finance Ltd. | 3047.00 | 174.00 | 171.00 | 171.00 | -1.00 |
| 47 | Janata Bank Nepal Ltd. | 18974.00 | 184.00 | 180.00 | 180.00 | -4.00 |
| 48 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 636.00 | 2947.00 | 2945.00 | 2947.00 | 57.00 |
| 49 | Jyoti Bikas Bank Limited | 4152.00 | 156.00 | 153.00 | 154.00 | 0.00 |
| 50 | Kabeli Bikas Bank Limited | 120.00 | 324.00 | 324.00 | 324.00 | -6.00 |
| 51 | Kailash Bikas Bank Ltd. | 2525.00 | 243.00 | 240.00 | 240.00 | -1.00 |
| 52 | Kalika Microcredit Dev. Bank Ltd. | 820.00 | 1565.00 | 1490.00 | 1490.00 | -65.00 |
| 53 | Kamana Sewa Bikas Bank Limited | 4684.00 | 165.00 | 160.00 | 161.00 | -1.00 |
| 54 | Kanchan Development Bank Limited | 10.00 | 222.00 | 222.00 | 222.00 | 4.00 |
| 55 | Karnali Development Bank Limited | 843.00 | 134.00 | 126.00 | 127.00 | 3.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 80.00 | 144.00 | 142.00 | 144.00 | 3.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 50.00 | 1641.00 | 1609.00 | 1609.00 | 0.00 |
| 58 | Kuber Merchant Finance Limited | 10.00 | 190.00 | 190.00 | 190.00 | 3.00 |
| 59 | Kumari Bank Limited | 16441.00 | 272.00 | 265.00 | 269.00 | -1.00 |
| 60 | Lalitpur Finance Ltd. | 100.00 | 167.00 | 167.00 | 167.00 | -3.00 |
| 61 | Laxmi Bank Limited | 10373.00 | 270.00 | 266.00 | 269.00 | 1.00 |
| 62 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 917.00 | 1250.00 | 1226.00 | 1226.00 | -19.00 |
| 63 | Laxmi Value Fund-1 | 1000.00 | 11.50 | 11.50 | 11.50 | -0.03 |
| 64 | Life Insurance Co. Nepal | 1304.00 | 1900.00 | 1883.00 | 1885.00 | -15.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 282.00 | 166.00 | 163.00 | 166.00 | 1.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 2789.00 | 565.00 | 556.00 | 560.00 | -12.00 |
| 67 | Machhapuchhre Bank Limited | 12237.00 | 265.00 | 261.00 | 261.00 | -9.00 |
| 68 | Mahalaxmi Bikas Bank Ltd. | 2861.00 | 190.00 | 186.00 | 190.00 | 0.00 |
| 69 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 83.00 | 766.00 | 766.00 | 766.00 | -4.00 |
| 70 | Mahuli Samudayik Lag. Sanstha Ltd. | 299.00 | 2880.00 | 2830.00 | 2830.00 | -26.00 |
| 71 | Manjushree Finance Ltd. | 1955.00 | 141.00 | 139.00 | 141.00 | 0.00 |
| 72 | Mero Microfinance Bittiya Sanstha Ltd. | 402.00 | 1320.00 | 1285.00 | 1285.00 | -8.00 |
| 73 | Mirmire Microfinance Dev. Bank Ltd. | 145.00 | 2934.00 | 2885.00 | 2885.00 | -108.00 |
| 74 | Miteri Development Bank Limited | 1590.00 | 309.00 | 295.00 | 296.00 | -9.00 |
| 75 | Mithila LaghuBitta Bikas Bank Ltd. | 242.00 | 995.00 | 991.00 | 991.00 | -9.00 |
| 76 | Muktinath Bikas Bank Ltd. | 6662.00 | 415.00 | 406.00 | 410.00 | -4.00 |
| 77 | Nabil Balance Fund 1 | 7597.00 | 16.70 | 16.65 | 16.65 | -0.05 |
| 78 | Nabil Bank Limited | 7436.00 | 1066.00 | 1060.00 | 1066.00 | -6.00 |
| 79 | NABIL Bank Limited Promotor Share | 509.00 | 847.00 | 846.00 | 847.00 | -3.00 |
| 80 | Nabil Equity Fund | 7082.00 | 9.74 | 9.55 | 9.74 | -0.14 |
| 81 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 200.00 | 2375.00 | 2333.00 | 2333.00 | -42.00 |
| 82 | National Hydro Power Company Limited | 28727.00 | 109.00 | 108.00 | 108.00 | -2.00 |
| 83 | National Life Insurance Co. Ltd. | 417.00 | 1481.00 | 1475.00 | 1478.00 | -12.00 |
| 84 | National Microfinance Bittiya Sanstha Ltd. | 229.00 | 2226.00 | 2190.00 | 2190.00 | -36.00 |
| 85 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 60.00 | 2300.00 | 2300.00 | 2300.00 | -25.00 |
| 86 | Neco Insurance Co. Ltd. | 2034.00 | 570.00 | 557.00 | 560.00 | -12.00 |
| 87 | Nepal Bangladesh Bank Limited | 13894.00 | 256.00 | 248.00 | 248.00 | -7.00 |
| 88 | Nepal Bank Limited | 148369.00 | 365.00 | 344.00 | 346.00 | -14.00 |
| 89 | Nepal Credit And Com. Bank Limited | 20612.00 | 318.00 | 313.00 | 315.00 | -5.00 |
| 90 | Nepal Doorsanchar Comapany Limited | 5670.00 | 765.00 | 760.00 | 760.00 | -9.00 |
| 91 | Nepal Grameen Bikas Bank Ltd. | 2790.00 | 652.00 | 642.00 | 643.00 | -9.00 |
| 92 | Nepal Hydro Developers Ltd. | 880.00 | 208.00 | 204.00 | 207.00 | 3.00 |
| 93 | Nepal Investment Bank Limited | 9127.00 | 668.00 | 662.00 | 663.00 | -5.00 |
| 94 | Nepal Investment Bank Ltd. Pro. Share | 1045.00 | 595.00 | 590.00 | 590.00 | -8.00 |
| 95 | Nepal Life Insurance Co. Ltd. | 5222.00 | 1800.00 | 1755.00 | 1760.00 | -10.00 |
| 96 | Nepal SBI Bank Limited | 4143.00 | 597.00 | 586.00 | 589.00 | -2.00 |
| 97 | Nerude Laghubita Bikas Bank Limited | 925.00 | 765.00 | 752.00 | 755.00 | 5.00 |
| 98 | Ngadi Group Power Ltd. | 3295.00 | 228.00 | 224.00 | 228.00 | 0.00 |
| 99 | NIBL Pragati Fund | 1010.00 | 9.65 | 9.65 | 9.65 | -0.15 |
| 100 | NIBL Samriddhi Fund 1 | 5000.00 | 11.90 | 11.90 | 11.90 | -0.07 |
| 101 | NIC Asia Bank Ltd. | 4071.00 | 345.00 | 341.00 | 341.00 | -5.00 |
| 102 | Nirdhan Utthan Bank Limited | 423.00 | 1195.00 | 1175.00 | 1183.00 | 7.00 |
| 103 | NLG Insurance Company Ltd. | 823.00 | 1021.00 | 999.00 | 999.00 | -31.00 |
| 104 | NMB Microfinance Bittiya Sanstha Ltd. | 605.00 | 1750.00 | 1715.00 | 1715.00 | -35.00 |
| 105 | NMB Bank Limited | 4212.00 | 467.00 | 462.00 | 463.00 | -3.00 |
| 106 | NMB Hybrid Fund L-1 | 15475.00 | 9.95 | 9.66 | 9.95 | 0.10 |
| 107 | Om Development Bank Ltd. | 840.00 | 230.00 | 226.00 | 226.00 | -1.00 |
| 108 | Oriental Hotels Limited | 2289.00 | 656.00 | 641.00 | 641.00 | -13.00 |
| 109 | Pokhara Finance Ltd. | 1745.00 | 167.00 | 166.00 | 167.00 | 3.00 |
| 110 | Prabhu Bank Limited | 3050.00 | 236.00 | 231.00 | 231.00 | -1.00 |
| 111 | Prabhu Insurance Ltd. | 1444.00 | 770.00 | 751.00 | 757.00 | -13.00 |
| 112 | Premier Insurance Co. Ltd. | 810.00 | 1251.00 | 1240.00 | 1240.00 | -35.00 |
| 113 | Prime Commercial Bank Ltd. | 9860.00 | 304.00 | 300.00 | 302.00 | -2.00 |
| 114 | Prime Life Insurance Company Limited | 3504.00 | 1685.00 | 1650.00 | 1660.00 | -15.00 |
| 115 | Prudential Insurance Co. Ltd. | 1052.00 | 754.00 | 740.00 | 740.00 | -17.00 |
| 116 | Purnima Bikas Bank Ltd. | 2079.00 | 202.00 | 201.00 | 201.00 | -4.00 |
| 117 | Rastriya Beema Company Limited | 166.00 | 13249.00 | 12824.00 | 12850.00 | -150.00 |
| 118 | Rastriya Beema Company Ltd Pro. Share | 280.00 | 12250.00 | 12205.00 | 12205.00 | -125.00 |
| 119 | Reliance Finance Ltd. | 50.00 | 141.00 | 141.00 | 141.00 | 2.00 |
| 120 | Ridi Hydropower Dev. Company Ltd. | 2785.00 | 142.00 | 139.00 | 141.00 | 1.00 |
| 121 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 286.00 | 1100.00 | 1091.00 | 1092.00 | -5.00 |
| 122 | Rural Microfinance Dev. Centre Ltd. | 741.00 | 641.00 | 633.00 | 634.00 | -8.00 |
| 123 | Sagarmatha Insurance Co. Ltd. | 380.00 | 1380.00 | 1360.00 | 1360.00 | -20.00 |
| 124 | Sana Kisan Bikas Bank Ltd | 338.00 | 1199.00 | 1170.00 | 1170.00 | -10.00 |
| 125 | Sanima Bank Limited | 11533.00 | 350.00 | 345.00 | 348.00 | -1.00 |
| 126 | Sanima Mai Hydropower Ltd. | 20520.00 | 390.00 | 380.00 | 388.00 | -3.00 |
| 127 | Saptakoshi Development Bank Ltd. | 2282.00 | 136.00 | 134.00 | 135.00 | -1.00 |
| 128 | Shangrila Development Bank Ltd. | 5201.00 | 191.00 | 183.00 | 186.00 | -2.00 |
| 129 | Shikhar Insurance Co. Ltd. | 1060.00 | 1170.00 | 1162.00 | 1162.00 | -8.00 |
| 130 | Shine Resunga Development Bank Ltd. | 240.00 | 297.00 | 295.00 | 295.00 | 3.00 |
| 131 | Shree Investment Finance Co. Ltd. | 814.00 | 236.00 | 230.00 | 232.00 | 0.00 |
| 132 | Shrijana Finance (Bittaya Sanstha) | 30.00 | 336.00 | 330.00 | 330.00 | -10.00 |
| 133 | Siddhartha Bank Limited | 5382.00 | 343.00 | 337.00 | 343.00 | 0.00 |
| 134 | Siddhartha Equity Fund | 1700.00 | 9.88 | 9.73 | 9.80 | -0.10 |
| 135 | Siddhartha Equity Orineted Scheme | 34389.00 | 12.15 | 12.05 | 12.05 | -0.20 |
| 136 | Siddhartha Insurance Ltd. | 2486.00 | 945.00 | 914.00 | 914.00 | -31.00 |
| 137 | Sindhu Bikash Bank Ltd | 100.00 | 157.00 | 157.00 | 157.00 | -3.00 |
| 138 | Soaltee Hotel Limited | 828.00 | 273.00 | 267.00 | 267.00 | -2.00 |
| 139 | Standard Chartered Bank Limited | 3716.00 | 996.00 | 987.00 | 988.00 | -8.00 |
| 140 | Summit Micro Finance Dev. Bank Ltd. | 2158.00 | 1207.00 | 1165.00 | 1180.00 | -50.00 |
| 141 | Sunrise Bank Limited | 2056.00 | 258.00 | 255.00 | 255.00 | -3.00 |
| 142 | Surya Life Insurance Company Limited | 742.00 | 898.00 | 885.00 | 898.00 | -3.00 |

Total Amount Rs. 265,566,733 Total Quantity 742,010 Total No of Transactions 3,193

२०७४, माघ
बिहीबार
२५

{ रसुवागडी आयोजनाका लागि सञ्चयकोषका सञ्चयकर्ताका लागि छुट्याएको सय रुपियाँ अंकित दरका १ करोड ३३ लाख ४२ हजार १५ कित्ता शेयरका फागुन ११ गतेदखि ३० गतेसम्म आवदेन दिन सकिनेछ।

# अर्थ

## PRESS RELEASE

### सामसङ जेटू फोरजी बजारमा

काठमाडौं, (नेस)




सामसङ नेपालले नयाँ सामसङ ग्यालेक्सी जे सिरिजअन्तर्गत् जेटु फोरजी मोबाइल नेपाली बजारमा ल्याएको छ। यसबाट सामसङको फोरजी स्मार्ट समूहमा नयाँ मोबाइलको प्रवेश भएको कम्पनीको दाबी छ।

यस फोरजी फोनमा सुपर फास्ट इन्टरनेट चलाउन र डाउनलोड गर्न सकिने कम्पनीले जनाएको छ। ४ दशमलव ७ इन्चको क्यूएचडी सुपर एमोलिड स्क्रिन, १ दशमलव ३ गिगाहर्ज क्वार्ड कोरले फोरजी फोनको क्षमतालाई प्रस्तुत गरेको छ।

एचपीपी डिभिजनका प्रमुख प्रणयरत्न स्थापितका अनुसार ग्राहकलाई नयाँ प्रविधियुक्त विभिन्न मूल्यका मोबाइल सेट प्रस्तुत गर्ने क्रममा सामसङ ग्यालेक्सी जेटुको फोरजी संस्करण, स्मार्ट फोनका प्रारम्भिक प्रयोगकर्तालाई लक्षित गरी प्रस्तुत गरेको हो। फोनको क्षमताले प्रयोगकर्तालाई फोटो हेर्दा, भिडियो हेर्दा वा वेवसाइट चलाउँदाको अवस्थामा वेग्लै अनुभव प्रदान गर्दछ।

त्यसैगरी फोनमा भएको क्यामराले विस्तृत एवं उच्च गुणस्तरको फोटो खिच्न सक्दछ। सुनौलो तथा कालो रङमा उपलब्ध फोनको मूल्य ११ हजार २ सय ९० रुपियाँ रहेको कम्पनीले जनाएको छ।

### सिजीको ब्लूटूथ हेडसेट बजारमा

काठमाडौं, (नेस)




सिजी.मोबाइल्सले सिजी पल्स नामक वायरलेस हेडसेटसार्वजनिक गरेको छ। संगित र अडियोका लागि विशेषरूपमा डिजाइन गरिएको कम्पनीले जनाएको छ। नयाँ सिजीपल्स मोबाइल फोनहरू, ल्यापटप, तथा अन्य मोबाइल डिभाइसहरू जसमा ब्लूटूथ ४ दशमलव १ भर्सनको प्रयो ग भएको छ। त्यसमा निरन्तर कने क्ट गर्नका लागि उपयुक्त हुन्छ।

सि ज ी मोबाइल्सअन्तगर्तको सि ज ी एसेसरिजहरूलाई लो कप्रिय बनाउन सिजी पल्समा ४ दशमलव १ टेक्नोलोजी प्रयोग गरिएको छ, जसले केबल एकपटक चार्ज गरेपछि निरन्तर ६० घण्टासम्म प्रयो ग गर्न सकिन्छ, साथै ३ घण्टासम्मको टक टाइम र प्रयोग गर्न सकिन्छ।

यो डिभाइस उच्चतहको रिचार्ज गर्न मिल्ने ली ब्याट्रीसहित आउँछ, जसमा ५ भोल्टको चार्जिङ प्रयोग गरिएको छ। यो डिभाइस पूर्णरूपमा चार्ज गर्न २ घण्टामात्र लाग्दछ।

'कयौं वर्षदेखि सिजी मोबाइल्सले स्मार्टफोन, फिचर फोन तथा अन्य एसेसरिज उत्पादन विभिन्न श्रेणीमा ल्याईरहेको छ, जुन गुणस्तरीय, आकर्षक, आरामदायक, र टिकाउ रहेका छन्,' चौधरी ग्रुप सिजी मोबाइल डिभिजनका बिजनेस युनिट हेड रमेश श्रेष्ठले भन्नुभयो,' नयाँ सिजीपल्स ब्लूटूथ हेडसेट (बजारमा कालो रङमा उपलब्ध) को मूल्य ४ सय ९९ रुपियाँ तोकिएको कम्पनीले जनाएको छ।

### एनसीसी बैंकका थप दुई शाखा खुले



काठमाडौं, (नेस)

एनसीसी बैंकले नवलपरासीको कावासोती र चितवनको भरतपुरमा दुई शाखा स्थापना गरेको छ।

कावासोती शाखाको उद्घाटन गर्दै एनसीसी बैंकका अध्यक्ष उपेन्द्रकेशरी न्यौपानेले बैंकले गुनासो रहित कार्य सम्पादन गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो।

कावासोती शाखाको समुद्घाटन कार्यक्रममा बोल्दै बैंकका प्रमुख कार्यकारी अधिकृत रमेशराज अर्यालले बैंकका गतिविधिको बारेमा प्रकाश पार्नु भएको थियो। त्यसै गरी चनौली शाखाको उद्घाटन गर्दै बैंकका सञ्चालक डा. कैलाश पतिन्द्र अमात्यले यस शाखाले चनौली क्षेत्रका जनताको आर्थिक क्रियाकलापमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

## रसुवागढी र साञ्जेनको आईपी आउँदै

# चिलिमेदेखि त्रिशूली हबलाई तीव्रता दिंदै छौं : घिसिङ

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल विद्युत प्राधिकरण कार्यकारी निर्देशक कुलमान घिसिङले चिलिमे हवदेखि त्रिशूली हवसम्मको राष्ट्रिय प्रसारणलाइन निर्माणका लागि तीव्रता दिइएको बताउनुभयो। रसुवागढी र साञ्जेन जलविद्युत् आयोजनाको साधारण शेयर निश्कासनसम्बन्धी पत्रकार सम्मेलनमा उहाँले सो कुरा बताउनुभएको हो।

उक्त निर्माण सम्पन्न हुने बेलासम्ममा प्रसारणलाइन निर्माणको काम पनि सम्पन्न हुने पनि उहाँले बताउनुभयो। कम्पनी मोडलमा आयोजना निर्माण गर्दा प्रभावकारी नतिजा देखिएको भन्दै १२ सय मेगावाटको बूढीगण्डकी आयोजना पनि चिलिमे मोडलमा निर्माण गर्न सकिने बताउनुभयो। आयोजना निर्माणको विषयमा प्राधिकरणले आवश्यक अनुगमन गरिरहेको तथा सोहीअनुसार प्रगति समीक्षा गरिएको बताउनुभयो।

रसुवा जिल्लामा निर्माणाधीन १ सय ११ मेगावाट रसुवागढी र ५७ दशमलव ३ मेगावाट साञ्जेन जलविद्युत् आयोजनाको शेयर खुला गरिएको छ।

रसुवागढी हाइड्रोपावर र साञ्जेन जलविद्युत् कम्पनीले माघ २८ गतेबाट आह्वानपत्र निस्कासन गर्ने तयारी गरेका छन्। दुईवटै कम्पनीले कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता, संस्थापक संस्थाका कर्मचारी र ऋणदाता संस्थाका कर्मचारीलाई शेयर जारी गर्न लागिएको हो।

रसुवागढी जलविद्युत् आयोजनाको निर्माणका लागि चिलिमे जलविद्युत् कम्पनीले पहिलो चरणमा वित्तीय व्यवस्थापन गर्न कम्पनीको स्वपुँजीअन्तर्गत सर्वसाधारणलाई छुट्याइएको ४९ प्रतिशत शेयर निस्कासन गर्ने तयारी गरेको छ। जसमध्ये सञ्चय कोषका सञ्चयकर्ताका लागि १९ दशमलव ५ प्रतिशत शेयर जारी हुन लागेको हो।

त्यसैगरी विद्युत् प्राधिकरण, चिलिमे जलविद्युत् कम्पनी लिमिटेड र रसुवा जिल्लाका सम्बन्धित स्थानीय तहका कर्मचारीका लागि ३ दशमलव ५ प्रतिशत शेयर जारी गरिनेछ। ऋणदाता संस्था कर्मचारी सञ्चय कोषका कर्मचारीले कम्पनीको १ प्रतिशत शेयरमा लगानी गर्न पाउनेछन्।

रसुवागडी आयोजनाका लागि सञ्चयकोषका सञ्चयकर्ताका लागि छुट्याएको सय रुपियाँ अंकित दरका १ करोड ३३ लाख ४२ हजार १५ कित्ता शेयरका फागुन ११ गतेदेखि ३० गतेसम्म आवदेन दिन सकिनेछ। नेपाल विद्युत प्राधिकरण, चिलिमे जलविद्युत् कम्पनी लिमिटेड र रसुवा जिल्लाका सम्बन्धित स्थानिय तहका कर्मचारीका लागि २३ लाख ९४ हजार ७ सय ३५ कित्ता शेयर छुट्याईएको छ। कर्मचारी सञ्चयकोषका कर्मचारीका लागि ६ लाख ८४ हजार २ सय १० कित्ता शेयर रहेको छ। लगानीकर्ताले चैत ५ गतेदेखि चैत १३ गतेसम्म आवेदन दिनसम्ने कम्पनीले जनाएको छ।

कर्मचारी सञ्चयकोषका सञ्चयकर्ता र संस्थापक संस्थाका कर्मचारीले न्यूनतम ५० कित्ता र अधिकतम् ५०० कित्तासम्मका लागि आवेदन दिन सक्नेछन्। त्यस्तै कर्मचारी सञ्चयकोषका कर्मचारीले न्यूनतम ५० कित्ता र अधिकतम् २ हजार ५ सय कित्ता शेयर खरिद गर्न सक्नेछन्।

कम्पनीले दोस्रो चरणमा आयोजना प्रभावित रसुवा जिल्लाका स्थानियलाई छुट्याएको १० प्रतिशत अर्थात ६८ लाख ४२ हजार १ सय कित्ता र अन्तिम चरणमा सर्वसाधारणका लागि छुट्याइएको १५ प्रतिशत अर्थात १ करोड २ लाख ६३ हजार १ सय ५० कित्ता शेयर निश्कासन गर्न लागिएको हो।

साञ्जेन जलविद्युत कम्पनीले पहिलो चरणमा कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताका लागि १९ दशमलव ५ प्रतिशत, कम्पनीका संस्थापक संस्थाका कर्मचारीका लागि ३ दशमलव ५ प्रतिशत तथा कर्मचारी सञ्चयकोषका कर्मचारीका लागि १ प्रतिशत शेयर छुट्टयाइएको छ। कम्पनीले ४९ प्रतिशत साधारण शेयरमध्ये सञ्चयकर्ता, संस्थापक संस्थाका कर्मचारी र ऋणदाता संस्थाका कर्मचारीलाई छुट्याइएको २४ प्रतिशत अर्थात ८७ करोड ६० लाख रुपियाँ बराबरको शेयर पहिलो चरणमा निश्कासन गर्न लागिएको हो। दोस्रो चरणमा आयोजना प्रभावित रसुवाबासीलाई छुट्याएको १० प्रतिशत शेयर र अन्तिम चरणमा मुलुकभरका सर्वसाधारणका लागि छुट्याएको १५ प्रतिशत शेयर निश्कासन गरिने कम्पनीले जनाएको छ। कम्पनीको प्रतिशेयर मूल्य सय रुपियाँ रहेको छ।

सञ्चयकर्ताहरूका लागि छुट्याएको ७१ करोड १७ लाख ५० हजार रुपियाँ बराबरको शेयरका लागि सञ्चयकर्ताले फागुन ३० गतेसम्म आवेदन दिन सक्नेछन। यस्तो शेयर न्यूनतम ५० कित्ता अधिकतम् ३ सय कित्तासम्मका लागि आवेदन दिन सक्नेछन्।

अहिलेसम्म माथिल्लो साञ्जेनको ६८ प्रतिशत र तल्लो साञ्जेनको ५८ प्रतिशत काम सकिएको छ। माथिल्लो साञ्जेनबाट अप्रिल २०१९ बाट विद्युत् उत्पादनको लक्ष्य राखिएको छ। तल्लो सान्जेनको भने नेपाल विद्युत् प्राधिकरणले निर्माण गर्नु पर्ने चिलिमे हव-त्रिशूली ३ बी २ सय २० केभी प्रसारणलाइनसँग समन्वय गरी काम अगाडि बढाउनुपर्ने रहेकाले उक्त प्रसारणलाइन निर्माण हुने अवधि जुन–जुलाई २०१९ सक्ने लक्ष्यका साथ काम अगाडि बढाइएको छ। माथिल्लो साञ्जेनबाट वार्षिक रूपमा ८ करोड २४ लाख र तल्लो साञ्जेनबाट २४ करोड १८ लाख युनिट विद्युत् उत्पादन हुने कम्पनीले जनाएको छ।

रसुवागढी जलविद्युत् कम्पनीले ५० प्रतिशत स्वपुँजी र ५० प्रतिशत ऋण रकमबाट आयोजना निर्माणका लागि वित्तीय व्यवस्था गरेको छ। २०७६ साल पुस १५ गतेबाट व्यावसायिक विद्युत् उत्पादन लक्ष्य राखेको कम्पनीले आयोजनाको लागत विद्युत् खरिद बिक्री सम्झौता (पीपीए) बमोजिम १३ अर्ब ६८ करोड ४२ लाख रुपियाँ रहेको छ। कम्पनीले उक्त लागत बढ्नसक्ने जनाएको छ। निर्माणको ६० प्रतिशत काम सकेको आयोजनाबाट वार्षिक रूपमा ६१ करोड ३० लाख युनिट विद्युत् उत्पादन हुनेछ। प्राधिकरणले कम्पनीसँग हिउँदमा ८ रुपियाँ ४० पैसा र वर्षातमा ४ रुपियाँ ८० पैसा प्रतियुनिटका दरले विद्युत खरिद गर्ने सम्झौता गरेको छ।

### *चमेलिया शनिबारदेखि औपचारिक शुरू*

*डोटी, (नेस)*

*बैतडी र दार्चुलाको सिमा क्षेत्र चमेलियामा निर्माण सम्पन्न भएको ३० मेगावाट क्षमताको चमेलिया जलविद्युत् आयोजनाको उद्घाटन शनिबार हुने भएको छ। आयोजनाको उद्घाटन प्रधानमन्त्री शेरबहादुर देउवाले गर्नुहुने भएको हो। आयोजना प्रमुख अजय दाहालका अनुसार उद्घाटन कार्यक्रममा प्रधानमन्त्री देउवासँगै ऊर्जामन्त्री कमल थापालगायतका नेता पनि जाने कार्यक्रम छ। चमेलिया जलद्यित् आयोजनाको निर्माण कार्य २०६३ पुसबाट शुरू भई गत पुसदेखि परीक्षण प्रसारण शुरू गरेको हो। परिक्षणका क्रममा सफल देखिएपछि निर्माण शुरू भएको ठिक ११ वर्षपछि चमेलियाबाट विद्युत् उत्पादन भएको आयोजना प्रमुख दाहालको दाबी छ। २०६८ सालमा हुनुपर्ने आयोजनाको शुरूआत लागत साढे ८ अर्बबाट बढेर १५ अर्ब रुपियाँ पुगेको थियो।*

# टाटा सात नयाँ गाडी बजारमा

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालमा व्यावसायिक गाडीको अग्रणी ब्रान्डको रूपमा रहेको टाटा मोटर्सले सात नयाँ रेन्जका साना तथा मझौला गाडी (एलपीटी ८१०, एलपीटी १०१०, एलपीटी ९१२, एलपीके ९१२, एलपीटी ११०९, एलपीके १२१२ र एलपीटी १४१२) को व्यावसायिक बिक्री शुरू गरेको घोषणा गरेको छ।

सबै मोडेलका गाडी विशिष्ट कमन रेल डिजेल इन्जेक्सन (सीडीआरआई) इन्जिन टेक्नोलोजी, तेल किफायती, उच्च डिजाइन र थप विश्वसनीय विशेषताको साथमा, कम खर्चमा स्वामित्वको प्रतिबद्धता तथा उच्च अपटाईम र चलाउनमा बढी आराम छन्।




१७ लाख ५० हजार रुपियाँ शुरूवाती मूल्य भएका यी मोडेलका गाडी लाइट ट्रकदेखि ११ टन बोक्ने क्षमता भएका छन् भने विस्तारै देश भरि नयाँ ३ क्यूमीदेखि ६.५ क्यूमिक्षमताभएका ट्रिपरहरूको बिक्री शुरूवातगर्ने योजना छ।

कार्यक्रममाबोल्दै टाटा मोटर्सका कमर्सियल गाडी तथा अन्तर्राष्ट्रिय व्यापारका प्रमुख रुद्ररूप मैत्रले भन्नुभयो-'नेपालमा कमर्सियल गाडीको नम्बर १ ब्रान्ड भएको हैसियतले ग्राहकलाई सधैं विश्वस्तरीय प्रोडक्ट तथा सेवा दिने हाम्रो प्रयास जारी रहने छ। हाम्रा मझौला तथा साना ट्रक बेजोड क्षमता, आरामदायी र सुरक्षित छन् भने विविधकाममा उपयोग हुने किसिममा विभिन्न लोड धान्ने किसिमका बडी लेन्थ भएका ट्रिपर छन्। नेपालको बाटो सुहाउदा यी ट्रक त्यही किसिमले डिजाइन गरिएका र परीक्षण गरिएका छन् भने ग्राहकहरूले सोचेको भन्दापनि बढी पावर, क्षमता र आम्दानीमूलक छन्।'

बिक्री शुभारम्भमा बोल्दै सिप्रदी ट्रेडिङ प्रालिका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठले भन्नुभयो- 'टाटा मोटर्ससँगको हाम्रो आबद्धता अगष्ट १९८२ देखि नै हो। त्यही बेलादेखि नै टाटा मोटर्सले नेपाली बजारमा आफ्नो स्थान विस्तारै अगाडि बढाइरहेको छ र हामी सिप्रदीले यी प्रोडक्टलाई उच्च गुणस्तर तथा बिक्रीपश्चात्को सेवा उपलब्ध गराई ग्राहकहरूको लगानीको प्रतिफल सुनिश्चित हुने गरी बिक्री वितरण गर्दै आईरहेका छौं।'

# कोका-कोला मो:मोत्सव प्रियंका

*काठमाडौं, (नेस)*

*कोका-कोला मो:मोत्सव एउटा वार्षिक अभियान हो। जसमा उपभोक्ताले चिसो कोका-कोलासँग स्वादिलो म:मको मज्जा लिन सक्छन्। यो कोका-कोला मो:मोत्सवको तेस्रो वर्ष हो। जुन उपत्यका लगायत नेपालभर रहेका मुख्य-मुख्य शहरका विभिन्न होटल तथा रेष्टुरेन्टमा सञ्चालन भइरहेको छ। नायिका प्रियांका कार्कीले काठमाडौंभित्रका विभिन्न आउटलेटहरूमा भ्रमण गरेर यो उत्सवमा नयाँ तरङ पैदा गर्दै आएकी छिन्। प्रियांका गत तीन वर्षदेखि यो उत्सवमा संलग्न छिन् ।*

*गत वर्षजस्तै यस वर्ष पनि प्रियांकाले उपत्यकामा रहेका विभिन्न आउटलेटमा गएर आफ्ना फयान र आउटलेट सञ्चालकसँग बसेर रमाइलो गरिरहेकी छिन्। प्रियांकालाई देखेर आउटलेट सञ्चालक तथा उनका फयानहरू निकै हर्षित देखिएका छन्। यो उत्सवलाई अझैं रमाईलो बनाउन प्रियांकाले आफना परिवार र साथीलाई पनि विभिन्न आउटलेटमा लगिन्। प्रियांका कार्कीले भनिन्-'कोका-कोला मो:मोत्सव निकै ठूलो उत्सव भइसकेको छ। जसले म:म र कोका-कोलाको एकसाथ मज्जा लिने अवसर जुराई दिएको छ। यस वर्ष म:मको निकै धेरै परिकारहरू आएका रहेछन्। छोइला म:म, तन्दुरी म:म जस्ता परिकार बनेका रहेछन्। यसअघि मैले कहिल्यै नखाएको पोट्याटो म:म र चिज म:म जस्ता म:मको परिकार चाख्ने मौका यो मो:मोत्सवले जुराएको छ। काठमाडौंको चिसोमा तातो स्टीम म:म खानुको मज्जा बेग्लै छ।'*

*मो:मत्सव काठमाडौं उपत्यका विभिन्न रेष्टुरेन्टलगायत पोखरा, चितवन, धरान, इटहरी र विराटनगरलगायत शहरका विभिन्न होटल तथा रेष्टुरेन्टमा सञ्चालन भइरहेको छ।*



# भ्यालेन्टाइनमा एनसेलको अफर

**नेपाल समाचारपत्र**

काठमाडौं

एनसेलका ग्राहकले भ्यालेन्टाइनको अवसरमा असीमित भ्वाइस प्याक र डेटा प्याकसहितको भ्यालेन्टाइन अफर ल्याएको छ।

असीमित भ्वाइस तथा डेटा प्याकको यो आकर्षक अफर माघ २५ गतेदेखि १५ दिनको लागि लागू हुने कम्पनीले जनाएको छ। यस अफरअन्तर्गत, एनसेलका सबै प्रिपेड तथा पोस्टपेड ग्राहकले करसहित मात्र १५ मा असीमित भ्वाइस प्याक लिई विहान ५ बजेदेखि बेलुका ५ बजेसम्म एनसेलको नेटवर्कभित्र कुनै पनि नम्बरमा असीमित कुराकानीको मजा लिन सक्नेछन्। ग्राहकले १७११४ डायल गरी प्राप्त जानकारीअनुसार भ्वाइस प्याक सुचारु गर्न सक्नेछन्।

त्यसैगरी एसएमएस मार्फत अंग्रेजीमा 'ए' टाइप गरी १७११४ मा एसएमएस पठाइ पनि यो प्याक सुचारु गर्न सकिन्छ। यो भ्वाइस प्याक सुचारु गरिएको समयबाट २४ घण्टाको लागि मान्य हुनेछ। ग्राहकले आफ्नो आवश्यकताअनुसार योजना अवधिभर हरेक दिन यो प्याक सुचारु गर्न सक्छन्।

प्याकको समयावधि सकिएपछि विद्यमान शुल्क लागु हुनेछ। साथै आफ्ना प्रियजनसँग भिडियो च्याट गर्न रुचाउने ग्राहकले यस अफरअन्तर्गत कर सहित मात्र २० रुपियाँमा एक घण्टाको लागि निरन्तर डेटा उपलब्ध गराउने असीमित डेटा प्याक लिई आफ्ना प्रियजनसँग निरन्तर भिडियो च्याटको मजा लिन सक्नेछन्। यो डेटा अफरको लाभ लिन ग्राहकले एस्टिक्स १७११४ ह्यास् डायल गरी विकल्प नम्बर २ छनोट गरी प्याक सुचारु गर्न सक्छन्।

ग्राहकले अंग्रेजीमा 'यु' टाइप गरी १७११४ मा एसएमएस पठाएर पनि यो प्याक सुचारु गर्न सक्छन्। निरन्तर इन्टरनेट सुनिश्चित गर्ने यो डेटा प्याक सुचारु भएको समयबाट १ घण्टाको लागि मान्य रहनेछ। ग्राहकले आफ्नो आवश्यकता अनुसार यो प्याक योजना अवधिभर जति पटक पनि लिन सक्छन्।

Ncell
an axiata company

# विवादमा रूमलिएको एन्फा चुनाव

फिरोज राजोपाध्याय, काठमाडौं

अखिल नेपाल फुटबल संघ (एन्फा) को केन्द्रीय समितिको आगामी चैत्र १४ गते साधारण सभामा हुने निर्वाचनको लागि एन्फासँग आवद्ध संघमा चुनावको सरगर्मी लागिरहेको छ। कतै चुनाव सम्पन्न भइसकेको छ भने कतै विवादले एन्फालाई समस्यामा पारिरहेको छ। साधारण सभामा एन्फाअन्तर्गत विभिन्न संघ गरी कुल ७७ संघबाट मतदान गर्न पाउनेछन्। यसमध्ये सबैभन्दा जिल्लाबाट ४५ फुटबल संघले मतदान गर्न पाउने प्रावधान रहेको छ। यसै गरी ए डिभिजनबाट १४ वटा क्लबले मतदान गर्नेछन्। जसमा तीन विभागीय टोली पनि रहेका छन्।

यसै गरी बी डिभिजनबाट ९ र सी डिभिजनबाट ५ क्लबले चुनावमा भाग लिन पाउनेछन्। यस्तै रेफ्री, प्रशिक्षक, खेलाडी र महिला फुटबल संघबाट एक-एक मत दिने पाउने प्रावधान छ। प्रमुख मतदाता भनेको जिल्ला फुटबल संघ नै हो। जसले जिल्ला फुटबल संघलाई खुसी पार्न सकियो उही नै एन्फा अध्यक्ष पदमा जित्ने धेरै सम्भावना हुन्छ। तर जिल्ला फुटबल संघको चुनाव पनि विवादमै अल्झेको छ। ४५ जिल्ला फुटबल संघमध्ये तीन जिल्लामा विवाद रहेको छ। यी तीन जिल्ला हुन् नवलपरासी, मकवानपुर र भक्तपुर। त्यसो त मकवानपुर फुटबल संघमा माघ ५ गते चुनाव सम्पन्न गरिएको थियो। पहिले स्थगित गरिएको चुनाव एकाएक भएको थियो। यो चुनावलाई एन्फाले मान्यता नदिँदा त्यहाँ विवादले स्थान पाएको छ। एन्फाको दाबी के भने सो चुनाव एन्फाको रोहबरमा नभएको भन्दै चुनाव भएको भोलिपल्ट नै एक विज्ञप्ति जारी गरेर चुनावलाई मान्यता नदिएको हो। यसले चुनाव भइसकेको स्थितिमा पनि चुनाव फेरि गर्नुपर्ने स्थिति निकालेको छ।

उता भक्तपुर जिल्ला फुटबल संघ र नवलपरासी जिल्ला फुटबल संघको मुद्दा अदालतमा चलिरहेको हुँदा यसबारे केही भन्न नसकिने एन्फाका प्रवक्ता सञ्जीव मिश्रले बताए। सबै जिल्लामा माघ ५ गतेभित्र चुनाव सकाउनुपर्ने थियो। भक्तपुर जिल्ला फुटबल संघको चुनाव हुन लाग्दा केही सहभागी नगराएका क्लबले भक्तपुर जिल्ला अदालतमा रिट दायर गरेपछि त्यहाँको चुनावमा प्रत्यक्ष असर परेको छ। यदि चुनाव हुन नसके के प्रावधान रहन्छ? भनेर नेपाल समाचारपत्रले सोध्दा मिश्रले बताए- 'यदि चुनाव हुन नसकेमा संस्थाले छलफल गरेर मात्र निर्णय लिनेछ। चुनावमा भाग लिन पाउने हो कि होइन भनेर।'

### दुई प्रत्यासी मैदानमा

चुनाव नजिकिँदै जाँदा अहिलेसम्म अहिलेसम्म दुई प्रत्यासीले मात्रै एन्फा अध्यक्ष पदमा उम्मेदवारी दिएका छन्। एक पूर्वराष्ट्रिय फुटबलर तथा प्रशिक्षक कृष्ण थापा र अर्को एन्फाका पूर्व सीईओ इन्द्रमान तुलाधरले उम्मेद्वारी घोषणा गरेका छन्। संस्थागत पक्षबाट भने चुनावका लागि को उठाउने भन्नेमै छलफल गरिरहेको छ। हालका एन्फा अध्यक्ष नरेन्द्र श्रेष्ठले चुनाव नलड्ने वा लड्ने भन्ने द्विविधामा छन्। यदि उनी नउठेमा पनि संस्थागत पक्षबाट मणि कुँवर उठ्ने भने पक्का छ। कुँवर हाल एन्फा उपाध्यक्ष पदमा छन्।

यसै गरी गत चुनावमा एन्फा अध्यक्ष पदमा पराजित भएका कर्मा छिरिङ शेर्पाले पनि चुनाव लड्न छलफल गरिरहेको बताए। उनले नेपाल समाचारपत्रलाई भने- 'चुनाव लड्न अहिले नै तय भइसकेको छैन। केही दिनमा छलफल गरेर मात्रै चुनाव लड्ने घोषणा गर्नेछु। यसमा विचार धेरै गर्नुपर्ने भएको छ।'

### रेफ्री चुनाव पनि विवादमा

अखिल नेपाल खेलाडी संघको चुनाव स्थगित भएपछि रेफ्री समितिको निर्वाचनलाई पनि विवादले घेरिएको छ। बुद्धिबहादुर गुरुङको अध्यक्षतामा मंगलबार रेफ्री समितिको निर्वाचन भएको थियो। तर बुधबार पाटन पुनरावेदनमा रिट परेपछि रेफ्रीको चुनाव पनि अन्योलमा परेको छ। पाटन उच्च अदालतले निर्वाचित पदाधिकारीहरूलाई सपथ नगराउन र पद बहाली नगराउन हिजो एन्फाको नाममा अन्तरिम आदेश जारी गऱ्यो। एन्फालाई विपक्षी बनाएर रेफ्री संघका अध्यक्ष सुरेन्द्र सिखाकार, किरण गिरी र प्रदेश अमात्यले रिट दायर गरेका हुन्।

## धरहरा

### यस्तो त हैन ?



मुलुकको राजनीतिक कोर्स बदलिने क्रममा अनेक अनेक घटनाक्रम देखिन्छन्, सुनिन्छन्। त्यस्तै भइरहेको छ अहिले। मुलुकका नेता मात्रै होइन, छिमेकी दूतहरू पनि खुबै सलबलाउन थाल्याछन्। यताबाट निम्तो नपठाई उतैबाट पाहुना लाग्न थाल्या छन्। आफू अनुकूलकाहरूसँग निकट सम्बन्ध गाँसिरहेका छन्।

छिमेकी दूतसँगको भेटघाटपछि शीतल निवासका सर्वोच्च नेताको शैली पनि केही बद्लिएको धरहराले महसुस गरेको छ। अब त हुँदा-हुँदा दल एकीकरणका लागि सर्वोच्च नेताले आफ्नो निवासमा लन्च र डिनरसहितको जमघट गराउन थालेको देखिने गरेको छ। राष्ट्राध्यक्ष निवास पार्टी मुख्यालय जस्तै बन्न थालेको देख्दा धरहरा छक्क पर्न थाल्या छ।

पार्टी एकताको मन्त्र छिमेकी दूतले शीतल निवासमा छोडेर पो त्यस्तो हुन थाल्या हो कि ? यदि त्यस्तो हैन भने त मुलुकका राष्ट्राध्यक्षले किन एकताका नाममा लन्च र डिनर सहितको जमघट गऱ्या होला ? आफ्नो पदीय मर्यादा त सर्वोच्च नेतालाई ख्याल हुनुपर्ने हो। कहीं कतै झुक्किए पनि विज्ञ र सल्लाहकारहरूले सुझाउनुपर्ने हो। यसरी बद्लिएको शैली कतै शीतल निवासको बसाइँ थप ४/५ वर्ष लम्ब्याउने चाल त हैन ? धरहराले बुझ्न सक्या छैन।



आईसीसी विश्व क्रिकेट लिग च्याम्पियनसिपअन्तर्गत डिभिजन-२ का लागि तयारी गर्दै नेपाली खेलाडीहरू। नेपालले प्रतियोगिताअन्तर्गत पहिलो खेलमा आज आयोजक राष्ट्र नामिबियासँग खेल्दैछ। तस्वीरः क्यान

# टेनिसमा नेपालको चुनौती समाप्त

नेपाल समाचारपत्र

काठमाडौं

बुधबारको खेलमा हार बेहोरेपछि नेपाली खेलाडीको चुनौती जारी नेपाल आईटीएफ जुनियर यु-१८ टेनिस प्रतियोगिताको सर्किट-१ मा समाप्त भएको छ।

सातदोबाटोको टेनिस कोर्टमा भएको पुरुष सिंगल्सको अन्तिम १६ खेलमा प्रणव खनाल सहजै पराजित भएर बाहिरिएका हुन्। उनलाई भारतका जैशविन सिडानाले ६-३, ६-० ले हराएका थिए। प्रणव प्रतियोगिताको प्रिक्वाटरफाइनल पुग्ने एक मात्र पुरुष खेलाडी हुन्। त्यस्तै महिला सिंगल्स अन्तिम १६ को खेलमा माहिका राणा पनि प्रतिद्वन्द्वी यिमिङ दाङसाग हार्न विवश भइन्। उनी सजिलोसँगै चिनीयाँ खेलाडीसँग ६-०, ६-२ ले पराजित भएकी थिइन्। यसै गरी इरा रावत पनि निराश भइन्। उनी हङकङकी चुई केइ लिउङसँग ६-३, ६-० ले हारेकी थिइन्।

यस्तै भारतकी श्रीनिधि श्रीधरसँग एनी माथेमाले कडा प्रतिस्पर्धा गरेकी थिइन्। पहिलो सेटमा ७-६ ले गुमाउनु नै उनको हारको कारण बनेको थियो। दोस्रो सेटमा उनी भारतीय खेलाडीलाई ६-३ ले नतिजा सुम्पेर अन्तिम १६ बाट बाहिरिएकी थिइन्।

यसै गरी महिला डबल्स क्वाटरफाइनलमा पनि राणा दिदीबहिनी मायांका र माहिकाको हार भयो। उनीहरूलाई भारतका अस्प्रित कौर वाज्वा र पुन्यातोया मोहापात्रको जोडीले ६-३, ६-३ ले पन्छाएको थियो। यस्तै नेपालकी प्रेरणा कोइरालाले अमेरिकाकी रुतुजासँग मिलेर खेले पनि हार बेहोरिन्। उनको जोडीलाई हङकङकी लिउङ र भारतकी सान्या सिंहको जोडीले ६-३, ६-२ ले निरास पारेको थियो। अर्को खेलमा भारतका स्मृति र रुदया शाहको जोडीले नेपालकी प्रकृति श्रेष्ठ र भारतकी श्रीनिधिको जोडीलाई ६-४, ६-३ ले हराएको थियो।




नेपाली खेलाडी इरा रावत प्रतियोगितामा प्रतिस्पर्धा गर्दै। तस्वीर : नेस

## निम्स सेमिफाइनलमा

*काठमाडौं, (नेस)*

*दोहोरो जित हात पार्दै आयोजक नितेन मेमोरियल स्कुल (निम्स) सातौं जितेन ठकुरी स्मृति अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको ब्वाइजमा बुधबार सेमिफाइनलमा प्रवेश गरेको छ। समूह 'ए' को लिग खेलमा डिफेन्डिङ च्याम्पियन निम्सले लभ्ली एन्जललाई ४०-३२ तथा मोनास्टिकलाई ४९-४५ ले पराजित गर्दै समूह विजेता बन्यो।*

*ब्वाइजकै अर्को लिगमा रेडिअन्तले द चाादबाग स्कुललाई ३६-३० ले हराउँदै लगातार दोस्रो जित हात पाऱ्यो। गर्ल्समा सिद्धार्थ वनस्थलीले मोनास्टिकलाई २५-२०, श्रीदिवाले एपेक्स लाइफलाई २५-२०, डिफेन्डिङ च्याम्पियन निम्सले लभ्ली एन्जललाई २८-२५ र चाँदबागले स्किब्सलाई ३०-२६ ले पन्छाए।*

## अर्किड क्वाटरफाइनलमा

*काठमाडौं, (नेस)*

*आयोजक अर्किड तस्रो अर्किड कप अन्तरविद्यालय छात्र सेभेन-ए साइड फुटबल प्रतियोगितामा बुधबार क्वाटरफाइनलमा प्रवेश गरेका छ।*




*अर्किडले गेट्वे एकेडेमीलाई टाइब्रेकरमा ४-२ गोलले पराजित गऱ्यो। निर्धारित ५० मिनेटको खेल गोलरहित बराबरीमा सकिएपछि खेलको निर्णय सीधै पेनाल्टी सुटआउटबाट गरिएको थियो। अर्किडका योगेश विष्ट, दीपेश बुढाथोकी, प्रमिश रसाइली र आकाश चौधरीले गोल गरे। गेट्वेका शरद पोखरेल 'म्यान अफ द म्याच' चुनिए।*

*त्यस्तै मानाङ्क, एम्स, रत्न शिक्षा सदन र हाइली क्रिएटिभ अन्तिम १६ मा पुगे। मानाङ्कले कस्मिकलाई १-० गोलले हराउँदा विम तितुङले निर्णायक गोल गरे। एम्सले मोनास्टिकबाट वाक ओभर पायो। रत्न शिक्षा सदनले प्रीतिमालाई टाइब्रेकरमा ३-२ ले पाखा लगायो। हाइली क्रिएटिभले बाल संसारमाथि २-१ को जित निकाल्यो। हाइलीका मनीष पौडेल र अस्विन खड्काले गोल गरे। बाल संसारका निमा शेर्पाले १ गोल फर्काए।*

## हिमरश्मी अन्तिम आठमा

*काठमाडौं, (नेस)*

*हिमरश्मी दोस्रो नेफ-साइपाल यु-१६ फाइभ-ए साइड उपत्यकाव्यापी छात्र फुटबल प्रतियोगितामा बुधबार क्वाटरफाइनलमा प्रवेश गरेको छ। हिमरश्मीले हिमालयन भ्यालीलाई ४-१ गोलले पराजित गऱ्यो। त्यस्तै माउन्ट ग्लोरी 'ए' ले पारामाउन्ट एकेडेमीलाई ८-५, दीपज्योतिले त्रिवेणीलाई ३-२, नेसनल युनाइटेडले मिनारलाई ४-३ र विज्ञानले सारदालाई ८-० गोलले हराउँदै क्वाटरफाइनलमा स्थान पक्का गरे। उत्तर भेगीय शैक्षिक मञ्च (नेफ) र साइपाल एकेडेमीको संयुक्त आयोजनामा भइरहेको प्रतियोगितामा नेपालय, पिस प्वाइन्ट र नेबरहुड यसअघि नै क्वाटरफाइनलमा पुगिसकेका छन्।*

## बर्दियामा खो-खो कभर्डहल

काठमाडौं, (नेस)

बर्दियाको ठाकुरबाबा नगरपालिका-२ स्थित रानीपुरमा रहेको ५ कठ्ठा जग्गा हातामा खो-खो कभर्ड हलको बुधबार शिलान्यास भएको छ। निर्माण सम्पन्न गर्न करिब १ कराडे खर्च लाग्ने राखेपका प्रेस सल्लाहकार रोहित दाहालले जनाएका छन्। बर्दियामा मात्र खो-खोका ७ राष्ट्रिय खेलाडी छन्।

## मेसीद्वारा १० करोडको प्रस्ताव अस्वीकार




मेड्रिड, (एजेन्सी)

लियोनल मेसीले गत सिजनमा सबैभन्दा बढी कमाउने खेलाडी बन्ने मौकालाई अस्वीकार गरेका छन्। उनलाई चाइनिज सुपर लिगले बार्सिलोनाबाट सम्झौता गर्न १० करोड युरो दिने प्रस्ताव राखेको थियो। मुन्डो डिपोर्टिभोका अनुसार अर्जेन्टिनीको हरेक साताको पारिश्रमिक १७ लाख पाउन्ड हुने थियो। तर मेसीले स्पेनीस क्लब बार्सिलोनामै बस्न रुचाए र नउ क्याम्पमा २०२१ नोभेम्बरसम्मको लागि नयाँ सम्झौता गरेका छन्।

## साञ्चेजले पनि कर छले

लन्डन, (एजेन्सी)

हालै मात्र म्यानचेस्टर युनाइटेडमा मोटो रकममा आर्सेनलबाट ट्रान्सफर भएका एलेक्सिस सान्चेजलाई कर छलेको आरोपमा १६ महिनाको जेल सजाय लगाइएको छ। बार्सिलोनामा हुँदा सान्चेजले सन् २०१२ र २०१३ मा कर नतिरेको रकम १० लाख युरो रहेको स्पेनी सञ्चारमाध्यमले जनाएका छन्। सान्चेज गत महिना युनाइटेडमा आबद्ध हुँदा प्रिमियर लिगमा सबैभन्दा बढी रकम लिने खेलाडी भएको दाबी गरिएको थियो।

स्पेनमा २ वर्षभन्दा कमको अवधि सजाय पाउनले जेल जानु नपर्ने कानुन रहेको छ। यसैले उनी जेल जानबाट बचेका छन्। उनी कर छलेकोमा पहिलो खेलाडी भने होइनन्। यसअघि बार्सिलोनाका लियोनल मेसी र रियल मेड्रिडका क्रिस्टियानो रोनाल्डोलाई पनि कर छलेकोमा सजाय दिइसकेको छ।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ